# राष्ट्रिय चलचित्र नीति, २०७०

## मस्यौदा प्रतिवेदन

प्रतिवेदक

राष्ट्रिय चलचित्र नीति मस्यौदा समिति
चाबहिल, काठमाडौं

# राष्ट्रिय चलचित्र नीति मस्यौदा समिति

सरस्वतीनगर, चाबहिल, काठमाडौं

संयोजक
यादव खरेल

सदस्य
धर्मेन्द्र गोरखैता
(अध्यक्ष, चलचित्र विकास बोर्ड)

सदस्य
प्रतिनिधि, नेपाल
चलचित्र निर्माता
सङ्घ

सदस्य
प्रतिनिधि, नेपाल
चलचित्र सङ्घ

सदस्य
प्रतिनिधि, नेपाल
चलचित्र निर्देशक
समाज

सदस्य
प्रतिनिधि, नेपाल
चलचित्र कलाकार
सङ्घ

...पछी आमन्त्रित सदस्य
प्रतिनिधि, आदिवासी
जनजाति चलचित्र
महासङ्घ

...पछी आमन्त्रित सदस्य
प्रतिनिधि,
नेपाल इन्डिपेन्डेन्ट
फिल्ममेकर्स सोसाईटी

सदस्य-सचिव
शैलजा रेग्मी
(...निर्देशक, श्रव्य दृष्य तथा
...शाखा, सूचना तथा
सञ्चार मन्त्रालय)

सहयोगी कर्मचारी
अनुपम निरौला
(...अफिसर, चलचित्र
विकास बोर्ड)

प.सं. ०७०/०७१ मिति: २०७०।०६।२२
च.नं. ८

विषय :- राष्ट्रिय चलचित्र नीति-२०७० मस्यौदा प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

माननीय मन्त्रीज्यू,
सूचना तथा सञ्चार मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

महोदय,

राष्ट्रिय चलचित्र नीतिको मस्यौदा तयार गर्ने जस्तो महत्वपूर्ण कार्यको जिम्मेवारी दिनु भएकोमा समितिका तर्फवाट कृतज्ञता ज्ञापन गर्दै सर्वसम्मत निर्णयवाट तयार गरिएको राष्ट्रिय चलचित्र नीति-२०७० को मस्यौदा समितिको तर्फवाट प्रस्तुत गरेको छु । उक्त नीति बारे आवश्यकता अनुसार सरोकारवाला संघ संस्थाहरुसँग थप राय सुल्लाह लिनु उचित हुनेछ । नेपाली चलचित्र उद्योगको विकास र विस्तरलाई समग्रमा दीर्घकालिन रूपमा प्रभावित गर्ने "राष्ट्रिय चलचित्र नीति" निर्माणले मूर्त रूप लिन सकोस् भन्ने कामना गर्दछु ।

धन्यवाद!

भवदिय
यादव खरेल
संयोजक, राष्ट्रिय चलचित्र नीति मस्यौदा समिति

सम्पर्क कार्यालय : चलचित्र विकास बोर्ड, सरस्वतीनगर, चाबहिल, काठमाडौं-७, नेपाल, फोन नं.: ४८१२३६०, फ्याक्स नं.: ४८१२३६०,

# अध्ययन परिचय

राष्ट्रिय चलचित्र नीतिको मस्यौदाका साथै सो नीतिको कार्यान्वयन गर्दा अपनाउनु पर्ने प्रक्रिया एवम् मापदण्डसमेत तर्जुमा गरी सिफारिससाथ पेस गर्ने प्रयोजनका लागि मिति २०७० वैशाख २३ गतेको नेपाल सरकार (मा.मन्त्रीस्तर)को निर्णयले यादव खरेलको नेतृत्वमा राष्ट्रिय चलचित्र नीति मस्यौदा समिति गठन भएको थियो । उक्त समितिमा निम्न बमोजिमका सदस्यहरुको व्यवस्था भएको थियो :

| | |
|---|---|
| १. वरिष्ठ चलचित्रकर्मी श्री यादव खरेल, काठमाडौँ | संयोजक |
| २. अध्यक्ष, चलचित्र विकास बोर्ड | सदस्य |
| ३. प्रतिनिधि, नेपाल चलचित्र निर्माता सङ्घ | सदस्य |
| ४. प्रतिनिधि, नेपाल चलचित्र निर्देशक समाज | सदस्य |
| ५. प्रतिनिधि, नेपाल चलचित्र सङ्घ | सदस्य |
| ६. प्रतिनिधि, नेपाल चलचित्र कलाकार सङ्घ | सदस्य |
| ७. उपसचिव,श्रव्य-दृश्य तथा प्रशारण शाखा, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य सचिव |

मिति २०७० श्रावण ९ गतेको मा. मन्त्रीस्तरीय निर्णयअनुसार नेपाल इन्डिपेन्डेन्ट फिल्म मेकर्स सोसाइटीको प्रतिनिधिलाई यस समितिमा स्थायी आमन्त्रित सदस्यका रुपमा थप गरियो भने मिति २०७० श्रावण १७ गतेको निर्णयअनुसार यस समितिमा स्थायी आमन्त्रित सदस्यका रुपमा भाग लिने गरी आदिवासी जनजाति चलचित्र महासङ्घको प्रतिनिधिलाई पनि समावेश गरियो । यसरी उक्त नौ सदस्यीय समितिले सुरुमा दिइएको दुई महिना समयावधिमा कार्य सम्पादन गरी प्रतिवेदन बुझाउन नभ्याएपछि २०७० आषाढ २६ को मा. मन्त्रीस्रतरीय निर्णयबाट २०७० आश्विन मसान्तसम्मका लागि समय थपी यो प्रतिवेदन तयार पारिएको हो ।

## १. राष्ट्रिय चलचित्र नीति मस्यौदा समिति :

| | |
|---|---|
| यादव खरेल | संयोजक |
| धर्मेन्द्रकुमार मोरवैता | सदस्य |
| केशव भट्टराई | सदस्य |

| | |
|---|---|
| राजु के.सी. | सदस्य |
| प्रदीप उदय | सदस्य |
| रामकेशर बोगटी | सदस्य |
| पूनाराज जोशी | स्थायी आमन्त्रित सदस्य |
| गोविन्द नेपाल | स्थायी आमन्त्रित सदस्य |
| शैलजा रेग्मी भट्टराई | सदस्य सचिव |

उक्त मस्यौदा समितिका कामकारबाहीलाई सरलीकरण एवम् विज्ञताको प्रयोग गरी स्तरीय प्रतिवेदन तर्जुमा गर्न भाषा, साहित्य, कला, संस्कृतिका बारेमा तथा उद्योग, वाणिज्य, कर, राजस्वलगायत पर्यटन र वैदेशिक लगानीसमेतमा प्रतिवेदन पेस गर्न लगाउने प्रयोजनका कार्यक्षेत्र तोकी भाषा, संस्कृति, कला, साहित्यका क्षेत्रतर्फ श्री अमरराज गिरी (संस्कृतिकर्मी) र उद्योग, वाणिज्य, कर, राजस्वलगायत पर्यटन र वैदेशिक लगानीतर्फ श्री विकास चुडाल (अर्थशास्त्री) लाई विशेषज्ञ सल्लाहकारका रुपमा नियुक्त गरियो ।

## २. मस्यौदा समितिको कार्यक्षेत्र

नेपालमा चलचित्रसम्बन्धी बजारको विकास एवम् विस्तार भएको धेरै वर्ष भइसकेको भए तापनि चलचित्रसम्बन्धी छुट्टै राष्ट्रिय नीति नबनिसकेका कारणले चलचित्र क्षेत्रले थुप्रै समस्याहरु भोग्नु परेको हुँदा चलचित्रका विभिन्न विधाहरु समेट्ने गरी राष्ट्रिय चलचित्र नीतिको मस्यौदाका साथै सो नीतिको कार्यान्वयन गर्दा अपनाउनु पर्ने प्रक्रिया एवम् मापदण्डसमेत तर्जुमा गरी श्री सूचना तथा सञ्चार मन्त्रालयसमक्ष सिफारिससाथ पेस गर्ने ।

## ३. अध्ययनको विधि र प्रक्रिया

१. नेपाल सरकार, मन्त्रालय, चलचित्र विकास बोर्ड, इन्टरनेट, पुस्तक, संविधान, ऐन, नीति, अध्ययन प्रतिवेदन, कार्यपत्र आदिबाट सन्दर्भ सामग्रीहरुको सङ्कलन र अध्ययन

२. इन्टरनेट आदिबाट विदेशी चलचित्रका नीतिसम्बन्धी सामग्रीहरुको सङ्कलन र अध्ययन

३. चलचित्रसँग सम्बन्धित पेसागत सङ्घ-संस्थाहरुसँग पत्राचार गरी लिखित सुझाव सङ्कलन

४. चलचित्रसँग सम्बन्धित राजनीतिक सङ्घ-संस्थाहरुसँग पत्राचार गरी लिखित सुझाव सङ्कलन

५. विधागत विषयविज्ञ तथा विशेषज्ञ सल्लाहकारहरुसँगको अनेक चरणमा छलफल

६. पेसागत तथा चलचित्रसँग सम्बन्धित राजनीतिक सङ्घ-संस्थाबाट प्राप्त लिखित सुझावहरुलाई शीर्षकअनुसारको वर्गीकरण गरी सोको विश्लेषण र समायोजन

७. चलचित्र नीतिसम्बन्धमा यसअघि गरिएका अध्ययन प्रतिवेदनको अध्ययन

८. बोर्डका पूर्व अध्यक्षहरु, नेपाल पर्यटन बोर्ड, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय आदिसँग छलफल

## ५. अध्ययनको सीमा

१. चलचित्रसम्बन्धी आधिकारिक तथ्याङ्कहरु नभएकाले कतिपय सन्दर्भमा व्यक्तिगत अनुभव, आम बुझाइ र दृष्टिकोणलाई पनि समावेश गर्नु परेको ।

२. प्रतिवेदन तयार परिसकेपछि पुनः सरोकारवालाहरुमाझ बृहत् छलफलमा लैजानु पर्नेमा समयाभावका कारण सबै सरोकारवालाहरुसँग सो कार्य गर्न नसकिएको ।

३. सरोकारवाला सरकारी मन्त्रालय, विभाग आदिमा जुन मात्रामा छलफल र परामर्श गरिनु पर्थ्यो, समयाभावका कारण नेपाल पर्यटन बोर्ड, चलचित्र विकास बोर्ड, उक्त बोर्डका पूर्वअध्यक्षहरु र नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयसँग मात्रै छलफल गर्न सकिएको ।

# राष्ट्रिय चलचित्र नीति, २०७०

## मस्यौदा प्रतिवेदन

प्रतिवेदक

राष्ट्रिय चलचित्र नीति मस्यौदा समिति

चाबहिल, काठमाडौं

# विषय सूची

## राष्ट्रिय चलचित्र नीति, २०७०

### परिच्छेद - १


| | | |
|---|---|---|
| क. | विषय प्रवेश | १ |
| ख. | चलचित्रको परिचय | २ |
| ग. | चलचित्रको सङ्क्षिप्त विकासक्रम | ४ |
| | ग.१. चलचित्रको जन्म र विकास | ४ |
| | ग.२. नेपालमा चलचित्र : आरम्भ र विकास | ५ |


### परिच्छेद - २: राष्ट्रिय चलचित्र नीति


| | | |
|---|---|---|
| अ. | प्रस्तावना | १० |
| आ. | राष्ट्रिय चलचित्र नीतिको लक्ष्य | १० |
| इ. | राष्ट्रिय चलचित्र नीतिका निर्देशक सिद्धान्त | १० |
| ई. | राष्ट्रिय चलचित्र नीतिका उद्देश्यहरू | ११ |
| १. | चलचित्रको परिभाषा | १४ |
| २. | चलचित्रलाई हेर्ने राज्यको दृष्टिकोण | १४ |
| ३. | भाषा, साहित्य, कला, संस्कृति, शिक्षा र चलचित्रबीचको सम्बन्ध | १९ |
| ४. | चलचित्र : औद्योगिक नीति | २२ |
| ५. | चलचित्र : वाणिज्य नीति | २८ |
| ६. | चलचित्र निर्माण क्षेत्रको सबलीकरण | ३२ |
| ७. | आदिवासी/जनजाति मातृभाषी चलचित्र | ३७ |
| ८. | लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्रको संरक्षण तथा प्रवर्द्धन | ३९ |
| ९. | चलचित्र पर्यटन | ४१ |

१०. शिक्षा/तालिम : जनशक्तिको विकास ४६
११. चलचित्र सङ्ग्रहालय तथा पुस्तकालय ४९
१२. चलचित्र प्रदर्शन तथा वितरण ५१
१३. अन्तर्राष्ट्रिय सम्बन्ध तथा बजार विस्तार ५४
१४. चलचित्र : बौद्धिक सम्पत्तिको संरक्षण ५६
१५. विज्ञापन चलचित्र ५९
१६. पेसागत सुरक्षा तथा प्रतिष्ठा अभिवृद्धि ६०
१७. चलचित्र पत्रकारिता, समीक्षा र फिल्म सोसाइटी तथा क्लबहरू ६३
१८. चलचित्र महोत्सव ६६
१९. चलचित्रकर्मीहरूको पेसागत आचारसंहिता ६८
२०. चलचित्र विकास बोर्ड ६९
२१. चलचित्र जाँच समिति ७४
२२. नीति कार्यान्वयनका लागि संस्थागत विकास ७६
२३. नीति कार्यान्वयनका लागि कानुनी व्यवस्था ७७
२४. नीति कार्यान्वयनका लागि अनुगमन र पुनरावलोकन ७७

सन्दर्भ

क. पाठ्य सामग्रीहरु ७८
ख. संस्थागत सुझावहरु ८१
ख. व्यक्तित्वहरु ८३

# परिच्छेद - १

# राष्ट्रिय चलचित्र नीति, २०७०

## क. विषय प्रवेश

चलचित्र सिर्जनशील सांस्कृतिक उत्पादन हो । यस्तो विशिष्ट उत्पादन भएकाले राष्ट्रिय उद्योगका रूपमा यसको खास महत्त्व छ । रोजगारी सिर्जना गर्ने, विदेशी मुद्रा आर्जन गरी राष्ट्रिय आय बढाउने, पर्यटन उद्योगलाई बढावा दिने, राष्ट्रिय पहिचानलाई स्थापित गर्ने, राष्ट्रिय भावनाको अभिवृद्धि गरी देशलाई एकताको सूत्रमा बाँध्ने तथा निर्यातमुखी उद्योगका रूपमा राष्ट्रहितको कार्य गर्ने भएकाले यो राज्यले प्राथमिकता क्रममा राख्नुपर्ने सिर्जनशील सांस्कृतिक उद्योग हो । यसको क्षेत्र लघु आकारका चलचित्रदेखि विज्ञापन, शैक्षिक श्रव्य-दृश्य सामग्री, टेलिभिजन आदि हुँदै वृत्तचित्र र कथानक चलचित्रसम्म फैलिएको छ । सिर्जनात्मक कार्य गर्ने सर्जक तथा लक्षित समूहका रूपमा रहने आम दर्शकदेखि लिएर उद्योगी, व्यावसायी, विद्यार्थी, कलाकार, सङ्गीतकार, लेखक, पत्रकार, सामाजिक कार्यकर्ता, प्राविधिक, प्रदर्शक, वितरक आदि अनेक क्षेत्रका व्यक्तिहरू यस क्षेत्रसँग गाँसिएका छन् ।

नेपालमा कथानक चलचित्र निर्माणको इतिहास करिब आधा शताब्दी लामो छ । प्रदर्शनको इतिहास आठ दशकभन्दा लामो छ भने चलचित्र भवनहरू निर्माण हुन थालेको पनि छ दशक कटिसक्यो । यस अवधिमा नेपाली चलचित्र जुन रूपमा विकसित हुन सक्नुपर्थ्यो, त्यो अझै हुन सकेको छैन । यस क्षेत्रको अपेक्षित विकास हुन नसक्नुका कारणहरू अनेक छन् जसमध्ये राज्यले चलचित्रलाई हेर्दै आएको दृष्टिकोण एउटा मुख्य कारण हो ।

चलचित्रसम्बन्धी राष्ट्रिय नीतिको निर्माण गर्ने काम परिवर्तित सन्दर्भसँग पनि गहिरो गरी जोडिएको छ। २०६२-०६३ सालको ऐतिहासिक परिवर्तनको परिणामस्वरूप प्राप्त उपलब्धिहरूले चलचित्रसम्बन्धी विद्यमान नीतिमा परिवर्तनको आवश्यकतालाई औंल्याउँछन् । नेपालको अन्तरिम संविधान २०६३ मा नेपाललाई 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त' राष्ट्रका रूपमा परिभाषित गरिएको छ। 'नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा' मानिएको छ भने नेपाललाई 'धर्मनिरपेक्ष राष्ट्र'का रूपमा स्वीकार गरिएको छ। नेपाल 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य'मा बदलिएको छ। यी सबै परिवर्तनहरू युगान्तकारी रहेका छन् जसले चलचित्रको नीति निर्माणलाई नजिकबाट प्रभावित गर्दछन् ।

अन्तरिम संविधानको 'राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरू'मा राज्यको दायित्वअन्तर्गत 'वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएको क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत, एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने' भनिएको छ। यसैगरी 'राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुसरण गर्ने' कुरा पनि उल्लेख गरिएको छ। राज्यका निर्देशक सिद्धान्तहरूअन्तर्गत 'सबै किसिमका आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जातजाति, धर्म, भाषा, वर्ग, समुदाय र सम्प्रदायका बीच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ' भन्ने उल्लेख गर्दै राज्यका नीतिहरूअन्तर्गत 'विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाभाषीहरूका बीच समानता एवम् सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्वारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ' भनिएको छ। यसैअन्तर्गत 'राष्ट्रिय विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा वैदेशिक पुँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ' पनि भनिएको छ। स्वतन्त्रता, समानता, सामाजिक न्यायसहितको एक सबल र समृद्ध राष्ट्रको निर्माण अन्तरिम संविधानको मुख्य मर्म रहेको देखिन्छ। यी सबै कुराले चलचित्रसम्बन्धी नयाँ नीति निर्माणमा गम्भीर अर्थ र महत्त्व राख्छन्।

राज्यको दायित्व, उद्देश्य र प्रतिबद्धतालाई पूरा गर्न राज्यको चलचित्रसम्बन्धी उपयुक्त नीति हुनु आवश्यक छ। बदलिएको परिस्थितिमा नयाँ चलचित्र नीति निर्माण गरेर मात्रै राष्ट्रिय चलचित्र उद्योगलाई सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा विकास गर्न सकिन्छ।

## ख. चलचित्रको परिचय

बृहत् नेपाली शब्दकोषमा चलचित्र शब्दको अर्थ 'बिजुलीका सहायताबाट रजतपटमा देखाइने चल्ने फिर्ने कथानक नाट्यचित्र' भनिएको छ। अङ्ग्रेजीमा यसका निम्ति 'मोसन पिक्चर', 'फिचर फिल्म', 'मुभी', 'सिनेमा' जस्ता शब्दहरू प्रयोग गरिएका छन्। 'मोसन पिक्चर' को

शाब्दिक अर्थ गतिशील चित्र हो। फिल्म शब्दको अर्थ फोटो खिच्ने रिल र चलचित्र दुवै हुन्छ। ल्याटिन भाषामा 'फिचर'को अर्थ पूर्ण लम्बाइको भन्ने हुन्छ। 'मुभी' शब्दको अर्थ पनि गतिशील चित्रहरूको शृङ्खला भन्ने हुन्छ। 'सिनेमा' ले पनि गतिशील चित्रहरूलाई बुझाउँछ। माथिका अर्थबाट चलचित्र गतिशील चित्रहरूको शृङ्खला हो भन्ने बुझिन्छ, जसको एक निश्चित लम्बाइ हुन्छ। कथानकसहितको एक निश्चित लम्बाइको गतिशील चित्रहरूको शृङ्खलालाई कतिपयले चलचित्रका रूपमा अर्थ्याए पनि चलचित्रले कथानक चलचित्रहरूलाई मात्र जनाउँदैन। चलायमान चित्रका सबै रूपहरू चलचित्रभित्रै समेटिन्छन्। ती कथायुक्त वा मुक्त दुवै हुन सक्छन्।

चलचित्रकला प्रविधिक विकाससँग अत्यन्त गहिरो गरी जोडिएको छ। क्यामरा, प्रोजेक्टर, रिल, प्रकाश, ध्वनि आदि सबै प्रविधिसँग सम्बन्धित विषयहरू हुन्। प्रविधिविना चलचित्रको निर्माण असम्भव हुने र चलचित्रको स्तरीयता तथा प्रभावकारितामा प्रविधि तथा यसको कुशल प्रयोगले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले कतिपयले प्रविधिलाई सबैभन्दा बढी महत्त्व दिने दृष्टिकोण अङ्गालेको पनि पाइन्छ। प्रविधिको महत्त्वपूर्ण भूमिका रहने भए पनि चलचित्र प्रभावशाली कला र सांस्कृतिक उत्पादन हो। यसमा चित्रकला, मूर्तिकला, नृत्यकला, सङ्गीत कला, नाट्यकला आदिको मात्र योग रहन्न, लेखन, निर्देशन, फोटोग्राफी, भेषभूषा आदिको पनि सिर्जनात्मक उपस्थिति रहन्छ। साहित्य, सङ्गीतलगायत कलाका विभिन्न रूपहरूको मिश्रण यसमा रहने भएकाले यसलाई 'मिश्रित कला' भनिएको हो। विज्ञान र प्रविधिको विकासविना चलचित्रजस्तो 'मिश्रित कला'को विकास सम्भव थिएन।

कलाका अन्य रूप जस्तै चलचित्रमा पनि विचारधारात्मक, संज्ञानात्मक र सौन्दर्यात्मक पक्षहरू छन्। एक कलाका रूपमा चलचित्रले मनुष्यलाई सौन्दर्य प्रदान गर्नुका साथै उसको आन्तरिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान दिन्छ। अन्य कलाले जस्तै चलचित्रले सामाजिक-सांस्कृतिक परिवर्तन एवम् नयाँ समाज र संस्कृतिको निर्माणमा महत्त्वपूर्ण भूमिका सम्पादन गर्छ। यसैकारण यसलाई सिर्जनशील सांस्कृतिक उत्पादनका रूपमा लिइन्छ र अन्य उद्योगभन्दा फरक रूपमा हेरिन्छ। यो राष्ट्रियतालाई सबल बनाउने माध्यम, पहिचानलाई संरक्षण गर्ने सशक्त आधार र परिचयको वाहक पनि हो।

मानव समुदायसँग प्रभावकारी संवादका दृष्टिले चलचित्र अन्य सबै कलाहरूभन्दा अगाडि छ। यो मानव समुदायलाई प्रभावित र प्रेरित गर्ने दृष्टिले निकै शक्तिशाली छ। चलचित्रको

इतिहासलाई हेर्दा यो कुनै पनि देशको परिचय र त्यसको विस्तारको एक प्रमुख माध्यम बन्दै आएको छ। यसको विकाससँग भाषा, साहित्य, संस्कृति, कला आदिको संरक्षण, सम्बर्द्धन र विकास पनि जोडिएको छ।

चलचित्रको व्यवासायिक पक्ष पनि निकै महत्त्वपूर्ण छ। यो राज्य तथा लगानीकर्ताको आमदानीको उल्लेखनीय स्रोत हो। निर्यातमुखी उद्योगका रूपमा यो वैदेशिक मुद्रा आर्जनको गतिलो माध्यम पनि हो। यसले रोजगारी सिर्जना गर्नुका साथै कुल गार्हस्थ उत्पादनमा वृद्धि गर्न सहयोग गर्छ। यसको गुणस्तर वृद्धि गरेर नेपाली चलचित्र क्षेत्रमा हालको रोजगारी दरलाई बढाउन सकिन्छ। यसको व्यवासायिक महत्त्व देखेर नै संसारका विभिन्न मुलुकहरूले यसलाई सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा मान्यता दिँदै विभिन्न सुविधाहरू उपलब्ध गराउने गरेका छन्।

## ग. चलचित्रको सङ्क्षिप्त विकासक्रम

### ग.१ चलचित्रको जन्म र विकास

सन् १८९५ मा फ्रान्सेली लुमिएर दाजुभाइले चलचित्रको आविष्कार गरेका थिए। सन् १९२८ तिर आइपुग्दा अमेरिकामा सवाक् चलचित्रको निर्माण आरम्भ भयो। यो चलचित्रको इतिहासमा एक युगान्तकारी फड्को थियो। सन् १९२० देखि नै चलचित्रलाई रङ्गिन बनाउने प्रयास आरम्भ भएको थियो। सन् १९५० सम्म आइपुग्दा यसले पनि गुणात्मक फड्को माऱ्यो। प्रविधिको विकाससँगै क्यामेरा, प्रोजेक्टर आदि उपकरणहरूको प्राविधिक क्षमतामा मात्र विस्तार भएन चलचित्र घर, पर्दा, ध्वनि, प्रकाश आदिको गुण र क्षमतामा पनि अत्यधिक सुधार र परिवर्तन गरियो। चलचित्रको आविष्कार भएको अढाई-तीन दशकको अवधिमै युरोप र अमेरिकामा चलचित्रले उद्योगको रूप ग्रहण गर्न थाल्यो।

अमेरिका र बेलायतजस्ता मुलुकहरूले चलचित्र निर्माण कार्यलाई आर्थिक गतिविधिका रूपमा अन्य उद्योगसरह राज्यबाट सहयोग र सुविधा उपलब्ध गराउने नीति लिए पनि उनीहरूले यसलाई विशुद्ध उद्योगका रूपमा मात्र नलिएर आफ्नो भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासको एक सशक्त माध्यमका रूपमा ग्रहण गरे। यसै बीचमा चलचित्रका विभिन्न स्वरूपहरू अगाडि आउन थाले। टेलिभिजनको आविष्कारले यसलाई अझ सहयोग पुऱ्यायो। चलचित्रलाई लिएर गम्भीर बहसहरू आरम्भ भए। यसलाई हेर्ने विभिन्न दृष्टिकोण तथा वादहरू

जन्मिए। चलचित्रलाई मनोरञ्जनको साधन मात्र ठान्ने विचार पनि उठ्यो। चलचित्रको विकासक्रमलाई नियाल्दा यो स्वस्थ मनोरञ्जनका साथै जीवन र जगत्को कलात्मक अभिव्यक्तिको एक प्रभावकारी माध्यम भएको देखिन्छ।

प्रविधिको अत्याधिक विकासका कारण चलचित्र उद्योगमा नयाँ मोड आएको छ। डिजिटल प्रविधिको विकास यसको मुख्य कारण रहेको छ। यसले चलचित्र उद्योगका अगाडि सम्भावना र चुनौती दुवै थपेको छ। चलचित्रको अनधीकृत पुनरुत्पादन तथा विक्रीवितरणमा बढोत्तरी भएको छ। मनुष्यका मूल प्रवृत्तिहरूको परिष्कार मात्र होइन, भ्रष्टीकरणका निम्ति पनि यस कलाको व्यापक दुरूपयोग भएको छ। यसलाई नाफा आर्जनको माध्यम मात्र ठान्ने र त्यसैअनुरूप यसको भूमिकालाई निर्धारित गर्ने दृष्टिकोणका कारण चलचित्र जस्तो संवेदनशील र प्रभावकारी माध्यमको दुरूपयोग भएको हो। यसलाई समाजको हित र परिष्कारतिर लैजान सक्दा यसबाट मानव सभ्यताले असाध्यै धेरै उपलब्धिहरू प्राप्त गर्न सक्छ।

## ग.२ नेपालमा चलचित्र : आरम्भ र विकास

तत्कालीन राजा महेन्द्रको आह्वानमा बम्बई चलचित्र नगरीमा काम गर्ने देहरादुनमा जन्मेका निर्देशक हीरासिंह खत्रीले नेपालमा आई सर्वप्रथम वि.सं.२०१८ सालमा ‘श्री ५ महेन्द्रको बयालिसौँ शुभजन्मोत्सव’ नामक वृत्तचित्र बनाएका थिए। त्यसअघि पनि विदेशी पर्यटकहरू, वैदेशिक सहयोग नियोगका विदेशी कर्मचारी आदिले नेपालसम्बन्धी प्रशस्त चलचित्रहरू नेपालमा छायाङ्कन गरेर लगेका थिए।

भारतको कलकत्तामा वि.सं.२००७ मा डी.बी. परियारको निर्देशनमा निर्माण भएको ‘सत्य हरिश्चन्द्र’ लाई पहिलो नेपाली भाषामा निर्मित कथानक चलचित्र मान्नु पर्ने हुन्छ। तथापि त्यो चलचित्र नेपाली भूमिमा नभई भारतमा निर्माण गरिएको थियो। भारतको कलकत्तामा बनेको नेपाली भाषाको ‘सत्य हरिश्चन्द्र’ (२००७) लाई छाडेर नेपालमा बनेको कथानक चलचित्र ‘आमा’ (२०२२) बाट नेपालमा चलचित्र निर्माणको इतिहास सुरु हुन्छ। वि.सं. २०१७ सालपछि पञ्चायती व्यवस्थालाई सुदृढ बनाउनका साथै विदेशी चलचित्रलाई क्रमशः विस्थापित गर्दै जाने उद्देश्यसहित नेपालमा चलचित्र भित्रिएको थियो।

वि.सं. १०१८ सालमा सरकारी खर्चमा चलचित्र निर्माणको क्रम सुरु भएपछि त्यस बेलाको निर्देशन मन्त्रालयअन्तर्गतको प्रचारप्रसार विभागका तर्फबाट 'आमा' (२०२२) लगायत तीनवटा कथानक चलचित्रका साथै प्रशस्त समाचार चित्र र केही वृत्तचित्रहरू पनि निर्माण गरिए । श्याम-श्वेतमा निर्मित उक्त तीनवटै कथानक चलचित्रहरूका निर्देशक हीरासिंह खत्री थिए भने सबै प्राविधिक र कामदारहरू कलकत्ताकै थिए । घरभित्रका दृश्यहरूको छायाङ्कन पनि कलकत्तामै गरिएको थियो र पोस्ट प्रोडक्सनका सबै कामहरू कलकत्तामै गरिएका थिए । नेपालमा त्यसबेला सम्म चलचित्र निर्माण गर्ने सुविधाहरू प्राप्त थिएनन् । उक्त चलचित्रहरू देशभरि नै पठाएर व्यापक रूपमा सहरबजार तथा गाउँमा आम नेपालीलाई देखाइयो जसका निम्ति सरकारले नै पर्दा, जेनेरेटर, प्रोजेक्टर बोकाएर प्राविधिक टोली सुगम र दुर्गम सबै ठाउँमा पठाउने गर्दथ्यो ।

जर्नेल नरशमशेर जङ्गबहादुर राणा तथा जोगेन्द्र झाजस्ता निजी निर्माताले २०२३ सालमा नेपाली मूलका भारतीय नागरिक बी. एस. थापाको निर्देशनमा बनेको 'माइतीघर' नामक चलचित्रको निर्माण तथा प्रदर्शन गरेका थिए । यस व्यावसायिक चलचित्रको 'इन्डोर' सुटिङ बम्बईमा र 'आउटडोर' सुटिङ नेपालमा गरिएको थियो । तत्कालीन सरकारद्वारा देशकै नागरिकहरूलाई चलचित्र निर्माणबारे शिक्षा दिलाउने आवश्यकता मनन गरी पटकथा लेखन, सम्पादन, मोसन पिक्चर फोटोग्राफी, अभिनय आदि विषयमा छात्रवृत्ति दिलाई भारतको पुनामा अध्ययन गर्न पठाउने परिपाटीको पनि थालनी भयो । चलचित्र निर्माणसम्बन्धी केही उपकरणहरू पनि नेपाल भित्रिए ।

वि.सं.२०२८ मा 'शाही नेपाल चलचित्र संस्थान' को स्थापना भएपछि नेपाली चलचित्रको विकासक्रममा एउटा अलग्गै अध्यायको थालनी भयो । चलचित्र संस्थानको स्थापना हुनु अघिसम्म चलचित्रसम्बन्धी सबै कुराहरू 'निर्देशन मन्त्रालय' बाट 'सूचना तथा सञ्चार मन्त्रालय' मा परिणत भएको निकायअन्तर्गतको सूचना विभागको 'फिल्म्स डिभिजन'बाट निर्धारित र निर्देशित हुन्थे । संस्थानलाई वार्षिक रूपमा अर्थ मन्त्रालयबाट सूचना तथा सञ्चार मन्त्रालयमार्फत बजेट निकासा गरिन्थ्यो । सो रकम समाचार चित्र, वृत्तचित्रहरूको निर्माण र तिनको देशव्यापी रूपमा निःशुल्क प्रदर्शनमा खर्च गरिन्थ्यो । चलचित्र संस्थानको स्थापनाबाट नेपाली चलचित्र उद्योगको आधारशिला खडा गर्ने काम भयो ।

संस्थानद्वारा निर्मित पहिलो कथानक चलचित्र 'मनको बाँध' (२०३०) पहिलो नेपाली चलचित्र थियो जसको सबै'इन्डोर' तथा 'आउटडोर' सुटिङ नेपालमै गरिएको थियो । नेपालमै ल्याबको स्थापना गरी त्यसको सँगसँगै सुटिङ स्टुडियो, रेकर्डिङ स्टुडियो, सम्पादन कक्ष, प्रदर्शन कक्ष वातानुकूलित चलचित्र भण्डार कक्ष र प्रशासकीय भवनसमेत निर्माण गर्ने बृहत् एवम् दीर्घकालीन गुरु योजना तयार गरी प्रारम्भिक निर्माण कार्यको थालनी गरियो । त्यसै समयदेखि नेपाली युवाहरूलाई चलचित्र निर्माण प्रविधिका विभिन्न विधाहरूमा अध्ययन गर्नका निम्ति छात्रवृत्तिमा विदेश सकेसम्म धेरै सङ्ख्यामा पठाउने उपक्रम पनि सुरु भयो ।

काठमाडौंमा ल्याब नभएको हुनाले धुलाइ, सम्पादन र छपाइसम्बन्धी काम गर्न भारतको मुम्बई अथवा कोलकाता जानुपर्थ्यो । नेपाली चलचित्रको पोस्ट प्रोडक्सनमा लाग्ने खर्च सबैजसो विदेश जान्थ्यो । तीसको दशकको उत्तरार्धबाट संस्थानमा चलचित्रको साधारण सम्पादन, डबिङ, ध्वनि मुद्रण आदि कार्य सुरु भए । चालीसको दशक लाग्दा नलाग्दै नगेटिभ कटिङको काम सुरु भयो । डबिङ गर्नका निम्ति 'रक एन्ड रोल' पद्धतिको उपकरण पनि नेपालमै जडान गरियो । तर ल्याबको अभावमा छायाङ्कन गरिएको नेगेटिभ भारतबाट धुलाएर 'वर्क प्रिन्ट' बनाएर ल्याउनु पर्थ्यो अनि चलचित्रको छपाई गर्न फेरि उतै लैजानु पर्थ्यो । पछि वि.सं. २०४८ सालमा ल्याबको निर्माण भएपछि मात्र नेपालमा चलचित्रका सबै कामहरू गर्न थालियो ।

यसै कालखण्डमा चलचित्र संस्थानको तदारुकतामा निर्माताहरूले टिकटको मनोरञ्जन करबापत उठेको रकमको ६६ प्रतिशत रकम प्रोत्साहनस्वरूप फिर्ता पाउने नीति पनि बनेको थियो । चलचित्र निर्माणसम्बन्धी उपकरणहरू विदेशबाट आयात गर्दा लागतको दुई प्रतिशत मात्र भन्सार कर तिर्नुपर्ने प्रावधानसमेत गरिएको थियो । चलचित्र संस्थानको स्थापना हुनु र निजी निर्माताहरूले यस क्षेत्रमा लगानी गरी विविध विषयका चलचित्रहरूको निर्माण गर्न सुरु गर्नु, प्राविधिक एवम् कलाकारहरूको सङ्ख्यामा वृद्धि हुनु, नेपाली चलचित्रको विकासक्रमका महत्त्वपूर्ण उपलब्धि थिए । यसै कालखण्डमा भिडियोमा चलचित्र छायाङ्कन गर्ने परम्परा पनि बढ्नुका साथै सिनेमा हलहरूको सङ्ख्यामा वृद्धि भएको थियो । वि.सं.२०४८ सालमा चलचित्र संस्थानको बालाजुस्थित भवनमा ल्याबसमेत तयार भई नेपालमै नेपाली चलचित्रका सम्पूर्ण कार्यहरू गर्न सकिने सुविधा उपलब्ध भएपछि यस उद्योगले तीव्रताका साथ अघि बढ्ने सम्भावनाको ढोका

खोलिदियो । तर वि.सं. २०४६ मा चलचित्र संस्थानलाई निजीकरण गर्ने कार्य प्रारम्भ भई २०४९ सालमा यो संस्थान पूर्ण रूपले निजी सञ्चालकहरूलाई जिम्मा दिइयो ।

चलचित्र संस्थानमा वि.सं. २०४८ सालदेखि बालाजुको ल्याबमा सबै प्रि-प्रोडक्सन र पोस्ट प्रोडक्सनका कार्यहरू सम्पन्न हुन सक्ने वातावरण बनेपछि सो संस्थान निजीकरण भई नेपाल चलचित्र विकास कम्पनीमा परिणत हुन्जेलसम्ममा गीत रेकर्डिङ र निर्माणोत्तर कार्य गर्नका निम्ति भारत जाने गरेका प्रायः सबै निर्माताहरू काठमाडौँमै काम गर्न थाले । कार्य सहजताका कारण निर्माता एवम् चलचित्रहरूको सङ्ख्यामा वृद्धि भयो । त्यसभन्दा पहिले र त्यस बेलासम्म पनि चलचित्रको निर्माण सम्पन्न गर्न भारत लैजानका निम्ति भन्सारमा लागत राखी निःशुल्क रूपमा लैजाने ल्याउने सुविधा भए पनि चलचित्र संस्थान, चलचित्र सङ्घ, सूचना तथा सञ्चार मन्त्रालय, परराष्ट्र मन्त्रालय र भारतीय दूतावासमा समेत पत्र लेखाई नेपाल र भारतका भन्सारहरूमा औपचारिकता पुऱ्याउनु पर्दथ्यो ।

यसै समयमा नेपाली चलचित्र निर्माण कार्यमा सङ्ख्यात्मक वृद्धि हुन गई चलचित्र सम्बन्धी व्यवसायमा आश्रित हुने नेपाली नागरिकहरूको सङ्ख्यामा निकै ठूलो अभिवृद्धि हुन पुग्यो भने विविध विषयमा विभिन्न चलचित्रहरू बनिन थाले । वि.सं. २०५२ देखि सुरु भएको राजनैतिक विद्रोहका कारण २०६२ सम्ममा चलचित्र क्षेत्रमा असर पऱ्यो । सिनेमा घरहरू प्रशस्त सङ्ख्यामा बन्द हुन पुगे भने २०५७ देखि निर्माण सङ्ख्या वार्षिक ६०/६५ बाट ह्वात्तै घटेर र १०/१२ मा झर्न पुग्यो । यसै बखत चलचित्रकर्मीहरूको आग्रहमा वि.सं २०५७ सालमा सरकारले चलचित्र विकास बोर्डको गठन गऱ्यो । नेपाली चलचित्रको संरक्षण, विकास र सम्बर्धन गर्नका निम्ति केही प्रयास भएका भए पनि सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत रही मन्त्रालयकै निर्देशनको बाटो कुरेर पर्खिनु पर्ने तथा स्वायत्त रूपमा काम गर्न नसक्ने भएको हुँदा बोर्डका योजनाहरू अपेक्षित रूपमा प्रभावकारी हुन सकेनन् ।

विश्वमा चलचित्र निर्माणको क्षेत्रमा भइरहेको द्रूत विकास बमोजिम नेपालमा पनि अत्याधुनिक डिजिटल प्रणालीले प्रवेश गऱ्यो । यस किसिमका क्यामेरामार्फत् सेल्युलाइड पद्धतिभन्दा धेरै सजिलोसित जोसुकैले चलचित्र बनाउन सक्ने भएकाले चलचित्रसम्बन्धी अनुभव र ज्ञान नभएका व्यक्तिले पनि चलचित्र निर्माण गर्न थाले जसको परिणाम निर्माण सङ्ख्यामा ह्वात्तै बढोत्तरी भयो । आ.व.२०६८/०६९ मा मात्रै ११७ वटा चलचित्र निर्माण गरिएको अभिलेख चलचित्र विकास बोर्डमा

छ । चलचित्रको सङ्ख्या यसरी नाटकीय रूपमा बढेको भए पनि गुणस्तरमा भने सुधार हुन सकेको छैन ।

वर्तमान अवस्थामा आदिवासी जनजाति समुदायबाट पनि प्रशस्त मातृभाषी र नेपालीभाषी चलचित्रहरू बन्न थालेका छन् । यस अवधिको यो एउटा राम्रो सङ्केत हो । तर तीमध्ये कतिपय दर्ता नगरिने, सेन्सरै नगरिने, कुनै एक सीमित क्षेत्र वा ठाउँतिर मात्र प्रदर्शन हुने हुनाले तिनको राम्रो अभिलेखसमेत छैन । बरु लघु चलचित्र, वृत्तचित्र आदिको स्तरीयता भने सापेक्ष रूपमा राम्रो देखिन्छ ।

अहिले काठमाडौँमा मात्रै नेपाल अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव, अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव, मानवअधिकार चलचित्र महोत्सव, लोकबाजा चलचित्र महोत्सव, अफ्रिका चलचित्र महोत्व, काठमाडौँ सर्ट फिल्म फेस्टालगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरू आयोजना हुन थालेका छन् । यस्ता महोत्सवहरूले नेपाली दर्शकलाई अन्तर्राष्ट्रिय चलचित्रहरूसँग साक्षात्कार हुने र सिक्ने तथा अनुभवहरू आदानप्रदान गर्ने राम्रो अवसर प्रदान गरेका छन् ।

# परिच्छेद - २

# राष्ट्रिय चलचित्र नीति

## अ. प्रस्तावना

परिवर्तित सन्दर्भमा चलचित्र उद्योगको समग्र पक्षको विकासको उद्देश्यसहित नयाँ चलचित्र नीति निर्माण गरी अघि बढ्दा नै सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा नेपाली चलचित्र उद्योगको विकास सम्भव छ । रोजगारी सिर्जना गर्ने, कुल गार्हस्थ उत्पादनमा वृद्धि गर्ने, पर्यटनलाई प्रवर्धन गर्ने तथा निर्यातमुखी चरित्र भएको उद्योगका रूपमा चलचित्रको महत्व छ । यसका अतिरिक्त यस उद्योगले भाषा, संस्कृति, कला, साहित्य आदिसँग जोडिएर राष्ट्रिय एवम् जातीय पहिचान, मौलिकता, राष्ट्रियताजस्ता मूल्यहरूलाई अभिव्यक्त गर्ने भएकाले नीति निर्माण गर्दा यसको गम्भीरतालाई ध्यान दिनुपर्छ । एक उद्योगका रूपमा यसको विकास गर्ने नीति लिइरहँदा यसको मौलिकता, सिर्जनात्मकता र यसले स्वस्थ्य मनोरञ्जन प्रदान गर्नुपर्ने कुरालाई उपेक्षा गर्न मिल्दैन । त्यसैले चलचित्रलाई सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा लिंदै यससम्बन्धी नीतिहरू तय गर्नु आवश्यक छ ।

## आ. राष्ट्रिय चलचित्र नीतिको लक्ष्य

चलचित्रका माध्यमबाट नेपालका जाति, भाषा, धर्म, क्षेत्र, संस्कृति आदिको विविधतासहितको पहिचानयुक्त समावेशी राज्य प्रणालीको प्रवर्द्धन गर्ने; यिनका बीचमा सम्मान, सद्भाव, सहिष्णुताको भावना जागृत गराउने; राष्ट्रिय पहिचान स्थापित गर्नेखालका मौलिक नेपाली चलचित्रहरू निर्माण गर्ने; अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम उच्च सिर्जनात्मकतासहितका चलचित्रको विकास, विस्तार, संरक्षण र प्रवर्द्धन गरी नेपालमा गुणस्तरीय चलचित्र निर्माण गर्ने; पर्यटन, राष्ट्रिय आयआर्जन, रोजगारीका अवसरको सिर्जना गर्ने निर्यातमुखी उद्योगका रूपमा राष्ट्रिय चलचित्र उद्योगको विकास र विस्तार गर्दै असल चलचित्र संस्कृतिको निर्माणमार्फत् राज्यका उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउनु यस राष्ट्रिय चलचित्र नीतिको लक्ष्य हो ।

## इ. राष्ट्रिय चलचित्र नीतिका निर्देशक सिद्धान्त

राष्ट्रिय चलचित्र नीतिका निर्देशक सिद्धान्तहरू निम्नानुसार रहेका छन् :

(क) चलचित्रलाई रोगगारी सिर्जना गर्ने, पर्यटन व्यवसायलाई टेवा पुऱ्याउने, कूल गार्हस्थ उत्पादनको वृद्धि गरी राष्ट्रिय आयलाई बढाउने निर्यातमुखी एक सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा विकास गरी देशको औद्योगिकीकरणमा योगदान पुऱ्याउने ।

(ख) देशमा विद्यमान जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्ने दिशामा सहयोग गर्न लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-समाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभीमानलाई रक्षा गर्ने तथा मुलुकको समग्र विकासमा चलचित्रका माध्यमबाट योगदान पुऱ्याउने ।

(ग) लोकतन्त्रको रक्षा तथा लोकतान्त्रिक संस्कृतिको विकासमा चलचित्रका माध्यमबाट योगदान दिने ।

(घ) जातीय एवम् साम्प्रदायिक सद्भाव, सहिष्णुता र एकताका निम्ति चलचित्रका माध्यमबाट टेवा पुऱ्याउने ।

(ङ) बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवम् बहुधार्मिक मुलुकको विविधतासहितको एकता कायम गर्दै सबै भाषा, संस्कृति, जातिको संरक्षण, सम्बर्धन र विकासका निम्ति चलचित्रका माध्यमबाट भूमिका निर्वाह गर्ने ।

(च) स्वस्थ, नैतिकवान् र न्यायपूर्ण समाजको निर्माण गर्न चलचित्रको उपयोग गर्ने ।

(छ) चलचित्रका माध्यमबाट नेपालका संस्कृति, भाषा, साहित्य, कला, शिक्षा आदिको विकास एवम् विस्तारका निम्ति सहयोग पुऱ्याउने ।

(ज) चलचित्रका माध्यमबाट श्रमलाई सम्मान गर्ने दृष्टिकोणको निर्माण गर्ने ।

## ई. राष्ट्रिय चलचित्र नीतिका उद्देश्यहरू

राष्ट्रिय चलचित्र नीतिका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) राष्ट्रिय चलचित्र उद्योगलाई रोजगारमूलक सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा विकास, विस्तार र सम्बर्धन गर्ने ।

(ख) चलचित्रको सांस्कृतिक एवम् रचनात्मक भूमिकालाई सशक्त एवम् प्रभावकारी बनाउँदै चलचित्रलाई सकारात्मक सन्देश सम्प्रेषणको बलियो माध्यमका रूपमा विकास गर्ने ।

(ग) लोकतान्त्रिक समाजको निर्माणमा चलचित्रको भूमिकालाई प्रभावकारी बनाउने ।

(घ) महिला, दलित, आदिवासी, जनजाति, मधेसीलगायत शोषित एवम् उत्पीडित र पछाडि परेका जनसमुदायको विकास, मूलप्रवाहीकरण गर्न चलत्रिलाई सशक्त माध्यमका रूपमा अपनाउने ।

(ङ) चलचित्र उद्योगको विकासका निम्ति अधिकारसम्पन्न स्वायत्त संस्थागत संरचनाहरू तयार गर्ने ।

(च) मौलिक एवम् स्तरीय चलचित्र निर्माणका निम्ति आवश्यक आधारशीलाको विस्तार गर्दै अनुकूल वातावरण निर्माण गर्ने ।

(छ) चलचित्रलाई पहिचानको संरक्षण र विकासको सशक्त माध्यम ठान्दै यसको यस भूमिकालाई अझ समृद्ध तुल्याउने ।

(ज) जातीय एवम् साम्प्रदायिक सद्भावलाई बढाउने, विविधतासहितको सांस्कृतिक एकता कायम गर्ने र राष्ट्रिय भावनाको सशक्त रूपमा प्रक्षेपण गर्न सक्ने सिर्जनशील सांस्कृतिक उत्पादनका रूपमा चलचित्रलाई अझ सबल तुल्याउने ।

(झ) चलचित्रलाई राष्ट्रिय पहिचान, गौरव र गरिमा बढाउने एक प्रभावकारी माध्यमका रूपमा ग्रहण गर्ने ।

(ञ) राष्ट्रिय चलचित्र उद्योगमा देशभित्रका निजी क्षेत्रको साझेदारीलाई बढाउँदै वैदेशिक एवम् संयुक्त लगानीलाई प्रोत्साहित गर्ने ।

(ट) पर्यटनको विकास र प्रवर्द्धनका निम्ति चलचित्रको प्रभावकारी उपयोग गर्दै चलचित्र पर्यटनको विकास गर्ने ।

(ठ) चलचित्रका माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा सांस्कृतिक आदानप्रदानलाई बढाउने ।

(ड) चलचित्रको विकासका निम्ति दक्ष जनशक्ति निर्माण गर्ने ।

(ढ) नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न योग्य तुल्याउने ।

(ण) चलचित्रकर्मीको हकहितको संरक्षण गर्दै उनीहरूको सामाजिक प्रतिष्ठामा वृद्धि गर्न सहयोग गर्ने ।

(त) चलचित्र उद्योगको विकासका निम्ति चलचित्र महोत्सवको आयोजनासहित यस क्षेत्रमा संलग्न प्रतिभाहरूलाई सम्मानित एवम् पुरस्कृत गर्ने ।

(थ) क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूको आयोजना गर्ने ।

(द) स्वदेशी चलचित्र उद्योगको विकासका निम्ति विदेशी चलचित्रको प्रदर्शनलाई आवश्यकताअनुसार नियमन गर्ने ।

(ध) चलचित्रको जाँचलाई समयानुकूल र प्रभावकारी बनाउने ।

(न) आदिवासी, जनजाति, मधेसी तथा मातृभाषी सीमान्तकृत क्षेत्रका चलचित्रको निर्माण र संरक्षणका निम्ति विशेष प्रयत्न गर्ने ।

(प) चलचित्र सङ्ग्रहालय तथा पुस्तकालय निर्माण र विस्तार गर्ने ।

(फ) औपचारिक शिक्षा प्रणालीमा चलचित्र अध्ययनलाई थप प्रभावकारी हुने गरी समावेश गर्ने ।

(ब) नेपाललाई अन्तर्राष्ट्रिय छायाङ्कन स्थलका रूपमा प्रचारप्रसार गरी विदेशी मुद्रा आर्जन गर्ने निर्यातमुखी उद्योगका रूपमा विकास गर्ने ।

(भ) चलचित्र पत्रकारिता, समीक्षा, चलचित्र समाज एवम् क्लबहरूको विकास गर्ने ।

(म) लघु चलचित्र, वृत्तचित्र तथा प्रयोगात्मक चलचित्रहरूको विकासका लागि अनुकूल वातावरण निर्माण गरी प्रोत्साहित गर्ने ।

(य) चलचित्रको इन्टरनेट अपलोडलगायतका विद्युतीय कारोबार, चलचित्र तथा चलचित्रजन्य वस्तुको उत्पादन, पुनरुत्पादन तथा विक्रीवितरणको कार्यलाई नियमन गर्ने ।

(र) लघु चलचित्र, विज्ञापन चलचित्र, टेलिचलचित्र वा टेलिशृङ्खलालगायत टेलिभिजनमा देखाइने विभिन्न कार्यक्रम, भिडियो गेम, डिजिटल होडिङबोर्डमा देखाइने विज्ञापन वा अन्य क्लिप र सिडी, डिभिडी, मेमोरी कार्ड वा हार्डडिक्समा वितरण गरिने श्रव्य-दृश्य सामग्रीहरूको नियमन गर्ने ।

## १. चलचित्रको परिभाषा

चलचित्र भन्नाले सेल्युलाइड, भिडियो वा डिजिटल जुनसुकै प्रविधिमा खिचेका वा अन्य किसिमले बनाइएका कथानक चलचित्र, वृत्तचित्र, एनिमेसन (Animation) चलचित्र, इन्टरनेटमा अपलोड गरिएका दृश्य, लघु चलचित्र, विज्ञापन चलचित्र, टेलिचलचित्र वा टेलिशृङ्खलालगायत टेलिभिजनमा देखाइने विभिन्न कार्यक्रम, भिडियो गेम, डिजिटल होडिङबोर्डमा देखाइने विज्ञापन वा अन्य क्लिप र सिडी, डिभिडी, मेमोरी कार्ड वा हार्डडिक्समा वितरण गरिने श्रव्य-दृश्य सामग्रीहरू भन्ने बुझिन्छ ।

### नीति

१.१.१ कथानक चलचित्र, लघु चलचित्र, वृत्तचित्र, एनिमेसन (Animation) चलचित्र, विज्ञापन चलचित्र, टेलिचलचित्र, भिडियो गेम, डिजिटल होर्डिङबोर्ड, इन्टरनेटमा अपलोड गरिने दृश्य, चलायमान क्लिपलगायत सबै गतिशील चित्रहरूलाई चलचित्रका रूपमा परिभाषित गरिने छ ।

१.१.२ चलचित्रको परिभाषाभित्र पर्न आएका लघु चलचित्र, वृत्तचित्र, एनिमेसन चलचित्र, विज्ञापन चलचित्र, टेलिचलचित्र, भिडियो गेम, डिजिटल होर्डिङबोर्ड, इन्टरनेटमा अपलोड गरिने दृश्य, चलायमान क्लिपलगायत सबै चलायमान चित्रहरूलाई संरक्षण, प्रवर्धन र नियमनका लागि आवश्यक कानुनी व्यवस्था गरिने छ ।

### प्रक्रिया

१.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गरिने छ ।

## २. चलचित्रलाई हेर्ने राज्यको दृष्टिकोण

आजसम्म चलचित्रलाई मनोरञ्जनको माध्यमका रूपमा लिएर सेवामूलक उद्योगका रूपमा व्यवहार हुँदै आएको छ । चलचित्रलाई मनोरञ्जनको साधन मात्र मान्ने दृष्टिकोणले यसको

रचनात्मक एवम् सांस्कृतिक महत्त्वलाई उपेक्षा गर्दछ। यस उद्योगले औद्योगिक, वाणिज्य र पर्यटनका माध्यमबाट रोजगारी सिर्जना गर्ने, स्थानीय श्रम, सीप र कच्चापदार्थको प्रयोग गरी सिर्जनशील सांस्कृतिक उत्पादनका रूपमा चलचित्रको निर्यात गर्ने तथा राज्यको कूल गार्हस्थ उत्पादन अभिवृद्धि गर्ने काम गर्दछ।

सञ्चार नीति, २०४९ मा चलचित्रसम्बन्धी नीतिगत बुँदाहरू निम्नानुसार रहेका छन् :

(क) नेपाली चलचित्र उद्योगको समुचित विकासका लागि चलचित्र निर्माण, प्रदर्शन र वितरण तीनै क्षेत्रमा संलग्न उद्यमीहरूलाई लगानीका नयाँ सम्भावनाहरू खोल्न प्रोत्साहन दिने।

(ख) नेपाली चलचित्रहरूको निर्माण एवम् प्रशोधन कार्य स्वदेशमै हुन सक्ने स्थितिको सिर्जना गरी चलचित्र उद्योगमा संलग्न कलाकार एवम् प्राविधिक जनशक्तिले आवश्यक प्रशिक्षण तथा प्रोत्साहन पाउन सक्ने वातावरण तयार गर्ने।

(ग) राष्ट्रभाषा नेपाली र नेपालका राष्ट्रभाषामा निर्माण गरिने चलचित्रहरूको निर्माण एवम् प्रदर्शन क्षेत्रमा संलग्न सबै पक्षलाई विशेष प्रोत्साहन दिने।

(घ) नेपाली कला, संस्कृति एवम् गीत र सङ्गीतको उत्थान हुने र यस क्षेत्रमा संलग्न कलाकारहरूको व्यावसायिक दक्षता अभिवृद्धि हुने किसिमको वातावरण सिर्जना गर्ने।

(ङ) चलचित्र जाँच समितिको जिम्मेवारी एवम् आधारहरू किटान गरी नेपाल अधिराज्यमा प्रदर्शन गरिने सबै प्रकारका चलचित्रहरूको जाँच (सेन्सर) गर्ने।

(च) नेपालमा खिचेर बाह्य मुलुकमा प्रदर्शन गरिने चलचित्रहरूको पनि निश्चित आधार बनाई जाँच (सेन्सर) गर्ने व्यवस्था मिलाउने।

सूचना तथा सञ्चार मन्त्रालयले सूचना तथा सञ्चार क्षेत्रका दीर्घकालीन नीति २०५९ अन्तर्गत चलचित्रसम्बन्धी दीर्घकालीन नीतिहरूलाई अगाडि सार्दै नीति तथा कार्यनीतिहरू पनि निर्धारण गऱ्यो। २०५९ सालमा अघि सारिएका चलचित्रसम्बन्धी दीर्घकालीन नीतिका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) राष्ट्रभाषा तथा राष्ट्रिय भाषाका नेपाली चलचित्रहरूको निर्माणमा प्राथमिकता दिई नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र गतिविधि थलोका रूपमा विकसित गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

(ख) नेपाली भाषा, कला र संस्कृतिको जगेर्ना गर्ने ।

(ग) नेपाललाई विश्वमा परिचित गराउने खालका नेपाली चलचित्रको निर्माण गर्ने ।

(घ) चलचित्र निर्माणको क्षेत्रमा विदेशी लगानीसमेतलाई आकर्षित गर्ने ।

उल्लिखित उद्देश्यहरू प्राप्तिका निम्ति निर्धारित नीति र कार्यनीतिहरू यसप्रकार रहेका छन् :

(क) नेपाली चलचित्र क्षेत्रको प्रतिस्पर्धात्मक एवम् समन्वायत्मक विकास तथा प्रबर्द्धनका लागि गठित चलचित्र विकास बोर्डको कार्यलाई प्रभावकारी बनाउने ।

(ख) स्वदेशी चलचित्र उद्योगलाई कच्चा पदार्थ आयात गर्न अरू उद्योगले पाए सरहको उपयुक्त सुविधा उपलब्ध गराउने ।

(ग) नेपाली चलचित्रहरूको निर्माण एवम् प्रशोधन कार्य स्वदेशमै हुन सक्ने वातावरणको सिर्जना गर्ने ।

(घ) चलचित्र उद्योगमा संलग्न कलाकार एवम् प्राविधिक जनशक्तिले आवश्यक प्रशिक्षण तथा प्रोत्साहन पाउन सक्ने वातावरण तयार गर्ने ।

(ङ) राष्ट्रभाषा नेपाली र नेपालका राष्ट्रिय भाषाहरूमा निर्माण गरिने चलचित्रहरूको निर्माण एवम् प्रदर्शन क्षेत्रमा संलग्न सबै पक्षलाई प्रोत्साहन दिने ।

(च) नेपालमा चलचित्रको अध्ययन र अनुसन्धान गर्ने ।

(छ) चलचित्र निर्माणमा विदेशी लगानी वा संयुक्त लगानी आकर्षित हुने वातावरण सिर्जना गर्ने ।

**उल्लिखित नीतिहरूबाट चलचित्र क्षेत्रलाई एउटा मनोरञ्जनको साधनका रूपमा मात्र लिई राज्यको समग्र सञ्चार नीतिभित्र यसलाई केही बुँदाहरूमा समेटी सम्बोधन गर्न खोजिएको देखिन्छ । चलचित्रलाई सिर्जनशील सांस्कृतिक उत्पादन र चलचित्र उद्योगलाई सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा परिभाषित गर्न नसकुन्जेल राष्ट्रिय चलचित्र उद्योगका समग्र विकास सम्भव छैन ।**

**चलचित्र सांस्कृतिक उत्पादन भएको र यो आर्थिक पक्षका साथै देशको पहिचान, भाषा र संस्कृतिसँग पनि गाँसिएको हुनाले चलचित्र उद्योगलाई विशेष उद्योगका रूपमा ग्रहण गरी राज्यले प्रदान गर्ने विशेष सुविधाहरू उपलब्ध गराउने नीति लिनु आवश्यक छ ।**

## नीति

२.१.१ चलचित्रलाई स्वस्थ मनोरञ्जन प्रदान गर्ने सिर्जनशील सांस्कृतिक उत्पादन र चलचित्र उद्योगलाई सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा परिभाषित गरिने छ ।

२.१.२ देशको सामाजिक, आर्थिक, सांस्कृतिक तथा औद्योगिक विकासमा सघाउ पुऱ्याउन निजी क्षेत्रसमेतको साझेदारीमा चलचित्रलाई कलाको माध्यम, सांस्कृतिक उत्पादन, संस्कृति निर्माणको साधनका साथै सिर्जनशील औद्योगिक उत्पादनका रूपमा सर्वसुलभ गराउन अनुकूल वातावरणको सिर्जना गरिने छ ।

२.१.३ राज्यको उद्देश्य र नेपाली समाजको मूल्य मान्यतालाई प्रोत्साहन गर्ने लोकतान्त्रिक मूल्य मान्यता प्रवर्द्धन गर्ने बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्र निर्माणका लागि प्रोत्साहन गरिने छ ।

२.१.४ चलचित्र देशको पहिचान, भाषा र संस्कृतिसँग गाँसिएको सिर्जनशील सांस्कृतिक उद्योग भएकाले यसलाई विशेष संरक्षण र सुविधाहरू उपलब्ध गराइने छ ।

२.१.५ चलचित्र उद्योगलाई राष्ट्रिय आयआर्जन एवम् रोजगारी सिर्जना गर्ने, आयातलाई प्रतिस्थापन गर्ने तथा पर्यटन प्रवर्धन गर्ने निर्यातमूलक उद्योगका रूपमा विकास गरिने छ ।

२.१.६ चलचित्रलाई सामाजिक उत्तरदायित्वसहितको स्वच्छ र स्वस्थ मनोरञ्जनको माध्यमका रूपमा विकास गरिने छ ।

२.१.७ राष्ट्रिय र जातीय पहिचान, इतिहास, संस्कृति आदिका विषयमा निर्माण हुने वृत्तचित्र, लघु चलचित्र, प्रयोगात्मक चलचित्र, वैकल्पिक धारका कथानक चलचित्रलगायत बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्रलाई सहयोग तथा सुविधा प्रदान गर्न चलचित्र लगानी कोषको स्थापना गरिने छ ।

२.१.८ चलचित्रसम्बन्धी नीति नियम बनाउने निकायमा चलचित्रकर्मी वा सरोकारवालाको प्रतिनिधित्व गराउने व्यवस्था गरिने छ ।

**प्रक्रिया**

२.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

२.२.२ चलचित्रलाई बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक र पूर्ण व्यावसायिक गरी दुई समूहमा विभाजन गरिने छ । यीमध्ये पहिलो समूहमा पर्ने चलचिलाई प्रोत्साहनका लागि चलचित्र विकास बोर्डले चलचित्र लगानी कोष तथा कर छुटमार्फत् विशेष संरक्षण, सुविधा र सहुलियत उपलब्ध गराउने ।

२.२.३ राष्ट्रिय र जातीय पहिचान, इतिहास, संस्कृति आदिका विषयमा निर्माण हुने वृत्तचित्र, लघु चलचित्र, प्रयोगात्मक चलचित्र, वैकल्पिक धारका कथानक चलचित्रलगायत बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्रलाई सहयोग तथा सुविधा प्रदान गर्नका लागि ठोस आधारहरू तय गर्ने । प्रोत्साहन गर्नुपर्ने चलचित्रहरूको छनोट गर्न एक सिफारिस समिति गठन गरी सो समितिले सिफारिस गरेबमोजिम चलचित्र लगानी कोषमार्फत्को सुविधा उपलब्ध गराउने ।

२.२.४ चलचित्रलाई अभिव्यक्तिको माध्यम तथा कला एवम् सिर्जनशील सांस्कृतिक उत्पादनका रूपमा ग्रहण गर्दै भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण, सम्बर्द्धन, विकास एवम् विस्तार सँगसँगै जातीय एवम् साम्प्रदायिक सद्भावको विकास तथा राष्ट्र निर्माणको एक सशक्त माध्यमका रूपमा अघि बढाउन चलचित्र विकास बोर्डमार्फत् आवश्यक कार्यक्रमहरू बनाई कार्यान्वयन गर्ने ।

## ३. भाषा, साहित्य, कला, संस्कृति, शिक्षा र चलचित्रबीचको सम्बन्ध

भाषा, साहित्य, कला, संस्कृति, शिक्षा र चलचित्रका बीचमा घनिष्ट सम्बन्ध रहेको छ। चलचित्र सामान्यतः एक निश्चित भाषामा बन्छ। यो स्वयं साहित्य पनि हो। विभिन्न कलाको मिश्रण पनि यसमा हुन्छ। चलचित्र आफैं सिर्जनशील सांस्कृतिक उत्पादन हो। यसले संस्कृतिको निर्माण मात्र गर्दैन, त्यसको संवहन पनि गर्छ।

भाषाको संरक्षण र विकासमा चलचित्रको महत्त्वपूर्ण भूमिका रहन्छ। अङ्ग्रेजी भाषाको विश्वव्यापी विस्तार र वर्चस्वका निम्ति अङ्ग्रेजी भाषामा निर्मित चलचित्रहरूको उल्लेखनीय भूमिका रहँदै आएको छ। हिन्दी भाषाको विकास र विस्तारका निम्ति हिन्दी चलचित्रको भूमिका उत्तिकै बलियो छ। बलियो औद्योगिक स्वरूप ग्रहण गरेका चलचित्र उद्योगहरूले भाषाका सन्दर्भमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्। पहिचानसँग जोडिएकाले भाषाको संरक्षण र विकास अझ महत्त्वपूर्ण कार्य बन्छ। फलतः राष्ट्रहरूले भाषाका दृष्टिले पनि चलचित्रलाई महत्त्व दिन्छन् र त्यसअनुरूप नीति निर्माण गर्छन्। यसरी भाषाको संरक्षण, विकास र विस्तारदेखि भाषिक सिकाइसम्ममा चलचित्रको उपयोगिता रहेको देखिन्छ।

नेपालको जनगणना २०६८ अनुसार नेपालमा अहिले १२३ वटा भाषाहरू बोलिन्छन्। यी सबै मातृभाषाको संरक्षण तथा विकासमा राज्यले सहयोग गर्ने नीति लिएको छ तर त्यो अपेक्षाअनुसार व्यवहारमा आउन सकेको छैन। चलचित्रले ती भाषाको संरक्षण र विकासका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने भए पनि यससम्बन्धी आवश्यक नीति नभएकाले चलचित्र जस्तो प्रभावकारी कलाको यस सन्दर्भमा सार्थक उपयोग हुन सकेको छैन।

चलचित्रले साहित्यका क्षेत्रमा पनि उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। चलचित्र उद्योगले विभिन्न स्रष्टाका कथात्मक तथा औपन्यासिक कृतिहरूमा आधारित चलचित्रहरूको निर्माण गरेर मात्र साहित्यको विकासमा योगदान पुऱ्याउँदैन, साहित्यको महत्त्वबोध गराएर पनि यसका निम्ति योगदान दिन्छ। साहित्यका क्षेत्रमा योगदान दिने व्यक्तित्त्वका सम्बन्धमा चलचित्र निर्माण गरेर साहित्यका क्षेत्रमा योगदान पुऱ्याउने कार्य पनि चलचित्रले गर्दै आएको छ। साहित्य क्षेत्रले चलचित्रको यस भूमिकालाई बोध गरेर यसको उपयोग पनि गर्दै आएको छ। अतः चलचित्रका माध्यमबाट साहित्य र साहित्यको माध्यमबाट चलचित्रको विकासमा योगदान पुऱ्याउन सकिन्छ।

चलचित्रले राष्ट्रिय कलाको संरक्षण र प्रचारप्रसारमा योगदान गर्छ । कलाको महत्त्वबोध गराउन, यसप्रति अभिरुचि निर्माण गर्न र यो राष्ट्रिय चिनारीको एक प्रभावकारी माध्यम हो भनेर स्थापित गर्न चलचित्रले सार्थक भूमिका निर्वाह गरेको देखिन्छ। बाह्य जनमतलाई आफ्नो कलाप्रति आकर्षित गर्दै आफ्नो मुलुकमा भित्र्याउन र अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचानलाई स्थापित गर्न पनि चलचित्रले प्रभावकारी भूमिका खेल्छ। नेपालका सन्दर्भमा हेर्ने हो भने कलालाई सांस्कृतिक सम्पदाका रूपमा स्वीकार गर्दै पुरानो कलाको संरक्षणमा राज्यले विशेष जोड दिएको देखिन्छ। कलाको विकास, संरक्षण र यस क्षेत्रका प्रतिभाहरूलाई सहयोग, सम्मान, प्रोत्साहित र प्रेरित गर्ने नीति सरकारको छ। सरकारले यसका निम्ति ललित कला प्रज्ञाप्रतिष्ठानको स्थापना नै गरेको छ। सरकारले निजी स्तरमा कलाको विकास र संरक्षण गर्ने दृष्टिले स्थापित सङ्घ-संस्थाहरूलाई सहयोग पनि दिँदै आएको छ। चलचित्र र कलालाई परस्पर जोड्दै कलाको विकास र संरक्षणमा चलचित्रको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरालाई स्थापित गरिनु आवश्यक छ।

संस्कृतिसँग चलचित्र दुई स्तरमा जोडिन्छ। पहिलो संस्कृति निर्माण र रूपान्तरणको स्तर हो। चलचित्रले प्रचलित संस्कृतिलाई मात्र प्रतिविम्बित गर्दैन, त्यसलाई रूपान्तरित गर्दै नयाँ संस्कृतिको निर्माण पनि गर्छ। मानवीय मनोविज्ञानलाई प्रभावित गर्ने र त्यसलाई भिन्न दिशा प्रदान गर्न सक्ने अद्भुत क्षमता चलचित्रमा छ। संस्कृति निर्माणका सन्दर्भमा चलचित्र सकारात्मक वा नकारात्मक जुनसुकै दिशातिर पनि हाँकिन सक्छ। हामी कस्तो संस्कृतिको निर्माण गर्न चाहन्छौँ भन्ने कुरा हामी कस्ता चलचित्रहरू उत्पादन गर्न चाहन्छौँ भन्ने कुरासँग पनि सम्बन्धित छ। चलचित्र संस्कृतिसँग जोडिने दोस्रो स्तर संस्कृतिको संरक्षण, प्रचारप्रसार र विकासको स्तर हो। चलचित्रले राष्ट्रिय र आन्तर्राष्ट्रिय स्तरमा यसप्रकारको भूमिका सम्पादन गर्छ। आफ्नो संस्कृतिको संरक्षणका निम्ति जागरुकता पैदा गर्न, आफ्नो संस्कृतिप्रति गहिरो आस्था र प्रेम निर्माण गर्न, संस्कृतिको विकासका निम्ति उत्प्रेरणा प्रदान गर्न, अन्तर्राष्ट्रिय समुदायको आफ्नो संस्कृतिप्रति ध्यान आकर्षित गर्न, बाह्य दुनियाँमा आफ्नो संस्कृतिलाई स्थापित गर्न चलचित्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। सांस्कृतिक आदान-प्रदानको एक सशक्त माध्यम पनि चलचित्र रहँदै आएको छ। बहुसांस्कृतिक मुलुकमा चलचित्र सांस्कृतिक एकता निर्माणको एक महत्त्वपूर्ण माध्यम पनि हो। चलचित्र स्वयंलाई एक सांस्कृतिक उत्पादन मान्दै संस्कृतिको संरक्षण, विकास, विस्तारका साथसाथै सांस्कृतिक रूपान्तरण र नयाँ संस्कृति निर्माणमा यस कलालाई समुचित उपयोग गर्ने नीति राज्यले लिनु आवश्यक छ।

अल्पसङ्ख्यक, आदिवासी, लोपोन्मुख जाति तथा समुदायको भाषा तथा संस्कृतिमा अत्यधिक अतिक्रमण र विचलन भएको वर्तमान अवस्थामा त्यसको संरक्षणका लागि चलचित्र सबैभन्दा उपयुक्त र प्रभावकारी माध्यम हुन सक्छ । चलचित्रले उनीहरूको आवाज, शारीरिक बनोट, पहिरन, खानपान, नाचगान, उपचार पद्धति, जात्रा, मेला, गरगहना आदि अनेक सामग्रीहरूलाई जस्ताको त्यस्तै जोगाउन सक्छ । उनीहरूको परम्परागत ज्ञान, सीप र आचरणलाई पनि सुरक्षित गर्न सक्छ । यसर्थ कुनै समुदायको खास अवस्था र लोकजीवनलाई संरक्षण गर्ने कार्यमा चलचित्रको भूमिका ठूलो छ ।

शिक्षासँग पनि चलचित्र गहिरो गरी जोडिएको छ। चलचित्रले सौन्दर्य प्रदान गर्नुका साथसाथै शैक्षिक भूमिका पनि सम्पादन गर्छ । विभिन्न भूगोल, राष्ट्रियता र इतिहाससँग सम्बन्धित चलचित्रहरूले दर्शकलाई तत्सम्बन्धी ज्ञान र बोध प्रदान गर्छन् । तिनबाट दर्शकको ज्ञान, सीप र अभिवृत्तिमा परिष्कार आउँछ । विद्यालय तथा विश्वविद्यालयले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि भनेर गराउने शैक्षिक भ्रमण वा क्षेत्र अध्ययनबाट जुन उपलब्धिको अपेक्षा गरेका हुन्छन्, त्यो उपलब्धि चलचित्रबाट प्राप्त हुन सक्छ । यसले दर्शकको चेतनाको स्तरलाई बढाउनुका साथै अनुभवको क्षेत्रलाई पनि फराकिलो पार्छ ।

**नीति :**

३.१.१ चलचित्रलाई अभिव्यक्तिको सिर्जनात्मक माध्यम तथा कला एवम् सिर्जनशील सांस्कृतिक उत्पादनका रूपमा ग्रहण गर्दै जातीय एवम् साम्प्रदायिक सद्भावको विकास तथा राष्ट्र निर्माणको एक सशक्त माध्यमका रूपमा विकास गरिने छ ।

३.१.२ भाषा, साहित्य, कला, संस्कृति, शिक्षालाई चलचित्रसँग अन्तर्सम्बन्धित तुल्याउँदै एक-अर्काको विकासमा यिनको भूमिकालाई अघि बढाइने छ ।

३.१.३ नेपालमा रहेका विभिन्न जाति, क्षेत्र, भाषा, साहित्य, कला, संस्कृति आदिको पहिचान, संरक्षण, विकास र विस्तारका लागि चलचित्रमार्फत् प्रोत्साहित गरिने छ ।

**प्रक्रिया**

३.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी

समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गरिने ।

३.२.२ चलचित्रलाई अभिव्यक्तिको माध्यम तथा सिर्जनशील सांस्कृतिक उत्पादनका रूपमा ग्रहण गर्दै भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन, विकास एवम् विस्तारको एक सशक्त माध्यमका रूपमा अघि बढाउन सरोकारवाला पक्षसँगसमेत सहकार्य गरी चलचित्र विकास बोर्डले आवश्यक कार्यक्रम बनाई लागू गर्ने ।

## ४. चलचित्र : औद्योगिक नीति

औद्योगिक व्यवसाय ऐन २०४९ अनुसार चलचित्र उद्योगलाई सेवामूलक उद्योगमा वर्गीकरण गरेर सोहीअनुरूप व्यवहार हुँदै आएको छ ।

आर्थिक ऐन, २०५५ (नेपाल राजपत्र मिति २०५५।९।२२) को अनुसूची-५ चलचित्र विकास शुल्कसम्बन्धी व्यवस्थाको प्रकरण-८ बमोजिम नेपाली निर्माताहरूबाट निर्मित सबै प्रकारको चलचित्रहरूको प्रदर्शनबाट उठेको शुल्कको ६५ प्रतिशत र २० प्रतिशत रकम क्रमशः चलचित्र निर्माता र चलचित्र प्रदर्शन गर्ने चलचित्र घरलाई फिर्ता गर्ने व्यवस्था रहेको थियो । यसअघि यसरी विदेशी तथा स्वदेशी चलचित्रमा समान मनोरञ्जन करको व्यवस्था रही स्वदेशी चलचित्रको हकमा ६५ प्रतिशत मनोरञ्जन कर निर्मातालाई फिर्ता गर्ने नीतिगत व्यवस्था रहेको थियो । आर्थिक ऐन, २०५६ (नेपाल राजपत्र मिति २०५६।३।२७) एवम् सोभन्दा पछिका आर्थिक ऐन तथा अध्यादेशहरूको अनुसूची-५ चलचित्र विकास शुल्कसम्बन्धी व्यवस्थाको प्रकरण-१ बमोजिम 'नेपाली चलचित्रको प्रदर्शनमा चलचित्र विकास शुल्क असुल उपर गरिने छैन' भनी उल्लेख भई विदेशी चलचित्रमा मात्र चलचित्र विकास शुल्क लाग्ने गरेको र हालसम्म करसम्बन्धी यही नीतिगत व्यवस्था प्रचलनमा रहेको छ ।

आर्थिक अध्यादेश, २०७० बमोजिम नेपालमा छायाङ्कन गरिएको चलचित्र डेभलप गर्न वा प्रशोधन गर्न वा प्रदर्शन गर्न अस्थायी निकासी गर्नु परेमा चलचित्र विकास बोर्डको सिफारिसमा भन्सार महसुल नलिई लगतमा राखी निकासी गर्न दिने व्यवस्था रहेको छ । यस्तो चलचित्र पुनः पैठारी गर्दा प्रति चलचित्र रु. ५०००।- भन्सार महसुल लाग्ने तथा विदेशमा प्रदर्शनका लागि लगिएको चलचित्र फिर्ता ल्याउँदा भन्सार महसुल नलाग्ने व्यवस्था विद्यमान छ ।

विदेशी चलचित्र नेपालमा प्रदर्शनका लागि पैठारी गर्दा प्रति चलचित्र रु. १०,०००।- भन्सार महसुल लाग्ने व्यवस्था रहेको छ । साथै नेपालमा चलचित्र छायाङ्कन गर्नका लागि विदेशी नागरिकले आफूसँग ल्याउने तथा नेपाली नागरिकले विदेशमा चलचित्र छायाङ्कन गर्नका लागि आफूसँग लैजाने चलचित्रसम्बन्धी यन्त्र तथा उपकरणहरू र सोसँग सम्बन्धित वस्तुहरू चलचित्र विकास बोर्डको सिफारिसमा पछि फिर्ता लैजाने वा फिर्ता ल्याउने सर्तमा भन्सार महसुल नलिई लगतमा राखी पैठारी वा निकासी गर्न दिन सकिने व्यवस्था रहेको छ ।

चलचित्र धुलाइ गर्ने, ध्वनि भर्नेसमेत उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरूले चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने चलचित्र निर्माणसँग सम्बन्धित तोकिएका वस्तुहरू पहिलो पटक पैठारी गर्दा २.५ प्रतिशत महसुल लिई बाँकी महसुल छुट हुने व्यवस्था रहनुका साथै चलचित्र प्रदर्शन गर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरूले चलचित्र प्रदर्शन तथा चलचित्र घरसँग सम्बन्धित तोकिएका वस्तुहरू पहिलो पटक पैठारी गर्दा २.५ प्रतिशत महसुल लिई बाँकी महसुल छुट हुने प्रावधान रहेको छ ।

नेपालको भौगोलिक तथा सांस्कृतिक विविधताका साथै प्राकृतिक सुन्दरताको कारणबाट विदेशी चलचित्र निर्माताहरूले चलचित्र छायाङ्कनका लागि नेपाललाई छनोट गर्नसक्ने प्रचुर सम्भावना रहेकाले विदेशी चलचित्र निर्माता तथा संयुक्त लगानीका चलचित्र निर्माण परियोजनाहरूलाई सहजीकरण तथा आकर्षित गर्ने दृष्टिकोणबाट चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम ५क. बमोजिम आफ्नै वा नेपाली नागरिकसँगको संयुक्त लगानीमा नेपालमा चलचित्र निर्माण गर्न चाहने विदेशी व्यक्ति वा संस्थालाई एउटै निकायबाट चलचित्र छायाङ्कन गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा नीति निर्माणका लागि सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, पुरातत्त्व विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष र चलचित्र विकास बोर्डसमेतको संलग्नता रहने गरी एकद्वार समितिको व्यवस्था रहेको तथा सोही नियमावलीको नियम ५ख. बमोजिम मन्त्रालयले एकद्वार समितिबाट चलचित्र छायाङ्कन गर्ने सम्बन्धमा तय गरेको नीतिअनुरूप कुनै चलचित्र निर्माण गर्न इजाजतपत्र दिएकोमा निर्माताले त्यस्ता चलचित्र छायाङ्कन गर्दा प्रचलित कानुनबमोजिम कुनै निकायबाट छुट्टै इजाजत्रपत्र लिनु

नपर्ने व्यवस्था रहेकोमा हालसम्म पनि एकद्वार नीति निर्माणजस्तो संवेदनशील विषयमा एकद्वार समितिको एकपटक पनि बैठक बस्न नसकेको अवस्था विद्यमान छ ।

चलचित्र उद्योग प्राथमिकताप्राप्त उद्योगको सूचीमा पर्नुपर्ने उद्योग हो । नेपाल सरकारको औद्योगिक नीति, २०६७ को मुख्य उद्देश्य ७.१ मा निर्यातमुखी, आयात प्रतिस्थापन गर्ने, रोजगारीका अवसरको सिर्जना गर्ने तथा कूल गार्हस्थ उत्पादनमा वृद्धि गर्ने उद्योगलाई प्राथमिकताप्राप्त उद्योगको सूचीमा राखिएको छ । चलचित्रको उत्पादनमा स्थानीय कच्चा पदार्थको प्रयोग हुन्छ । यी सबै विशेषताहरू चलचित्र निर्माण उद्योगमा विद्यमान भएकाले यसलाई पनि प्राथमिकताप्राप्त उद्योगमा राख्नु आवश्यक छ । निर्यातमुखी उद्योगका रूपमा पनि यसलाई विकास गर्न सकिने हुँदा निर्यातमुखी उद्योगको सूचीमा पनि यसलाई राख्नु पर्छ । यसबाट प्राप्त सुविधाले नेपाली चलचित्र उद्योगलाई द्रुत गतिमा समृद्धितिर लैजाने छ ।

नेपाल सरकारको Nepal Trade Integration Strategy 2010 ले पृष्ठ १० मा १९ ओटा वस्तुहरूलाई विशेष सुविधा र संरक्षण गर्ने नीति अवलम्बन गरेको छ । यी १९ ओटा वस्तु उत्पादन गर्ने उद्योगलाई सरकारले उद्योगको आधारशीला निर्माणलगायत थुप्रै सुविधाहरू दिने प्रावधान रहेको छ । चलचित्र उद्योगबाट उत्पादित चलचित्रहरू पनि ती १९ वस्तुहरू जस्तै निर्यातमुखी भएकाले, प्रशस्त रोजगारीका अवसरहरू सिर्जना गर्न सक्ने भएकाले, कुल गार्हस्थ उत्पादनमा महत्त्वपूर्ण योगदान गर्न सक्ने, तथा स्थानीय कच्चापदार्थको समेत प्रयोग हुने भएकाले यसलाई पनि २० औं वस्तुका रूपमा सो सूचीमा समावेश गर्नु पर्छ । हाल लाई कुल १९ ओटा बस्तु मध्ये सेवा क्षेत्र भित्रका ७ ओटा बस्तुमा यो क्षेत्र तत्कालै समावेश हुन नसकेतापनि सम्भावना भएका थप अन्य ५ ओटा निर्यातमुखी बस्तुहरुको सूचीमा भने अविलम्ब समावेश गर्नु आवश्यक देखिन्छ ।

नेपाली चलचित्र निर्यातमुखी उद्योग हुन सक्ने कारणहरू धेरै छन् । ६५ मुलुकमा नेपाली मूलका मानिसहरू बसोवास गर्छन् । ३० लाखभन्दा बढी नेपालीहरू विभिन्न मुलुकमा श्रम गरिरहेका छन् । ५० लाखभन्दा बढी नेपाली मूलका मानिसहरू छिमेकी राष्ट्र भारतमा छन् । त्यसैले विभिन्न मुलुकमा बस्दै आएका नेपाली मूलका मानिसहरूका बीचमा नेपाली चलचित्रले महत्त्वपूर्ण बजार उपलव्ध गर्न सक्ने बलियो सम्भावना देखिन्छ । चलचित्रको भाषा विश्वव्यापी स्वरूपको हुनु तथा यसलाई अझ स्वीकारयुक्त गराउन बजार उपलब्ध हुनसक्ने तथा माग भएको

भाषामा अनुवादित पनि गर्न सकिने हुनाले यसलाई निर्यात गर्न सकिने सम्भावना बढि भएको हो । नेपाली भूगोल, यहाँका लोकसंस्कृति, लोककथा आदिलाई चलचित्रमार्फत् अन्तर्राष्ट्रिय बजारमा पठाउन सकिने सम्भावना प्रचुर छ ।

नेपालमा वर्षेनि प्रशस्तै विदशी चलचित्र निर्माण तथा टेलिभिजन कम्पनीहरूले विभिन्न किसिमका चलचित्रहरू निर्माण गरिरहेका छन् । नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, श्रव्य-दृश्य तथा प्रशारण शाखाका अनुसार आर्थिक वर्ष २०६७/०६८ मा ७२ ओटा, आर्थिक वर्ष २०६८/०६९ मा ६७ ओटा र आर्थिक वर्ष २०६९/०७० मा ७१ ओटा विदेशी चलचित्रले नेपालमा छायाङ्कन गर्नका लागि इजाजत लिएका थिए । यसरी नेपाल आएका प्रत्येक चलचित्र निर्माण कम्पनीले नेपाली जनशक्तिलाई काम दिने तथा होटल, यातायातलगायत विभिन्न क्षेत्रलाई आर्थिक रूपमा टेवा पुऱ्याइरहेका छन् । यी विभिन्न कम्पनीहरूबाट भएको क्रियाकलापबाट नेपाललाई हुने आर्थिक लाभको मूल्याङ्कन गरिएको छैन । यो तथ्याङ्कहरूलाई विश्लेषण गरिएको अवस्थामा चलचित्रका यी क्रियाकलापहरूबाट ठूलो मात्रामा विदेशी मुद्रा आर्जन हुनुका साथै रोजगारीका अवसर प्राप्त भइरहेका छन् ।

नेपाललाई विदेशमा बन्ने चलचित्रहरूको पूर्ण वा आंशिक कामका लागि Out Sourcing गर्ने ठूलो कार्यस्थलका रूपमा विकास गर्न सकिन्छ । छलफलका क्रममा समितिलाई प्राप्त जानकारीअनुसार विगत ५ वर्षभित्रमा एउटा कम्पनीले हलिउडमा निर्माण गरेका ८५ वटा चलचित्रका एनिमेसनको Out Sourcing गरेर नेपालमा कार्य गरिरहेको अवस्था छ । हाल नेपालमा यस्ता १० भन्दा बढी कम्पनीहरू एनिमेसनको क्षेत्रमा Out Sourcing र केही हदसम्म सह-निर्माणको काम गरिरहेका छन् । यस्ता कामहरूमा स्वदेशी स्थानीय कच्चा पदार्थहरूको प्रयोग गरिन्छ । प्रविधिको द्रुत विकास र सस्तो तथा योग्य जनशक्तिका कारणले गर्दा एनिमेसन (Animation) र भिजुअल इफेक्ट (Visual Effect) का क्षेत्रमा नेपाललाई अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्न सकिन्छ । त्यसैले विदेशी मुद्रा आर्जनका लागि Out Sourcing को कार्य महत्त्वपूर्ण स्रोत हुन सक्छ ।

चलचित्र उद्योगलाई एक बलियो सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा विकास गर्न यससम्बन्धी पूर्वाधार निर्माणमा जोड दिन आवश्यक छ। राष्ट्रिय योजना आयोगबाट चलचित्र-नगरीको अवधारणा राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाका रूपमा रहेको छ । आ.व. २०७०/०७१

को नेपाल सरकारको नीति तथा कार्यक्रममा समेत यसलाई समावेश भई प्राथमिक पूर्वाधार निर्माणका लागि रकम विनियोजन भइसकेको छ । यस परियोजनाबाट स्वदेशी चलचित्रको निर्माण तथा छायाङ्कनका लागि आधार तयार हुनुका साथै अन्तर्राष्ट्रिय चलचित्र निर्माता तथा कम्पनीहरूलाई छायाङ्कन र निर्माणका लागि आकर्षित गर्न सकिने छ । यो उद्देश्य पुरा गर्न पनि चलचित्र विकासको लागि एउटा ठोसपूर्ण नीतिको आवश्यकता देखिएको हो ।

## नीति

४.१.१ नेपाली चलचित्र उद्योगलाई प्राथमिकताप्राप्त उद्योग र निर्यातमुखी उद्योगका रूपमा विकास गरिने छ ।

४.१.२ Nepal Trade Integration Strategy 2010 मा पुनरावलोकन गरी सोको सूचीमा रहेका १९ वस्तुहरू जस्तै (चलचित्र निर्यातमुखी उद्योग भएकाले, प्रशस्त रोजगारीका अवसरहरू सिर्जना गर्न सक्ने भएकाले, कुल गार्हस्थ उत्पादनमा योगदान गर्न सक्ने भएकाले र स्थानीय कच्चापदार्थ प्रयोग हुने भएकाले) यसलाई प्राथमिकताका सूचीमा पारिने छ ।

४.१.३ चलचित्र उद्योगलाई निजी क्षेत्रसँगको साझेदारीमा अगाडि बढाइने छ जसका लागि राज्यका तर्फबाट संरक्षण, सहयोग र सुविधा प्रदान गरिने छ । धार्मिक, सांस्कृतिक, तथा प्राकृतिक दृष्टिकोणले राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा स्थान ओगट्न सक्ने चलचित्रहरुको निर्माणमा ऐनमा व्यवस्था गरिएको Public Private Partnership (PPP) को मोडेलमा समेत चलचित्रहरु उत्पादन गरिनेछ ।

४.१.४ चलचित्रको छायाङ्कन तथा प्रशोधनका निम्ति चलचित्र नगरीको निर्माणलगायत आवश्यक पूर्वाधारहरूको निर्माण गरिने छ र यस्तो पूर्वाधार निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको संलग्नतालाई महत्त्व दिइने छ ।

४.१.५ चलचित्रसम्बन्धी आवश्यक कच्चा पदार्थ एवम् अन्य आवश्यक उपकरणहरू आयात गर्दा लगानीकर्तालाई प्राथमिकताप्राप्त उद्योग र निर्यातमुखी उद्योगले पाएसरहको छुट तथा सुविधा उपलब्ध गराइने छ ।

४.१.६ चलचित्र निर्माणमा आवश्यक सम्पूर्ण प्राविधिक कार्यहरू यथासम्भव देशभित्रै पूरा गर्न सकिने व्यवस्था गरिने छ ।

४.१.७ एनिमेसन (Animation) र भिजुअल इफेक्ट (Visual Effect) लगायत आउट सोर्सिङ ( Out Sourcing) बाट हुने चलचित्रसम्बन्धी कार्यका लागि नेपाललाई अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गरिने छ ।

४.१.८ एनिमेसन (Animation) र भिजुअल इफेक्ट (Visual Effect)का क्षेत्रमा कार्य गर्ने उद्योग वा कम्पनीलाई प्राथमिकताप्राप्त उद्योग र निर्यातमुखी उद्योगले पाएसरहको छुट तथा सुविधामार्फत् प्रोत्साहित गरिने छ ।

## प्रक्रिया

४.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

४.२.२ नेपाल सरकारको Nepal Trade Integration Strategy 2010 मा उल्लेखित नीति तथा प्राथमिकतामा टेकेर चलचित्र सम्बन्धि उद्योग तथा ब्यापारलाई प्रोत्साहन गर्न Trade Facilitation Policy लाई अविलम्ब कार्यान्वयनमा ल्याइने । १९ ओटा वस्तुहरूलाई विशेष सुविधा र संरक्षण गर्ने नीति अवलम्बन गरेअनुसार (ती १९ वस्तुहरू जस्तै चलचित्र पनि निर्यातमुखी उद्योग भएकाले, प्रशस्त रोजगारीका अवसरहरू सिर्जना गर्न सक्ने भएकाले, कुल गार्हस्थ उत्पादनमा योगदान गर्न सक्ने भएकाले र स्थानीय कच्चापदार्थ प्रयोग हुने भएकाले) चलचित्रलाई पनि नेपाल सरकारले २० औँ वस्तुका रूपमा सो सूचीमा समावेश गर्ने ।

४.२.३ नेपाल सरकारको औद्योगिक नीति, २०६७ को दफा १२.२.९ सँग सम्बन्धित अनुसूची ५ बमोजिमको सेवामूलक उद्योग व्यवसायमा चलचित्र निर्माण व्यवसाय रहेकाले यसलाई सो लगतबाट हटाई सोही नीतिको दफा १३.१ सँग सम्बन्धित अनुसूची ७ मा व्यवस्था भएको 'प्राथमिकताप्राप्त उद्योग' को लगतमा चलचित्र निर्माण व्यवसायलाई समावेश

गर्ने । औद्योगिक व्यवसाय ऐन, २०४९ मा उल्लिखित विषयवस्तुहरु संवोधन हुने गरी संशोधन गर्ने ।

४.२.४ नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजारको प्रचुर सम्भावना भएको हुनाले यसलाई निर्यातमुखी उद्योगमा समावेश गर्ने । औद्योगिक नीति, २०६७ को प्रकरण ८.४ अनुसार निर्यातमुखी चलचित्र उद्योगलाई पनि थप सुविधा र सहुलियत प्रदान गर्ने ।

४.२.५ औद्योगिक नीति, २०६७ को प्रकरण १७.६ अनुसार 'प्राथमिकताप्राप्त उद्योग' मा पर्ने जलविद्युत र खनिज उद्योगले पाएसरहको सुविधा नेपाली चलचित्र निर्माण उद्योगलाई उपलब्ध गराउने ।

४.२.६ औद्योगिक नीति, २०६७ को प्रकरण १४.२ बमोजिम नेपाली चलचित्र निर्माण उद्योगलाई पाँच वर्षसम्म अन्तःशुल्क र आयकर नलाग्ने व्यवस्था गर्ने ।

४.२.७ चलचित्र उद्योगमा न्यून ब्याजदरमा चलचित्र कर्जा प्रवाह गर्ने व्यवस्थाका सम्बन्धमा चलचित्र विकास बोर्डले आवश्यक कार्यहरू गर्ने ।

४.२.८ चलचित्र विकास बोर्डले चलचित्र-नगरीको निर्माणका निम्ति आर्थिक स्रोतको व्यवस्था गर्दै यसको पूर्वाधार निर्माणलाई अगाडि बढाउने ।

४.२.९ चलचित्र-नगरी तथा सुटिङ स्टुडियो निर्माण गर्ने, चलचित्र ल्याबहरूलाई सुविधासम्पन्न बनाउने आदि कार्यका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न चलचित्र विकास बोर्डले आवश्यक कार्यक्रम बनाउने ।

## ५. चलचित्र : वाणिज्य नीति

चलचित्र उद्योगलाई अघि बढाउन अन्तर्राष्ट्रिय क्षेत्रमा संरक्षण र सहयोगका विशेष नीतिहरू अपनाउने गरेको पाइन्छ । संरक्षणको एक विशेष नीति आजको प्रतिस्पर्धायुक्त भूमण्डलीय संसारमा आफ्नो चलचित्र उद्योगलाई अन्य ठूला चलचित्र उद्योगहरूको दबाब र अतिक्रमणबाट बचाउने कुरासँग सम्बन्धित रहेको छ । विभिन्न क्षेत्रीय, अन्तर्देशीय तथा अन्तर्राष्ट्रिय सन्धि-महासन्धिहरूमा हस्ताक्षर गरे पनि संरक्षणका न्यूनतम सीमा भित्र रहेर आफ्नो चलचित्र उद्योगका

निम्ति विशेष नीतिहरू अवलम्बन गर्दै अगाडि बढ्न सकिन्छ। चलचित्र र अन्य उद्योगहरूका बीचमा भिन्नता हुने भएकाले विश्व व्यापार सङ्गठनका नीतिहरू सांस्कृतिक उद्योग र उत्पादनका सम्बन्धमा अन्य उद्योग र उत्पादनभन्दा भिन्न रहेका छन् । यसलाई आधार मानेर विदेशी चलचित्र प्रदर्शन गर्ने कम्पनीहरूलाई निश्चित दिन कोरियाली चलचित्र प्रदर्शन गर्नुपर्ने नियम दक्षिण कोरियाले लागू गरेको देखिन्छ। भारत र बेलायतजस्ता मुलुकहरूले पनि आफ्नो चलचित्र उद्योगलाई हलिउड चलचित्र उद्योगको दबाब र अतिक्रमणबाट जोगाउन नीतिगत रूपमै विभिन्न उपायहरू अवलम्बन गर्दै आएका छन् ।

नेपालको आन्तरिक बजारमा नेपाली चलचित्रले विदेशी चलचित्रसँग असमान प्रतिस्पर्धा गरिरहनु परेको छ । मित्रराष्ट्र भारतबाट हिन्दी चलचित्रहरू निर्बाध रूपमा आयात भई प्रदर्शन भइरहेका छन् । ५० लाख नेपाली भाषी बसोवास गर्ने अनुमान गरिएको भारतमा नेपाली चलचित्रको ठूलो बजार हुँदाहुँदै पनि नेपाली चलचित्रले भारतमा व्यावसायिक रूपले निर्बाध रूपमा प्रवेश पाइरहेको छैन । १५/२० वर्ष अघिसम्म मुम्बई, दिल्ली, कोलकाता, आसाम, दार्जिलिङ, सिक्किम, जलपाइगुडी र पश्चिम बङ्गालका विभिन्न भागहरूमा नेपाली चलचित्रको प्रदर्शन र व्यापार हुनेगर्थ्यो । अहिले भारतमा नेपाली चलचित्रको बजार शून्य-प्रायः छ । भारतमा नेपाली चलचित्रको जाँच, प्रदर्शन र वितरणमा व्यावहारिक तहमा विभिन्न खालका कठिनाइहरू विद्यमान रहेकाले यो स्थितिको सिर्जना भएको हो । संरक्षण समस्याको समाधान हैन । यसलाई सन्तुलन गर्न हाम्रो प्रयास दुइ किसिमको हुनु पर्छ । एउटा हामीले मूल्य र गुणस्तरमा सुधार ल्याएर आफ्नो प्रतिस्पर्धात्मक धार बढाउन पर्छ, अर्को अन्य मुलुकमा विद्यमान गैर-कर अबरोध खारेजी गर्न सरकारी तथा निजी क्षेत्रबाट प्रयास गर्नु पर्छ ।

नेपाली चलचित्रको व्यापारसँग South Asian Free Trade Area, 1993, Indo-Nepal Treaty Of Trade (Revised 2009) र General Agreement On Trade In Services WTO गरी तीनवटा सन्धि र महासन्धिहरू सम्बन्धित छन् । यी सन्धि र महासन्धिसम्बन्धी गलत सूचना र धारणा नेपालमा नीति निर्माण तहसम्म विद्यमान रहेको देखिन्छ । खुला अर्थ नीतिको कारणले विभिन्न देशहरूसँग वाणिज्य व्यापार गर्दा फरक-फरक नीति अवलम्बन गर्न पाइन्न, एकै खालको नीति लागू गर्नुपर्छ भन्ने गलत बुझाइ छ । सोही कारण नेपाली चलचित्रको निर्यात भइराखेको छैन तर नेपालमा विदेशी चलचित्रको आयात भने निर्बाध रूपमा भइरहेको छ । विदेशी चलचित्रको

आयातमा नियन्त्रण गर्न मिल्दैन भन्ने गलत अवधारणाअनुसार नेपाली चलचित्र उद्योगले नकारात्मक परिणामहरू बेहोरिरहेको छ ।

WTO को General Agreement On Trade In Services को Part VI को Article 19, Clause 2 को प्रावधानअनुसार विकासोन्मुख मुलुकले आवश्यकताअनुसार व्यापारको कुन क्षेत्रलाई खुल्ला प्रतियोगितामा लाने भन्ने निर्णय गर्न सक्ने भएकाले विदेशी चलचित्रको आयातमा सकारात्मक विभेदको नीति अवलम्बन गर्न सकिन्छ ।

SAFTA Agreement अन्तर्गत संवेदनशील सूचीमा परेका उद्योगहरूलाई सम्बन्धित मुलुकले सकारात्मक विभेदको नीति अवलम्बन गर्दै संरक्षण दिन पाउने अवस्था रहेको छ । SAFTA Agreement को Article 3, Clause 2F बमोजिम सकारात्मक विभेदकारी नीति अवलम्बन गर्दा Reciprocate गर्नु आवश्यक पर्दैन । यसमा Least Develop Contracting State ले सकारात्मक विभेद लागू गर्न पाउने प्रावधान छ ।

Indo-Nepal Treaty Of Trade-Revised 2009 को Article 9 को प्रावधानअनुसार राष्ट्रिय स्वार्थ र राष्ट्रिय सम्पदा संरक्षणका लागि दुवै पक्षले आवश्यकीय नियन्त्रण गर्न सक्ने प्रावधान छ । यस प्रावधानलाई ध्यानमा राखी आवश्यकताअनुसार विदेशी चलचित्रको वार्षिक आयात सङ्ख्याको कोटा निर्धारण गर्ने नीति अवलम्बन गर्न सकिन्छ । नेपाली चलचित्र नेपालमा मात्रै निर्माण हुने र ठूलो प्रतिशत नेपालीलाई अनिवार्य भएको हुनाले विदेशी चलचित्रसँग यसलाई आरक्षण प्रदान गर्न सकिन्छ । विशेषतः हिन्दी र अङ्ग्रेजी चलचित्र उद्योग धेरै पुराना र ठूला भएका हुनाले खुला प्रतिस्पर्धामा नेपाली चलचित्र उद्योगले बाधाको सामना गर्नु परिरहेकाले संरक्षणको आवश्यक छ ।

नेपालको भौगोलिक विविधता तथा सांस्कृतिक विविधताको कारणले विदेशी चलचित्र निर्माताहरूले छायाङ्कन स्थलका रूपमा प्रयोग गर्न सक्ने प्रचुर सम्भावना रहेकाले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ३ को उपदफा ४ सँग सम्बन्धित अनुसूचीमा निषेध गरिएको सूचीबाट चलचित्र व्यवसायलाई हटाउँदा विदेशी चलचित्र निर्माताहरूलाई चलचित्र छायाङ्कन स्थलका रूपमा नेपाललाई छनोट गर्न सहज हुनुका साथै चलचित्र व्यवसायमा वैदेशिक लगानीलाई समेत आकर्षण गर्न सक्ने वातावरण तयार हुने देखिन्छ । साथै चलचित्र प्रदर्शनमा समेत वैदेशिक लगानीबाट चलचित्र घरहरूको पूर्वाधार विकास र बजार विस्तारमा सहयोग पुग्दछ । यसबाट प्रतिस्पर्धात्मक वातावरणसमेत सिर्जना भई चलचित्र घरहरूको पूर्वाधार एवम्

दर्शकवर्गलाई उपलब्ध गराउने सुविधामा अपेक्षित प्रतिफल प्राप्त हुन सक्दछ । यसरी नै नेपाली नागरिकलाई चलचित्रसँग सम्बन्धित निर्माण, प्रदर्शन तथा वितरणका क्षेत्रमा विदेशमा लगानीका लागि पनि मार्ग प्रशस्त गर्नु आवश्यक छ । यसो गर्दा नेपाली चलचित्र व्यावसायीले निर्माण गरेको धारणा, ब्रान्ड, उत्पादन आदिको विक्रीबाटसमेत विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

## नीति

५.१.१ चलचित्र उद्योगलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग र निर्यातमुखी उद्योगको सूचीमा सूचीकृत गरी यस व्यवसायलाई सोबमोजिमका सुविधाहरू उपलब्ध गराइने छ ।

५.१.२ स्वदेशी र विदेशी चलचित्रको प्रदर्शन तथा वितरणमा सकारात्मक विभेदको नीति अवलम्बन गरिने छ ।

५.१.३ विद्यमान कानुनमा पुनरावलोकन गरी चलचित्र निर्माण, प्रदर्शन तथा वितरण व्यवसायमा बाह्य लगानीका साथै विदेशमा चलचित्रको निर्माण, वितरण र प्रदर्शनमा नेपाली लगानीलाई खुला गरिने छ ।

## प्रक्रिया

५.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गरिने ।

५.२.२ विदेशी चलचित्रको आयात र प्रदर्शनका क्रममा स्वदेशी चलचित्रलाई निम्नबमोजिम संरक्षण प्रदान गर्ने :

क) स्वदेशी चलचित्र मात्रै प्रदर्शन गर्ने गरी इजाजतपत्र लिई नयाँ निर्माण हुने तथा सञ्चालनमा रहेका चलचित्र घरहरूलाई निश्चित समयावधिका लागि आयकर छुटको व्यवस्था गर्ने ।

ख) विदेशी चलचित्रका लागि आवश्यकताअनुसार कोटा निर्धारण गर्ने ।

ग) चलचित्रसम्बन्धी विभिन्न करहरूको दायित्व विदेशी चलचित्रका लागि बढी हुने व्यवस्था गर्ने ।

घ) विदेशी र स्वदेशी चलचित्र जाँच दस्तुरमा सकारात्मक विभेदको नीतिअन्तर्गत पुनरावलोकन गर्ने ।

ङ) नेपालका हरेक चलचित्र घरहरूले आवश्यकक्ताअनुसार वर्षको निश्चित प्रतिशत/दिन स्वदेशी चलचित्र प्रदर्शन गर्नुपर्ने व्यवस्था गर्ने ।

५.२.३ प्रति विदेशी चलचित्र वितरण वापत निश्चित रकम 'चलचित्र लगानी कोष' मा जम्मा गर्नुपर्ने व्यवस्था गर्ने ।

५.२.४ Indo-Nepal Treaty Of Trade (Revised 2009) को Article 5 को प्रावधानअनुसार नेपाली चलचित्रलाई भारतमा निर्यात गर्ने र प्रदर्शन गर्ने वातावरण सिर्जना गर्न नेपाल सरकारले भारत सरकारसँग पहल गर्ने ।

५.२.५ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को अनुसूची तथा विदेशी लगानी तथा एकद्वार नीति, २०४९ को अनुसूची-१ अनुसार चलचित्र उद्योग (नेपाली राष्ट्रभाषामा निर्मित) लाई विदेशीले लगानी गर्न नपाउने उद्योग तथा व्यवसायका रूपमा अनुसूचीकृत गरिएकाले नेपाल सरकारले उक्त अनुसूचीबाट नेपाली चलचित्रलाई हटाउने ।

५.२.६ चलचित्र प्रदर्शन व्यवसायमा समेत विदेशी लगानी दोहोरो रूपमा खुला गर्ने ।

## ६. चलचित्र निर्माण क्षेत्रको सबलीकरण

स्वदेशी चलचित्र उद्योगको सबलीकरणका लागि चलचित्र निर्माणमा निरन्तर पुँजी प्रवाह हुन आवश्यक छ । चलचित्र उद्योगको विकासमा राज्यको भूमिका रहे पनि निजी क्षेत्रको लगानी राज्यका तुलनामा बढी छ । राज्य मूलतः नीति निर्माण र नियमनकारी संस्थाका रूपमा रहेको हुन्छ । त्यसैले चलचित्र उद्योगको दिगो विकासका निम्ति निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गर्नु पर्दछ । व्यवसायका दृष्टिले निजी क्षेत्र कति दक्ष, प्रतिबद्ध, व्यावसायिक एवम् वैचारिक तथा अवधारणागत तहमा कति स्पष्ट छ भन्ने कुराले उद्योगको विकासमा प्रत्यक्ष रूपमा प्रभाव पार्छ ।

स्वदेशी चलचित्र उद्योगमा पुँजीको लगानी कम रहेको छ। औद्योगिक घरानाहरू आकर्षित भएका छैनन्। त्यसैले चलचित्र निर्माणको सङ्ख्या बढे पनि लगानी अपेक्षाकृत बढ्न सकेको छैन। यसले चलचित्रको प्राविधिक र व्यावसायिक पक्षलाई प्रभावित गरेको छ। नेपाली चलचित्र उद्योगको विकासका निम्ति यस क्षेत्रमा पर्याप्त पुँजी लगानी हुन आवश्यक छ। यसका लागि विद्यमान कानुनहरूमा पुनरावलोकन गरी राज्यले चलचित्र लगानी कोषमार्फत् निजी क्षेत्रसँग साझेदारी गर्ने तथा निजी क्षेत्रले राज्यका अतिरिक्त वैदेशिक लगानीकर्तासँग सहनिर्माणको कार्य गर्न सक्ने वातावरण बनाइनु पर्छ।

नेपाली चलचित्रको स्तरीयतालाई लिएर निरन्तर प्रश्न उठ्ने गरेको छ। स्तरीयताको प्रश्न चलचित्रको अन्तर्वस्तु र रूप (कथा वाचनको शैली, प्राविधिक गुणस्तरीयता आदि) सँग सम्बन्धित छ। स्तरीय चलचित्रले मात्र स्वस्थ मनोरञ्जन प्रदान गर्न सक्छ। बजारको विस्तार र विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्न पनि स्तरीय चलचित्र चाहिन्छ। आजको प्रतिस्पर्धायुक्त भूमण्डलीय युगमा स्तरीय चलचित्र नबनाई विदेशी चलचित्रको वर्चश्वलाई कानुनी र अन्य उपायहरूबाट मात्र नियन्त्रण गर्न गाह्रो छ। न्यून लगानी; सिर्जनात्मक क्षमताको न्यूनता; व्यावसायिक क्षमता, प्रतिबद्धता र दूरदर्शिताको कमी; मौलिकताको अभाव तथा बाह्य चलचित्रको नक्कल; चलचित्रसम्बन्धी आवश्यक ज्ञान, सीप र दक्षताको न्यूनता; चलचित्र समीक्षामा गम्भीरताको अभावजस्ता कमजोरी नेपाली चलचित्र उद्योगमा देखिन्छन्। चलचित्रलाई विशुद्ध मनोरञ्जन ठान्दै रातारात यसबाट दाम र नाम दुवै कमाउन चाहने मानसिकता चलचित्रको स्तरीकरणमा ठूलो व्यवधानका रूपमा रहेको देखिन्छ। चलचित्रलाई यसको मर्मसहित आत्मसात् गर्न र गराउन नसक्दा यस्तो स्थिति उत्पन्न भएको हो।

अधिकांश चलचित्रहरू स्तरीयताको अभावकै कारण दर्शकबाट अस्वीकृत भएका छन्। मध्यम वर्गलाई नेपाली चलचित्रहरूले त्यति आकर्षित गर्न सकेको पाइन्न। यो विदेशी चलचित्रले निर्माण गरेको मनोविज्ञानसँग भन्दा बढी नेपाली चलचित्रको स्तरहीनतासँग जोडिएको छ। नेपाली चलचित्रको स्तरीयतामा देखिएको समस्या नेपाली चलचित्रको बजार विस्तार हुन नसक्नुको एक महत्त्वपूर्ण कारण हो।

लेखनमा अनुसन्धानको कमी आजको चलचित्र निर्माणको अर्को समस्या हो। यसको समाधानका लागि मौलिक कथा, ऐतिहासिक, सांस्कृतिक, प्रयोगधर्मी चलचित्र साहित्यमा आधारित

चलचित्र निर्माणका लागि चलचित्र लागनी कोषमार्फत् प्रोत्साहन गर्ने नीति लिनु पर्दछ । देशको सांस्कृतिक, भाषिक, सामाजिक क्षेत्रमा सहायक सिद्ध हुने असल एवम् सभ्य समाज निर्माणमा योगदान दिने चलचित्रहरूलाई हुर्कने बढ्ने वातावरण बनाउन तथा अश्लील, भद्दा तथा समाजको आत्मिक भ्रष्ट्रीकरण गर्ने चलचित्रहरूलाई निरुत्साहित गर्न राज्यले सकारात्मक विभेदको नीति लिनै पर्ने स्थिति रहेको छ ।

नयाँ निर्माण गरिने अथवा निर्माण भइसकेका चलचित्रहरूलाई कुनै पनि सुविधा प्रदान गर्ने व्यवस्था गर्नुअघि तिनलाई निम्नबमोजिम वर्गीकरण गरी छुट्ट्याउनु अत्यावश्यक छ ।

क) बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्र

ख) पूर्ण व्यावसायिक चलचित्र

यी दुई वर्गमध्ये पहिलो अर्थात् बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्रलाई वस्तुगत र स्पष्ट आधारसहितको कार्यविधि बनाई राज्यले चलचित्र लगानी कोषमार्फत् प्रोत्साहन गर्ने र यस्ता चलचित्र बनाउने निर्मातालाई कर फिर्ताको सुविधा सहुलियतमार्फत संरक्षण गर्नु आवश्यक छ ।

चलचित्रलाई समाजप्रति जबाफदेही बनाउनका लागि कथा, पटकथा, संवाद, चलचित्र निर्माण, प्रदर्शन तथा वितरण आदिमा सहयोग गर्ने उद्देश्यले चलचित्र विकास बोर्ड मातहत सरोकारवाला चलचित्रसँग सम्बन्धित सङ्घ-संस्थासँगको सहकार्यमा चलचित्रनिर्माण, प्रदर्शन तथा वितरण परामर्श डेस्कको स्थापना र सञ्चालन वाञ्छनीय देखिन्छ । यस डेस्कले प्रि-प्रोडक्सन, प्रोडक्सन, पोस्ट-प्रोडक्सन तथा वितरण र प्रदर्शनका बारेमा आवश्यक परामर्श प्रदान गर्ने छ ।

चलचित्र नियमन गर्ने कार्यलाई विकेन्द्रीकरण गरी लागू गरिनु पर्छ । चलचित्र निर्माण इजाजतपत्र प्रदान गर्ने तथा चलचित्र जाँच गर्ने कार्य विकेन्दित गर्दा स्थानीय कथा, प्रतिभा र पहिचानको प्रस्फुटन हुने वातावरण बन्छ । स्वदेशमा बन्दै र स्थापित हुँदै आएका मातृभाषी चलचित्र, लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र, कलात्मक चलचित्रलगायतका मौलिक चलचित्रहरूको संरक्षण, प्रवर्धन र प्रोत्साहनका लागि सरकारले चलचित्र लगानी कोषमार्फत् उत्प्रेरित गर्नु पर्दछ ।

चलचित्र निर्माणको आधारशिला खडा गर्ने क्रममा राज्यले लगानी गर्ने नीति अवलम्बन गर्नु पर्दछ । हाल चलचित्र नगरीको अवधारणा राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय प्राथमिकता

प्राप्त आयोजनामा परेको तथा नेपाल सरकारको नीति तथा कार्यक्रममा समेत परेकाले यो अवधारणालाई अझ सुदृढ र विस्तारित गरेर लागु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । चलचित्र नगरी बनाउँदा यसको उपयोगितालाई समेत ध्यान दिँदै पूर्वाधार भएका ठाउँहरूमा यसलाई विस्तार गर्नु पर्छ । २०२८ सालमा स्थापना भई नेपाली चलचित्र उद्योगको आधारशीला र इतिहास निर्माण गर्न अहम् भूमिका खेलेको तत्कालीन शाही नेपाल चलचित्र संस्थानलाई निजीकरण गरिएको छ । काठमाडौँको बालाजुमा झन्डै ३० रोपनी जग्गामा फैलिएको छायाङ्कन स्टुडियोका साथै प्रयोगशाला, ध्वनि सम्पादन आदि सम्पूर्ण कार्य गर्ने भौतिक संरचना भएको उक्त चलचित्र विकास कम्पनी लिमिटेड हाल निस्क्रिय अवस्थामा छ । यसमा भएको निजी क्षेत्रको लगानीको स्वामित्व चलचित्र विकास बोर्डअन्तर्गत ल्याई सञ्चालन गर्ने वा चलचित्र निर्माता, प्रदर्शक र वितरकहरूको साझेदारी/सहकारीको अवधारणामा सञ्चालन गर्नु उचित हुन्छ ।

## नीति

६.१.१ वस्तुगत र स्पष्ट आधारमा चलचित्रलाई बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्र र पूर्ण व्यावसायिक चलचित्र गरी दुई समूहमा वर्गीकरण गरिने छ ।

६.१.२ बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्रको निर्माणमा निजी क्षेत्रसँग साझेदारी गरिने छ । यस्ता चलचित्रको उत्पादनमा सहनिर्माणलाई प्रोत्साहन गरिने छ ।

६.१.३ सबै चलचित्रको प्रदर्शनमा चलचित्र विकास शुल्क लगाइने छ । बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्र र पूर्ण व्यवसायिक चलचित्रका निर्मातालाई फरक फरक दरमा चलचित्र विकास शुल्क शुल्क फिर्ता गर्ने नीति अबलम्बन गरिने छ । तर हिंसा, अश्लिलता र समाजमा नकारात्मक सन्देश प्रवाह गर्ने चलचित्रलाई चलचित्र विकास शुल्क फिर्ता नगर्ने नीति अबलम्बन गरिने छ ।

६.१.४ स्तरीय चलचित्रको निर्माणमा आवश्यक पर्ने लेखक, निर्देशक, प्राविधिक, कलाकारलगायतका दक्ष जनशक्तिको उत्पादनलाई प्रोत्साहन गरिने छ ।

६.१.५ मौलिक एवम् स्तरीय चलचित्र निर्माणलाई प्रोत्साहन एवम् सहयोगका लागि चलचित्र लगानी कोषको स्थापना तथा सञ्चालन गरिने छ ।

६.१.६ चलचित्रको निर्माण नियमन गर्ने ऐन र नियमावलीमा आवश्यकता र समयानुकूल सुधारहरू गरिने छ ।

६.१.७ चलचित्र निर्माण इजाजत तथा चलचित्र जाँचलाई विकेन्द्रीकरण र सरलीकरण गरिने छ ।

६.१.८ चलचित्र विकास बोर्ड र सरोकारवाला पक्षको सहकार्यमा चलचित्र निर्माण परामर्श डेस्कको व्यवस्था गरिने छ ।

६.१.९ चलचित्रको छायाङ्कन तथा प्रशोधनका निम्ति आवश्यक पूर्वाधारहरूको निर्माण गरिनेछ र यस्तो पूर्वाधार निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको संलग्नतालाई महत्त्व दिइनेछ ।

६.१.१० चलचित्रनगरीको निर्माण तथा सञ्चालनको अवधारणालाई थप सुदृढ गर्दै चलचित्र नगरी निर्माण कार्य गरिने छ ।

६.१.१० काठमाडौं बालाजुस्थित चलचित्र विकास कम्पनी लिमिटेडमा भएको निजी क्षेत्रको लगानीको स्वामित्व चलचित्र विकास बोर्डअन्तर्गत ल्याई सञ्चालन गर्ने वा चलचित्र निर्माता, प्रदर्शक र वितरकहरूको साझेदारी/सहकारीको अवधारणामा सञ्चालन गरिने छ ।

## प्रक्रिया

६.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

६.२.२ राज्यले प्रोत्साहन गर्नुपर्ने बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक समूहमा परेका चलचित्र निर्माणका निम्ति चलचित्र लगानी कोषमार्फत् ऋण उपलब्ध गराउने व्यवस्था गर्ने ।

६.२.३ स्वदेशी तथा विदेशी दुवै चलचित्रलाई फरक-फरक दरमा चलचित्र विकास शुल्क लगाइने तर राज्यले प्रोत्साहन गनुपर्ने स्वदेशी चलचित्रका निर्मातालाई निश्चित प्रतिशत चलचित्र विकास शुल्क फिर्ताका लागि आर्थिक ऐनमा आवश्यक व्यवस्था गर्ने ।

६.२.४ नेपाली चलचित्रको निर्माणलाई अझ बढी व्यवस्थित, प्रभावकारी, पारदर्शी, वैज्ञानिक एवम् उपलब्धिमूलक बनाउन चलचित्र विकास बोर्डले निम्न कार्यहरू गर्ने :

(क) चलचित्र दर्ता प्रक्रिया सहज र सुलभ बनाउन अनलाइन दर्ता प्रणालीको व्यवस्था गर्ने ।

(ख) स्तरीय चलचित्र निर्माणका निम्ति सहयोग पुग्ने गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

(घ) विषयवस्तु, प्रस्तुति र प्रविधिका आधारमा अङ्कभार निर्धारण गरी चलचित्र वर्गीकरण गर्ने कार्यविधि जारी गर्ने ।

(ग) स्वदेशी चलचित्रको वर्गीकरणका लागि एउटा विज्ञ समिति गठन गर्ने ।

(ङ) चलचित्र विकास बोर्ड मातहत सरोकारवाला चलचित्रसँग सम्बन्धित सङ्घ-संस्थासँगको सहकार्यमा चलचित्र निर्माण, प्रदर्शन तथा वितरण परामर्श डेस्कको स्थापना र सञ्चालन गर्ने ।

(च) चलचित्र लगानी कोषमार्फत् मौलिक एवम् स्तरीय कथा, पटकथा, संवाद लेखन, अनुसन्धान तथा निर्माण आदिमा प्रोत्साहन गर्ने ।

## ७. आदिवासी/जनजाति मातृभाषी चलचित्र

आदिवासी, जनजाति, मातृभाषी चलचित्रहरूलाई राज्यका तर्फबाट निर्माण प्रक्रियामा सहजीकरण तथा प्रदर्शन व्यवस्थापनमा संरक्षण नरहेकाले हाल मूलधारबाट बाहिर परिरहेको अवस्था छ । तिनका लागि प्रस्फुटन, विकास, विस्तार र प्रवर्द्धनको वातावरण निर्माण गर्दा सम्बन्धित भाषा, संस्कृति र जातीय परम्पराको संरक्षण हुन सक्दछ । मातृभाषा बोल्ने व्यक्तिको सङ्ख्या क्रमशः न्यून हुँदै जानु; तीव्र सहरीकरण, सूचना र सञ्चार प्रविधिको विश्वव्यापी प्रभाव तथा भूमण्डलीकरणका प्रभावमा आदिवासी, जनजाति र अल्पसङ्ख्यक जातिको भाषा, संस्कृति र पहिचान सङ्कटमा पर्दै गएको वास्तविकतालाई ख्याल राखी तिनका जातीय अस्तित्वको पहिचान, भाषा र संस्कृतिको संरक्षणका लागि समेत ती विषयवस्तुमा बन्ने चलचित्रलाई राज्यका तर्फबाट

संरक्षण, सम्बर्द्धन गर्नु पर्दछ । चलचित्रसम्बन्धी यस्ता नीतिगत निर्णयहरू गर्दा आदिवासी जनजाति विज्ञहरूको प्रतिनिधित्व गराइनु पर्छ ।

नेपालमा अहिले आदिवासी जनजातिका मातृभाषामा बनेका चलचित्रहरू थुप्रै छन् तर ती राज्यका अभिलेखबाट बाहिर परेका छन् । उक्त मातृभाषी चलचित्रहरूको अवस्थाका बारेमा आधिकारिक सूचनाहरूको अभाव छ । यसको समाधानका लागि एकातर्फ आदिवासी जनजातिका मातृभाषामा बनेका चलचित्रहरूलाई चलचित्र निर्माण इजाजत तथा चलचित्र जाँचमा सहज वातावरणको निर्माणको आवश्यक छ भने अर्कातर्फ त्यस्ता चलचित्रको प्रदर्शन व्यवस्थापनलाई समेत सम्बोधन गर्न सक्नु पर्दछ । यस्ता चलचित्रको प्रदर्शनसम्बन्धी ठोस वातावरण नबनुन्जेलका लागि घुम्ती चलचित्र घर, खुला आकाशमा चलचित्र प्रदर्शनसम्बन्धी व्यवस्था एवम् मिनी चलचित्र घर निर्माणमा प्रोत्साहनको अवधारणामार्फत् प्रदर्शनको थप व्यवस्था गर्नपर्ने हुन्छ ।

## नीति

७.१.१ आदिवासी, जनजाति, मातृभाषी चलचित्रको निर्माण, प्रदर्शन र वितरणमा राज्यका तर्फबाट संरक्षण, सहयोग र सुविधा प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

७.१.२ आदिवासी, जनजाति, मातृभाषी चलचित्रकर्मीलाई यससम्बन्धी राज्यका निकायहरूमा प्रतिनिधित्व गराउने व्यवस्था गरिने छ ।

७.१.३ आदिवासी/जनजाति मातृभाषी चलचित्रको दर्ता प्रक्रियालाई सहजीकरण गर्नुका साथै त्यस्ता चलचित्रको दर्ता प्रक्रियालाई विकेन्द्रित गरिने छ ।

७.१.४ आदिवासी/जनजाति मातृभाषी चलचित्रको जाँचबापत लिइने जाँच दस्तुर न्यून गरिने छ ।

७.१.५ चलचित्र भवन नभएका ठाउँमा सम्बन्धित मातृभाषी चलचित्रहरूलाई घुम्ती चलचित्रका रूपमा प्रदर्शनका लागि प्रेरित गरिने छ ।

७.१.६ मातृभाषामा बनेका बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्रलाई निर्माणका साथै चलचित्र घरहरूमा प्रदर्शनका निम्ति पनि आवश्यक व्यवस्था गरिने छ ।

७.१.७ बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक आदिवासी/जनजाति चलचित्रको अन्तर्राष्ट्रिय प्रचारप्रसारलाई प्रोत्साहित गरिने छ ।

७.१.८ स्थानीय समुदायमा आधारित भई निर्माण गरिएको चलचित्रबाट स्थानीय समुदाय पनि लाभान्वित हुने नीति अवलम्बन गरिने छ ।

**प्रक्रिया**

७.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

७.२.२ चलचित्र विकास बोर्डले बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक आदिवासी/जनजाति मातृभाषी चलचित्रलाई नेपाल टेलिभिजनबाट प्रदर्शनका लागि पहल गर्ने ।

७.२.३ आदिवासी/जनजाति मातृभाषी चलचित्रकर्मीहरूको व्यावसायिक सीप र दक्षता अभिवृद्धिका निम्ति चलचित्र विकास बोर्डले विभिन्न कार्यक्रमहरू आयोजना गर्ने ।

७.२.४ चलचित्रकर्मी कल्याणकोषमा आदिवासी/जनजाति चलचित्रकर्मीहरूको प्रतिनिधित्व गराउने ।

७.२.५ बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक आदिवासी/जनजाति मातृभाषी चलचित्रको 'सब टाइटलिङ'का लागि चलचित्र विकास बोर्डले सहयोग गर्ने ।

७.२.६ प्रतिष्ठित अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा पुरस्कार जित्ने यस्ता चलचित्रहरूलाई राज्यका तर्फबाट पनि सम्मानित र पुरस्कृत गर्ने ।

## ८. लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्रको संरक्षण तथा प्रवर्द्धन

नेपालमा लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्रहरूको निर्माण हुने गरेको छ । यीमध्ये पनि वृत्तचित्र निर्माण कार्यमा निकै ठूलो उत्साह जागेको देखिन्छ । केही वृत्तचित्रहरूले चलचित्र घरहरूमा प्रदर्शनमार्फत् राम्रै मुनाफा आर्जन गरेको तथा यसका छुट्टै दर्शक निर्माण भएको अवस्था छ । नेपाली वृत्तचित्ररूले अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा सहभागिता जनाउँदै पहिचान स्थापित गरेको समाचारसमेत बेलाबखत आइरहेका छन् । नेपाली वृत्तचित्र, लघु चलचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्रहरूले नेपालको वास्तविकताको चिनारी गराउँदै देशको प्रतिष्ठा बढाउने तथा पर्यटन प्रवर्धनमा समेत मद्दत

पुऱ्याइरहेका छन् । यसैकारण वृत्तचित्र, लघु चलचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्र निर्माणमा प्रोत्साहन गर्नु आवश्यक देखिन्छ । साथै तिनलाई अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा पठाउनका निम्ति आवश्यक सहयोगका साथ तिनको व्यवासायीकरणका निम्ति समेत पहल हुन जरुरी छ ।

## नीति

८.१.१ लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्रको विकास, संरक्षण र प्रवर्धन गर्ने नीति अवलम्बन गरिने छ ।

८.१.२ लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्र निर्माण र प्रदर्शनलाई प्रोत्साहित गरिने छ ।

८.१.३ यस्ता प्रकृतिका चलचित्रका निम्ति दर्ता तथा जाँच प्रक्रियालाई सहज र सरल बनाइने छ ।

८.१.४ यस प्रकृतिका बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्र निर्माणमा चलचित्र लगानी कोषमार्फत् सहयोग उपलब्ध गराइने छ ।

## प्रक्रिया

८.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

८.२.२ लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्र निर्माणलाई चलचित्र विकास बोर्डले निश्चित कार्यक्रमहरू बनाई प्रोत्साहन गर्ने ।

८.२.३ प्रतिष्ठित अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा अवार्ड जित्ने यस्ता चलचित्रहरूलाई राज्यका तर्फबाट पनि सम्मानित र पुरस्कृत गर्ने ।

८.२.४ यस्ता चलचित्रहरूबीच प्रतिस्पर्धा गराई उत्कृष्ट हुनेलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने ।

८.२.५ यस्ता चलचित्र निर्माताहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका चलचित्र कार्यक्रमहरूमा सहभागी गराउन चलचित्र विकास बोर्डले आवश्यक कार्य गर्ने ।

## ९. चलचित्र पर्यटन

चलचित्र क्षेत्र पर्यटनसँग घनिष्ट रूपमा सम्बन्धित छ । यस सम्बन्धको एउटा पाटो पर्यटन चलचित्र हो । पर्यटन उद्योगको विकास र विस्तारका निम्ति चलचित्र उद्योगले बलियो भूमिका निर्वाह गर्न सक्छ र गर्दै आएको छ । चलचित्रमा छायाङ्कित प्राकृतिक, सांस्कृतिक एवम् धार्मिक महत्त्वका स्थलहरू, त्यहाँको जनजीवन, विविधता र विशेषताहरू एवम् त्यहाँका विविध सांस्कृतिक झाँकीहरूले पर्यटकलाई लोभ्याउनु स्वाभाविक छ । यसबाट आन्तरिक र बाह्य दुवै पर्यटकहरूलाई आकर्षित गर्न मद्दत पुग्छ । यही कारण पर्यटन बोर्डले पनि पर्यटन चलचित्रको अवधारणालाई स्वीकार गरी प्रोत्साहन गर्ने नीति लिएको छ ।

चलचित्र पर्यटनले सांस्कृतिक आदनप्रदानलाई बढाएर पर्यटन उद्योगको विकासमा योगदान दिन्छ । यस कार्यले स्थानीय समुदायमा रोजगारीका अवसरहरू सिर्जना गर्छ, अर्थतन्त्रलाई फाइदा पुऱ्याउँछ र प्रविधिको आदनप्रदानमा योगदान दिन्छ । समग्रमा यसले चलचित्रका साथै पर्यटन उद्योगलाई बलियो बनाउँछ । उदाहरणका निम्ति स्विटजरल्यान्ड आफ्नो मुलुकलाई चलचित्र पर्यटनको उपयुक्त गन्तव्य स्थलका निम्ति प्रचारप्रसार गर्न र विभिन्न मुलुकका चलचित्र उद्योगहरूलाई आफूतिर आकर्षित गर्न विभिन्न नीतिसहित विशेष सक्रिय रहेको देखिन्छ ।

पर्यटनको समुचित विकास गर्ने उद्देश्यसहित वि.सं. २०६५ मा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट 'पर्यटन नीति २०६५' निर्माण गरिएको पाइन्छ । यस नीतिको दफा ५ मा नयाँ नीतिको अपेक्षाका रूपमा 'विश्वपर्यटन मानचित्रमा नेपाललाई आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलका रूपमा परिचय गराउँदै पर्यटन क्षेत्रका हवाइ, होटेल, ट्राभल तथा टुरजस्ता विविध प्रकारका गतिविधि र व्यवसायमा वृद्धि भई सर्वसाधरणको जीविकोपार्जनका लागि रोजगारीका अवसरलगायत उत्पादनशीलता, जनताको जीवनस्तर र आर्थिक वृद्धिदर सँगसँगै राजस्वमा योगदान पुऱ्याउने अपेक्षा' राखिएको छ । यसरी नै सोही नीतिको दफा ९ को कार्यनीतिअन्तर्गत (घ) पर्यटन विविधिकरण, विस्तार र विकास (नीतिको ८घ.र ८ङ सँगँगँग सम्बन्धित) को बुँदा १० को चलचित्र पर्यटनअन्तर्गत 'नेपालमा चलचित्र छायाङ्कनका लागि आउने विदेशी चलचित्र निर्माताहरूलाई एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराई चलचित्र पर्यटनलाई प्रोत्साहन गरिने छ' भनिएको छ ।

विदेशी चलचित्र, वृत्तचित्र निर्माताहरू छायाङ्कनका लागि हालसम्म व्यक्तिगत प्रयासमा मात्र नेपाल आइराखेको स्थितिमा यसलाई संस्थागत गराउन आवश्यक छ । सरकारले विदेशी

चलचित्र निर्माता छायाङ्कनका लागि आउदा सुविधा प्रदान गरी आकर्षण प्रदान गर्ने नीति अवलम्बन गर्नु जरुरी छ । प्रत्यक्ष लाग्ने कर एवम् शुल्कहरूको कारणबाट विदेशी चलचित्र निर्माताहरूलाई विकर्षण गरिरहेको हुन सक्छ । त्यसैले शुल्क, राजस्व छुटको नीति लिनु आवश्यक छ, निशुल्क छायाङ्कन स्थल उपलब्ध गराउने, कर, भ्याट फिर्ता गर्ने जस्ता सहुलियतमार्फत् विदेशी चलचित्रकर्मीहरूलाई आकर्षित गर्न सकिन्छ । उनीहरूलाई धेरै ठाँउबाट इजाजतपत्र लिनुपर्ने झन्झटिलो प्रक्रियामा सुधार ल्याउन अत्यावश्यक छ । विदेशी कम्पनीहरूले विभिन्न सरकारी निकायबाट लिनुपर्ने स्वीकृतिको प्रक्रियालाई सरल र एकद्वार प्रणालीमार्फत् गराउने व्यवस्था गर्न आवश्यक छ । विदेशी कम्पनीहरूलाई छायाङ्कनका क्रममा चलचित्र विकास बोर्ड र पर्यटन बोर्डले सहकार्य गरी सुविधा उपलब्ध गराउने नीति लिनु आवश्यक छ ।

विदेशी चलचित्र निर्माताहरू छायाङ्कनका लागि नेपाल आउँदा वास्तवमै राज्यलाई अप्रत्यक्ष रूपमा ठूलो फाइदा पुग्न सक्छ । यहाँ छायाङ्कन भएको विदेशी चलचित्रको विषय र कथाले स्थानीय पहिचान निर्माणमा मद्दत पुग्छ, छायाङ्कन स्थलको आर्थिक गतिविधि बढाउनुका साथै जनशक्ति प्रयोगले रोजगारी सिर्जना गर्छ । सो चलचित्र प्रदर्शन हुँदा पर्यटकीय स्थलको प्रचारमा समेत मद्दत पुग्छ ।

आफ्नै वा नेपाली नागरिकसँगको संयुक्त लगानीमा नेपालमा चलचित्र निर्माण गर्न चाहने विदेशी व्यक्ति वा संस्थालाई एउटै निकायबाट चलचित्र छायाङ्कन गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा नीति निर्माणका लागि भन्दै सूचना तथा सञ्चार मन्त्रालयको सचिवको संयोजकत्वमा एकद्वार समिति गठन गर्ने व्यवस्था गरिएको छ। समितिका अन्य सदस्यहरूमा अर्थ मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, गृह मन्त्रालयका कम्तीमा प्रथम श्रेणीका अधिकृत, एक-एक जना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक, पुरातत्त्व विभागका महानिर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्रतिनिधि, चलचित्र विकास बोर्डका प्रतिनिधि र सूचना तथा सञ्चार मन्त्रालयका सहसचिव सदस्य रहने व्यवस्था गरिएको छ। नियमावलीमा मन्त्रालयको एकद्वार समितिबाट चलचित्र छायाङ्कन गर्ने सम्बन्धमा तय गरेको नीतिअनुरूप कुनै चलचित्र निर्माण गर्न इजाजतपत्र दिएकोमा निर्माताले त्यस्ता चलचित्र छायाङ्कन गर्दा प्रचलित कानुनबमोजिम कुनै निकायबाट छुट्टै इजाजतपत्र लिनुपर्ने छैन भनिएको छ। तर यस्तो संवेदनशील र गम्भीर महत्त्वको विषयमा नीति निर्माण गर्न नियमावलीबमोजिम तोकिएको समितिले यस सम्बन्धमा नीति निर्माण

गरेको छैन । कुनै निकायले चलचित्र छायाङ्कन गर्ने सम्बन्धमा छुट्टै सर्त तोक्ने भएमा सो सर्तहरू मन्त्रालयमा उपलब्ध गराउनु पर्ने व्यवस्था पनि नियमावलीमा गरिएको छ। यसै गरी नियमावलीमा विदेशी चलचित्र निर्माताको सुविधाका निम्ति मन्त्रालयबाटै सम्पर्क अधिकृत खटाउने व्यवस्था गर्दै निजलाई निर्माताले उपलब्ध गराउनुपर्ने सुविधा पनि तोकिएको छ । विदेशी निर्माताले ल्याउने छायाङ्कन उपकरणहरू सम्बन्धित भन्सार कार्यालयले लगत राखी पछि फिर्ता लैजाने सर्तमा विनाधितो छाडिदिनुपर्ने व्यवस्थाका साथसाथै कुनै विदेशी निर्माताले प्रचलित कानुनबमोजिम इजाजतपत्र प्राप्त ट्राभल्स, ट्रेकिङ वा र्‍याफ्टिङजस्ता एजेन्सीमार्फत् छायाङ्कन उपकरणहरू ल्याएमा त्यस्तो एजेन्सीको जिम्माका सम्बन्धित भन्सार कार्यालयले लगत राखी पछि फिर्ता लैजाने सर्तमा विनाधितो छाडिदिनुपर्ने उल्लेख गरिएको छ। चलचित्र निर्माणका बखत सम्पर्क अधिकृतले निर्वाह गर्नुपर्ने दायित्वलाई पनि नियमावलीमा किटान गरिएको छ ।

सहनिर्माणका लागि वैदेशिक निर्माता तथा कम्पनीहरू नेपाल आउँदा उनीहरूबाट नेपालले आर्थिक मुनाफा मात्रै प्राप्त गर्दैन बरु उनीहरूको अनुभव, सीप र विधागत दक्षता पनि नेपाली जनशक्तिले प्राप्त गर्दछ । चलचित्र क्षेत्रमा दक्ष जनशक्ति निर्माण गर्ने राज्यको कार्यक्रमलाई यसले अप्रत्यक्षतः ठूलो सहयोग पुर्‍याउँछ । स्थानीय छायाङ्कन स्थलको उपयोग हुँदा चलचित्र निर्माणका लागि आउने प्राविधिक र कलाकारले पर्यटकीय गतिविधि बढाउँछन् । अर्कातर्फ त्यसरी छायाङ्कन भएको चलचित्र अर्को पक्षको बजारमा गएपछि नेपालको पर्यटकीय स्थलको प्रचारमा मद्दत पुग्छ । त्यसकारण विदेशी चलचित्रको छायाङ्कनका लागि आकर्षित गर्न सरकारले निश्चित सुविधा दिने नीति बनाएर त्यस्ता छायाङ्कनलाई नेपालमा आकर्षित गर्न सक्छ ।

## नीति

९.१.१ चलचित्र पर्यटनको विकासका निम्ति चलचित्र पर्यटनको अवधारणालाई अङ्गीकार गरिने छ ।

९.१.२ नेपाललाई छायाङ्कन गन्तव्यका रूपमा विकास गर्नका लागि नेपालमा छायाङ्कन गर्न आउने विदेशी चलचित्र निर्माताहरू वा नेपालले विषेश प्राथमिकतामा राखेको पर्यटकीय गन्तव्य स्थलको अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसारमा सहयोग पुग्ने चलचित्र निर्माण गर्न आउने विदेशी चलचित्र निर्मातालाई विषेश सुविधा दिने नीति लिइने छ ।

९.१.३ चलचित्र उद्योगको विकासका निम्ति वैदेशिक लगानीलाई आकर्षित गर्ने नीति लिइने छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को पुनरावलोकन गरी चलचित्र उद्योगमा वैदेशिक लगानीलाई सरल र सहज बनाइने छ।

९.१.४ निम्न सर्त पूरा भएको सह-निर्माणको चलचित्रलाई नेपाली चलचित्र सरहको व्यवहार गरी सोअनुसारको सुविधा प्रदान गरिने छ।

(क) नेपाल र अन्य एक वा बढी मुलुकसँगको लगानी साझेदारीमा बन्ने चलचित्रको विषय, कथा नेपालसँग सम्बन्धित भएको

(ख) त्यसमा प्रयोग हुने प्राविधिक र कलाकारमा नेपाली नागरिकलाई कम्तीमा ५० प्रतिशत सहभागी बनाइएको

(ग) लगानीको हकमा थोरै लगानी गर्नेले कम्तीमा २० प्रतिशतभन्दा बढी लगानी गरेको र अधिकतम ७० प्रतिशतसम्म लगानी गरेको

(घ) छायाङ्कनस्थल नेपाल पनि भएको

९.१.५ विदेशी लगानी वा संयुक्त लगानीमा निर्माण हुने चलचित्रको चलचित्र निर्माण इजाजत दिने प्रक्रिया तथा चलचित्र छायाङ्कनका लागि विभिन्न स्थानहरूमा लिनुपर्ने अनुमतिको प्रक्रियालाई सरलीकरण गर्न एकद्वार नीति निर्माण गरी त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

९.१.६ नेपालमा विदेशी लगानी प्रवर्द्धन गर्ने उद्देश्यले चलचित्रको कम्तीमा ८० प्रतिशत भाग नेपालमा छायाङ्कन भएको वा कम्तीमा निश्चित सङ्ख्यामा वा प्रतिशतमा नेपाली कलाकार वा प्राविधिकलाई कम्तीमा निश्चित दिनसम्मका लागि काम लगाएको वा कम्तीमा कुनै निश्चित सङ्ख्याका व्यक्तिहरू निश्चित अवधिसम्म छायाङ्कनका लागि नेपालमा बसेको वा कुनै निश्चित अङ्कमा विदेशी मुद्रा यहाँ खर्च गर्ने चलचित्रलाई विशेष सुविधा दिइने छ।

९.१.७ विदेशी चलचित्र निर्मातालाई नेपालमा छायाङ्कनका लागि आकर्षण गर्न चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डले सहकार्य गरी विभिन्न नीतिगत सहजीकरणका साथै सहुलियत तथा सुविधा प्रदान गर्ने विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गरिने छ।

९.१.८ नेपाल सरकारले तोकेको खास पर्यटकीय क्षेत्रमा छायाङ्कन गरेको वा चलचित्रको विषयवस्तुको कारण उक्त चलचित्रले प्रत्यक्ष रूपमा नेपालको पर्यटक प्रवर्द्धनमा योगदान दिन सक्ने भएमा त्यस्तो चलचित्रलाई विदेशी लगानी मात्रैमा निर्माण भएको भए पनि सह-निर्माण भएको चलचित्रको मान्यता दिइने छ ।

**प्रक्रिया**

९.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

९.२.२ विदेशी लगानी वा संयुक्त लगानीमा निर्माण हुने चलचित्रका निर्माताहरूलाई धेरै ठाउँबाट छायाङ्कन इजाजत लिनुपर्ने झन्झटिलो प्रक्रियामा सुधार ल्याउन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (संशोधनसहित) को नियम ५क. बमोजिमको एकद्वार समितिबाट विदेशी चलचित्र निर्मातालाई एउटै निकायबाट चलचित्र छायाङ्कन गर्ने अनुमति प्रदान गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्ने । विदेशी लगानी वा संयुक्त लगानीमा निर्माण हुने चलचित्रका निर्मातालाई एकद्वार नीतिमार्फत् छायाङ्कन इजाजतको प्रक्रियालाई सहजीकरण गर्ने ।

९.२.३ चलचित्र विकास बोर्ड र पयर्टन बोर्डको सहकार्यमा कार्यक्रमहरू तय गरी विदेशी चलचित्र निर्माण कम्पनी तथा निर्माताहरूलाई आकर्षण गर्न सुरक्षाको पूर्ण प्रत्याभूति, लगानी गर्ने वातावरण, एकद्वार प्रणालीमार्फत् सरकारी प्रक्रियाको सरलीकरण, होटल बसाइमा सहुलियत, उपकरण तथा कच्चा पदार्थ ओसारपसारमा भन्सार सहुलियत, सुटिङ स्थलमा सहजीकरण तथा अवलोकन भ्रमणको व्यवस्था, इन्टरनेटलगायत सूचना प्रविधिका सुविधा, पूर्ण जानकारीसहितको लोकेसन तथा प्रोडक्सन गाइड र वेभ साइटको उपलब्धता, वैदेशिक एवम् संयुक्त लगानीका निम्ति मूल्य अभिवृद्धि कर फिर्ता, स्थानीय कामदारहरूको सहज प्राप्ति र तिनको तलब भत्तासम्बन्धी जानकारी, छायाङ्कन अवधिको दुर्घटना बीमा आदि सेवा, सुविधा र सहजता प्रदान गर्ने ।

९.२.४ आर्थिक ऐनमा व्यवस्था गरी विदेशी चलचित्र निर्मातालाई आकर्षणका लागि चलचित्र निर्माण तथा छायाङ्कन लागि अस्थायी रूपमा आयात गरिने उपकरण तथा सामग्रीमा शून्य भन्सार सहुलियत प्रदान गर्ने तथा भ्याट फिर्ताको व्यवस्था गर्ने ।

९.२.५ सह-निर्माणको मान्यता पाएका चलचित्रलाई खास सुविधा दिई नेपालमा चलचित्रको गतिविधिका लागि आकर्षित गर्ने कार्यक्रम नेपाल पर्यटन बोर्डको सहकार्यमा चलचित्र विकास बोर्डले कार्यान्वयन गर्ने ।

## १०. शिक्षा/तालिम : जनशक्तिको विकास

तत्कालीन शाही नेपाल चलचित्र संस्थानको स्थापनापश्चात् चलचित्रका विभिन्न विधामा दक्ष जनशक्ति उत्पादन गर्ने ध्येयले विदेशमा चलचित्रसम्बन्धी औपचारिक शिक्षाका लागि छात्रवृत्तिमा अध्ययनका लागि पठाउने गरिएको थियो । यसरी शिक्षा लिएको जनशक्ति चलचित्र क्षेत्रमा संलग्न थियो र अद्यापि छ । चलचित्रको अध्ययन अपेक्षाकृत खर्चिलो हुने भएकाले गुणस्तरीय चलचित्र निर्माणको वातावरण तयार गर्न चलचित्रसम्बन्धी औपचारिक अध्ययनका लागि स्वदेश तथा विदेशमा छात्रवृत्तिको व्यवस्था गरी राज्यले आवश्यक जनशक्ति उत्पादन गर्न सक्छ । यसरी छात्रवृत्तिमा विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीले अध्ययन पूरा गरेपश्चात् निश्चित वर्ष नेपाली चलचित्र क्षेत्रमा काम गर्नै पर्ने नीति लिइनु पर्छ । चलचित्रसम्बन्धी विषयमा शोधकार्य गर्ने विद्यार्थीहरूलाई समेत प्रोत्साहित गरी यस क्षेत्रमा बौद्धिक र दक्ष जनशक्ति तयार गर्न सकिन्छ ।

असल, स्तरीय एवम् उत्कृष्ट चलचित्रहरूको सिर्जना गर्नका निम्ति चलचित्रकर्मीहरूमा निर्माण प्रविधि, शैली र सिद्धान्तहरूको वैज्ञानिक अध्ययन, अनुभव र ज्ञान आवश्यक पर्ने भएको हुँदा, पटकथा लेखन, निर्देशन, सम्पादन, छायाङ्कन, ध्वनि रेकर्डिङजस्ता विविध प्राविधिक विषयहरूमा राष्ट्रिय स्तरमै विश्वविद्यालयहरूबाट सम्बन्धन प्राप्त गरी नेपालमै चलचित्रकलासम्बन्धी उचित शिक्षा दिने किसिमका चलचित्र शिक्षालयहरूको स्थापना गर्नु जरुरी छ । सरकारी वा निजी क्षेत्रसँगको सहकार्यमा चलचित्रसम्बन्धी विविध पक्षको तालिम दिने व्यवासायिक स्कुलको स्थापना तथा सञ्चालन गर्दा आवश्यक दक्ष जनशक्ति निर्माण गर्न सकिन्छ । टेलिभिजन र चलचित्रका लागि काम गर्ने व्यावसायिक जनशक्ति धेरै भएर पनि तिनको पेसागत दक्षता र सीप अभिवृद्धिका लागि तालिम तथा प्रशिक्षण केन्द्रहरूको अभाव छ । यो अभावलाई

घटाउनका लागि निजी क्षेत्रसँग सहकार्य गरी केन्द्रीय तथा क्षेत्रीय तहमा तालिम तथा प्रशिक्षण केन्द्रहरू स्थापना गर्नुपर्छ ।

चलचित्रसम्बन्धी औपचारिक अध्ययन-अध्यापनका लागि त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर स्नातक तहको एउटा क्याम्पस स्वदेशमै पनि सञ्चालनमा रहेको छ । त्रिभुवन विश्वविद्यालयका साथै अन्य विश्वविद्यालय र तिनका मातहतका क्याम्पसहरूमा पनि चलचित्रसम्बन्धी विषयमा अध्ययन-अध्यापन र शोधकार्य गर्ने-गराउने कार्य हुन थालेका छन् । चलचित्र विकास बोर्डबाट स्नातक, स्नातकोत्तर, दर्शनाचार्य तथा विद्यावारिधि उपाधिका लागि र विद्वत्वृत्तिका लागि छात्रवृत्ति तथा विद्वत्वृत्ति प्रदान गर्ने काम हुँदै आएको छ । चलचित्रलाई औपचारिक शिक्षा प्रणालीमा अझ सघन रूपमा समावेश गराउन सक्दा चलचित्र संस्कृतिको समग्र विकासमा र चलचित्रको गुणस्तरीयतामा सघाउ पुग्ने छ । यसका लागि तत्काल त्रिभुवन विश्वविद्यालय र अन्यले पनि चलचित्रसम्बन्धी एक छुट्टै विभागको गठन गर्नु आवश्यक छ । दीर्घकालीन रूपमा चलचित्र क्षेत्रलाई आवश्यक पर्ने उच्च जनशक्ति उत्पादनका लागि सिर्जना क्षेत्रका अन्य विभागहरु पनि अटाउने गरी सिर्जनात्मक कला विश्वविद्यालयल (University Of Creative Arts) को स्थापना हुनुपर्छ । चलचित्र शिक्षालाई माध्यमिक तहको पाठ्यक्रमदेखि नै व्यवस्था गरी गुणस्तरीय चलचित्र शिक्षाका लागि स्कुल, कलेज तथा विश्वविद्यालयमा समेत चलचित्र अध्ययन गर्ने व्यवस्था गर्नु पर्दछ ।

चलचित्र क्षेत्रमा काम गर्ने जनशक्तिको पेसागत दक्षता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यशाला आयोजनामा प्रोत्साहन गर्नुपर्छ । प्रविधिको विकाससँगै आउने नयाँ नयाँ उपकरणका सम्बन्धमा चलचित्र प्राविधिकहरूले अद्यावधिक हुनुपर्ने भएकाले यससम्बन्धी कार्यशाला आयोजना गर्नु पर्दछ । चलचित्र निर्माणका विभिन्न पक्षमा पेसागत दक्षता अभिवृद्धि गराउने छोटो समयका स्तरीय तालिम सञ्चालन गर्न तथा त्यस्ता तालिम आयोजनाका लागि प्रोत्साहन गर्न आवश्यक छ ।

## नीति

१०.१.१ चलचित्र क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न औपचारिक तथा अनौपचारिक गरी दुई किसिमका कार्यक्रमहरू लागू गरिने छन् ।

१०.१.२ औपचारिक कार्यक्रमअन्तर्गत निम्न कार्यक्रहरू लागू गरिने छन् :

क) चलचित्र विषयको अध्ययनलाई माध्यमिक तहदेखि नै ऐच्छिक रूपमा व्यवस्था गरिने छ ।

ख) चलचित्रसम्बन्धी ज्ञान र सीप भएका मध्यम स्तरीय जनशक्ति उत्पादन गर्न केन्द्रीय तथा क्षेत्रीय तहमा व्यावसायिक तालिम तथा प्रशिक्षण केन्द्रहरूको स्थापना गरिने छ ।

ग) चलचित्र क्षेत्रमा विशेषज्ञ स्तरका उच्च जनशक्ति उत्पादनका लागि विश्वविद्यालय तहमा चलचित्रसम्बन्धी छुट्टै विभाग गठन गरिने छ ।

घ) सिर्जनात्मक कला विश्वविद्यालयल (University Of Creative Arts) को स्थापना गरिने छ ।

१०.१.३ चलचित्र क्षेत्रका विभिन्न विधाका विज्ञहरूलाई सङ्गीत नाट्य प्रज्ञा-प्रतिष्ठानमा मनोनयन गरिने छ ।

१०.१.४ अनौपचारिक कार्यक्रमअन्तर्गत विभिन्न कार्यशाला, विचार गोष्ठी, अन्तर्क्रिया, अल्पकालीन प्रशिक्षण आदिको व्यवस्था गरिने छ ।

१०.१.५ सरकारी स्तरबाट एक छुट्टै चलचित्र अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरिने छ ।

१०.१.६ विदेशमा चलचित्र अध्ययन अनुसन्धानका निम्ति छात्रवृत्तिको व्यवस्था गरिने छ ।

१०.१.७ उल्लिखित नीतिहरू कार्यान्वयनका लागि आवश्यकता अनुसार निजी क्षेत्रसँग सहकार्य गरिने छ ।

## प्रक्रिया

१०.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१०.२.२ विश्वविद्यालयहरूलाई चलचित्रसम्बन्धी औपचारिक शिक्षाको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

१०.२.३ चलचित्र विकास बोर्डबाट स्वदेश तथा विदेशमा चलचित्रसम्बन्धी औपचारिक अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउन प्रभावकारी कार्यक्रमिक योजनामार्फत् कार्य गर्ने ।

१०.२.४ चलचित्र विकास बोर्डबाट चलचित्रसम्बन्धी पेसागत दक्षता अभिवृद्धिका लागि कार्यशाला, अन्तरक्रिया तथा तालिम कार्यक्रमहरू आयोजना गर्ने तथा चलचित्र क्षेत्रका विभिन्न सङ्घ/संस्थाहरूबाट आयोजना गरिने यस्ता कार्यक्रमलाई सहयोग तथा प्रोत्साहन गर्ने ।

१०.२.५ नेपाली चलचित्रको विकासका लागि चलचित्रका विभिन्न पक्षमा र यसको सामाजिक प्रभावसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्सान गर्ने ।

## ११. चलचित्र सङ्ग्रहालय तथा पुस्तकालय

चलचित्रहरू आजको समाजका ऐना हुन् भने भोलिका लागि जिउँदो जाग्दो इतिहास पनि हुन् । त्यसैले चलचित्रहरू देशका महत्वपूर्ण सम्पत्तिहरू हुन् । तर आजसम्म बनेका नेपाली चलचित्रहरू मध्ये प्राय धेरै जसो प्रदर्शन अवधिपछि असुरक्षित भई सडेर हराएर तथा मासिएर गैसकेका पनि छन् । तिनलाई व्यवस्थित रूपमा सुरक्षित गरी राख्न आवश्यक छ ।

कुनै पनि सेल्युल्वाइड चलचित्रका नेगेटिभ तथा पोजिटिभहरू निश्चित तापमान नियन्त्रण गरिएको निश्चित प्रकारको कक्षमा राखियो भने देशका यी अमूल्य सम्पत्तिहरू सयौं वर्षसम्म सुरक्षित रहन सक्दछन् । यी सबै बनिसकेका तथा बन्दै जाने मूल्यवान चलचित्रहरूलाई भविष्यका लागि सुरक्षित रूपमा संरक्षण गरेर संग्रह गरी राख्ने व्यवस्थाका निम्ति एउटा व्यवस्थित राष्ट्रिय चलचित्र संग्रहालय आवश्यक छ । हाल चलचित्र विकास बोर्डसँग जेजति सङ्गृहित सामग्रीहरू छन् तिनलाई शीघ्रातिशीघ्र डिजिटलाइज्ड गरी भविष्यका निम्ति सुरक्षित गर्न ढिलो भइसकेको छ ।

आम नेपाली चलचित्रका दर्शक, समीक्षक, अन्वेषक, पत्रकार, निर्माता, प्रदर्शक, वितरक, चलचित्रकर्मी, जिज्ञासु पाठक एवं भावी पिढीसमेतको आवश्यकतालाई ध्यानमा राखी केन्द्रीय

चलचित्र पुस्तकालयको स्थापना गर्नु आवश्यक छ । उक्त पुस्तकालयमा पुस्तक, पत्रपत्रिका, जर्नल आदिका साथमा श्रव्य-दृश्य सामग्रीहरू पनि रहने छन् । श्रव्य-दृश्य सामग्रीअन्तर्गत स्वदेश तथा विदेशमा निर्मित स्तरीय कथानक चलचित्र, वृत्तचित्रलगायत चलचित्रजन्य सामग्रीहरू राखिने छन् जसमा पत्रकार, समीक्षक, विद्यार्थी, शोधार्थी, शिक्षक, प्राध्यापक, अन्वेषक, लेखक, निर्माता, निर्देशक, प्राविधिक, कलाकार आदि चलचित्रसँग सम्बन्धित व्यक्तिहरूले प्रयोजन खुलाई कार्यालयसमयभित्र अवलोकन र अध्ययन गर्न पाउने व्यवस्था गर्नु आवश्यक छ ।

## नीति

११.१.१ चलचित्रसम्बन्धी पुस्तक तथा श्रव्य-दृश्य सामग्रीको अध्ययन, अवलोकन, खोज तथा अनुसन्धानलाई प्रोत्साहन गरिने छ ।

११.१.२ नेपाली चलचित्रहरूको संरक्षणका निम्ति राष्ट्रिय चलचित्र सङ्ग्रहालय स्थापना गरिने छ ।

११.१.३ केन्द्रीय स्तरको चलचित्र पुस्तकालय स्थापना तथा सञ्चालन गरिने छ ।

## प्रक्रिया

११.२.१ चलचित्र विकास बोर्डमा रहेको चलचित्र सङ्ग्रहालयलाई अत्याधुनिक एवम् व्यवस्थित गर्ने प्रक्रियालाई अगाडि बढाउने ।

११.२.२ चलचित्र विकास बोर्डमा रहेका नेपाली चलचित्रलगायत वृत्तचित्रहरूलाई चरणबद्ध रूपमा 'डिजिटिलाइजेसन' गर्ने ।

११.२.३ चलचित्र विकास बोर्डले चलचित्र सङ्ग्रहालयका निम्ति नेपाली चलचित्रहरूको खोज तथा सङ्कलन कार्य गर्ने ।

११.२.४ चलचित्र विकास बोर्डले उत्कृष्ट स्वदेशी तथा विदेशी चलचित्रहरूको सङ्कलन गर्ने तथा पुस्तकालयमा आएका चलचित्रकर्मी, पत्रकार, अध्येता आदिलाई अवलोकनको व्यवस्था गर्ने ।

११.२.५ चलचित्र विकास बोर्डमा भएको पुस्तकालयको स्तर वृद्धि गरी त्यसमा श्रव्य-दृश्य सामग्रीसमेत थपेर पत्रकार, समीक्षक, विद्यार्थी, शोधार्थी, शिक्षक, प्राध्यापक, अन्वेषक, लेखक, निर्माता, निर्देशक, प्राविधिक, कलाकार आदि चलचित्रसँग सम्बन्धित व्यक्तिहरूले प्रयोजन खुलाई कार्यालयसमयभित्र अवलोकन र अध्ययन गर्न पाउने व्यवस्था गर्ने ।

## १२. चलचित्र प्रदर्शन तथा वितरण

नेपालमा चलचित्र प्रदर्शनको इतिहास चलचित्र निर्माणको भन्दा पुरानो छ । प्रारम्भमा नेपालका चलचित्र घरहरूमा हिन्दी चलचित्र मात्रै प्रदर्शन गरिन्थे । नेपाली चलचित्र बन्न थालेपछि तिनले केही मात्रामा हिन्दी चलचित्रको प्रदर्शनलाई विस्थापित गरे तथापि अहिले हिन्दी तथा अङ्ग्रेजी चलचित्रको प्रदर्शनमा वृद्धि भएको छ ।

पछिल्लो समयमा सहरी क्षेत्रमा मल्टिप्लेक्सहरूको निर्माण तथा सञ्चालको क्रम सुरु भएको छ । यिनको उच्च गुणस्तरीय प्रदर्शन क्षमताका कारण दर्शकको सङ्ख्या पनि बढेको छ । यसले चलचित्र घरहरूको स्तरोन्नति हुँदा दर्शक सङ्ख्यामा पनि बढोत्तरी हुनेतिर सङ्केत गरेको देखाउँछ । त्यसैले दर्शकलाई उपलब्ध गराउने सुविधा र पूर्वाधारका आधारमा चलचित्र घरहरूको वर्गीकरण र स्तरीकरण आवश्यक छ ।

हाल सेल्युलाइड/डिजिटल चलचित्र घर १७४ वटा भिडियो चलचित्र घर ३७ वटाको चलचित्र प्रदर्शन इजाजतपत्र वहाल रहेको छ ।

चलचित्र विकास बोर्डबाट विगत तीन वर्षमा चलचित्र जाँचका लागि भएका सिफारिस सङ्ख्या

| आ.व. | विदेशी लचचित्र | | | स्वदेशी चलचित्र | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हिन्दी | अङ्ग्रेजी | अन्य | सेल्युल्वाइड | डिजिटल | भिडियो | वृत्तचित्र | विज्ञापन |
| ०६७/०६८ | ५० | ३० | ७ | २४ | ५३ | १४ | ३ | ८६ |
| ०६८/०६९ | ४२ | ३५ | १२ | १९ | ५४ | २ | १ | ९८ |
| ०६९/०७० | ४० | ३२ | ५ | ५ | ९१ | २ | १ | ५१ |

अहिलेका अधिकांश चलचित्र घरहरू सहरी तथा सहरोन्मुख क्षेत्रमा छन् । ग्रामीण क्षेत्रका धेरै दर्शकहरूले चलचित्र अवलोकनबाट वञ्चित हुनु परेको छ । उनीहरूसम्म स्वदेशी चलचित्रको पहुँच पुऱ्याउन मिनी चलचित्र घर, घुम्ती चलचित्र प्रदर्शन तथा खुला आकाशमुनि चलचित्र प्रदर्शनको अवधारणालाई अगाडि बढाउनु पर्छ । पूर्ण व्यावसायिक चलचित्रका सापेक्षतामा बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्र; जातीय पहिचानसहितका मातृभाषी चलचित्र; लघु

चलचित्र; वृत्तिचित्र वा अन्य प्रयोगात्मक चलचित्रको प्रदर्शनका लागि यो विधि बढी व्यावहारिक हुनेछ ।

बक्स अफिसको स्थापनाले चलचित्र प्रदर्शन र वितरण व्यवसायलाई वैज्ञानिक र पारदर्शी बनाउँछ । यसले कर प्रणालीलाई व्यवस्थित गर्दै चलचित्रकर्मीहरूलाई सामाजिक प्रतिष्ठा आर्जन गर्नमा सहयोग गर्छ । निर्माता तथा प्रदर्शक र वितरकहरूका बीचमा देखिने कतिपय जटिलतालाई न्यूनीकरण गरी स्वस्थ र मैत्रीपूर्ण वातावरण निर्माण गर्न पनि यसले मद्दत गर्छ ।

चलचित्रको प्रदर्शनका बेलामा हुने प्रचारप्रसारको कमीका कारण पनि दर्शकको सङ्ख्यामा न्यूनता देखिने गरेको छ । हाल कुन चलचित्र कहिलेबाट प्रदर्शनमा आउँछ भन्ने सूचनाको प्रसारण र चलचित्र प्रदर्शनको मितिका बीचमा असाध्यै थोरै दिन मात्र रहने गरेको छ । यस समस्याको निराकरणका लागि प्रदर्शन हुनुभन्दा अगावै प्रदर्शित हुने चलचित्रको मिति तय हुन आवश्यक छ । यसो गर्दा निर्माता, वितरक तथा प्रदर्शकहरूलाई प्रचारप्रसार गर्न सहज हुनेछ ।

चलचित्र प्रदर्शन तथा वितरणलाई बढी गुणस्तरीय बनाउन वैदेशिक लगानीका साथै स्वदेशी लगानी पनि विदेशका लागि खुला गर्नु आवश्यक छ । यसबाट एकातिर देशभित्र प्रतिस्पर्धात्मक वातावरण सिर्जना भई चलचित्र घरहरूको पूर्वाधार एवम् दर्शकलाई उपलब्ध गराउने सुविधामा अपेक्षित प्रतिफल प्राप्त हुन सक्दछ भने अर्कातिर नेपाली नागरिकको चलचित्र प्रदर्शन तथा वितरण व्यवसायलाई विदेशमा लगानीका लागि मार्ग प्रशस्त गर्दा नेपाली चलचित्र व्यावसायीले निर्माण गरेको धारणा, ब्रान्ड, उत्पादन आदिको विक्रीबाट विदेशी मुद्रा आर्जन हुन सक्दछ ।

## नीति

१२.१.१ स्वदेशी तथा विदेशी चलचित्रको प्रदर्शन र वितरणमा सकारात्मक विभेदको नीति अवलम्बन गर्दै स्वदेशी चलचित्रलाई निम्नबमोजिम संरक्षण प्रदान गरिने छ :

- क) स्वदेशी चलचित्र मात्रै प्रदर्शन गर्ने गरी इजाजतपत्र लिई नयाँ निर्माण हुने तथा सञ्चालनमा रहेका चलचित्र घरहरूलाई निश्चित समयावधिका लागि आयकर छुटको व्यवस्था गरिने छ ।
- ख) विदेशी चलचित्रका लागि आवश्यकताअनुसार कोटा निर्धारण गरिनेछ ।

ग) चलचित्रसम्बन्धी विभिन्न करहरूको दायित्व विदेशी चलचित्रका लागि बढी हुने व्यवस्था गरिने छ ।

घ) विदेशी र स्वदेशी चलचित्र जाँच दस्तुरमा सकारात्मक विभेदको नीतिअन्तर्गत पुनरावलोकन गरिने छ ।

ङ) नेपालका हरेक चलचित्र घरहरूले आवश्यकत्ताअनुसार वर्षको निश्चित प्रतिशत/दिन स्वदेशी चलचित्र प्रदर्शन गर्नुपर्ने व्यवस्था गरिने छ ।

१२.१.२ नेपाली चलचित्र घरहरूको वस्तुगत र स्पष्ट आधारमा वर्गीकरण गरी गुणस्तरीता अभिवृद्धिका लागि प्रोत्साहन गरिने छ ।

१२.१.३ चलचित्र घरहरू नभएका ठाउँमा मिनी चलचित्र घर, घुम्ती चलचित्र प्रदर्शन तथा खुला चलचित्र प्रदर्शनको नीतिगत व्यवस्था गरिने छ ।

१२.१.४ चलचित्र वितरण तथा प्रदर्शनमा आर्थिक पारदर्शिताका निम्ति बक्स अफिस प्रणालीको व्यवस्था गरिने छ ।

१२.१.५ मल्टिप्लेक्सलगायत अत्याधुनिक उपकरणसहितका सुविधासम्पन्न चलचित्र घरहरूको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ ।

१२.१.६ चलचित्र घर सम्बन्धी उपकरण तथा सामग्रीहरूको आयात गर्दा शून्य भन्सार महसुल दरको व्यवस्था गरिने छ ।

१२.१.७ दुर्गम क्षेत्र विकास समितिले तोकेका दुर्गम क्षेत्रभित्र बन्ने चलचित्र घरलाई प्रोत्साहन गरिने छ ।

१२.१.८ चलचित्र प्रदर्शन तथा वितरण व्यवसायमा स्वदेशमा आउने विदेशी लगानी तथा नेपाली नागरिकले विदेशमा गर्ने लगानी दुवैलाई खुला गर्ने नीति अवलम्बन गरिने छ ।

## प्रक्रिया

१२.२.१ स्वदेशी तथा विदेशी चलचित्रको प्रदर्शन र वितरणमा सकारात्मक विभेदको नीतिको कार्यान्वयनका लागि आर्थिक ऐनमा आवश्यक व्यवस्था गर्ने । चलचित्रको प्रदर्शन र

वितरण नियमन गर्ने व्यवस्थाका सम्बन्धमा ऐन तथा नियमावलीमा उल्लिखित विषयवस्तुहरु समेत संवोधन हुने गरी आवश्यकता र समयानुकूल सुधारहरू गर्ने ।

१२.२.२ चलचित्र घरको स्तरोन्नतिका लागि चलचित्र विकास बोर्डमार्फत् प्रोत्साहन गर्ने ।

१२.२.३ चलचित्र घरहरूको वर्गीकरणका लागि वस्तुगत तथा स्पष्ट आधारहरू सहितको कार्यविधि तयार गर्ने ।

१२.२.४ सुविधा सम्पन्न गुणस्तरयुक्त चलचित्र घरका सञ्चालकलाई सम्मानित तथा पुरस्कृत गरी गुणस्तरीय चलचित्रघरको निर्माण तथा सञ्चालनमा प्रोत्साहन गर्ने ।

१२.२.५ मल्टिप्लेक्स/मेघाप्लेक्सका चलचित्र घरहरूमा स्वदेशी चलचित्र प्रदर्शन गर्न प्रोत्साहन गर्ने ।

१२.२.६ आर्थिक ऐनमा चलचित्र प्रदर्शन गर्ने उद्देश्यले दर्ता भएका कम्पनी वा उद्योगहरूले चलचित्रघरमा प्रयोग हुने तोकिएबमोजिमका उपकरण तथा सामग्रीहरू आयात गर्दा बुझाउनु पर्ने भन्सार महसुल दर हाल २.५ प्रतिशत रहेकोमा सो दरलाई शून्य दर कायम गर्न आर्थिक ऐनमा व्यवस्था गर्ने ।

१२.२.७ चलचित्रको प्रचारप्रसारलाई प्रभावकारी बनाउन चलचित्रको प्रथम प्रदर्शनको मितिभन्दा अगावै अनलाइन माध्यमबाट सार्वजनिक गर्न चलचित्र विकास बोर्डले समन्वय गर्ने ।

१२.२.८ चलचित्रघरमा हुनुपर्ने न्यूनतम सूविधा तथा पूर्वाधार पूरा गर्न गराउन स्थलगत निरीक्षण प्रणालीलाई नियमित गर्ने ।

१२.२.९ दुर्गम क्षेत्र विकास समितिले तोकेका दुर्गम क्षेत्रभित्र बन्ने चलचित्र घरलाई प्रोत्साहन गर्न चलचित्र प्रदर्शन इजाजत-पत्रबापतको दस्तुर छुट गर्ने ।

## १३. अन्तर्राष्ट्रिय सम्बन्ध तथा बजार विस्तार

चलचित्र विकास बोर्डको प्रयासमा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारको दिशामा केही प्रयत्न भएको छ र एएफसी सञ्जालको सदस्यता यसले प्राप्त गरेको छ। यो एसिया प्रशान्त महासागरीय क्षेत्रका चलचित्रसम्बन्धी सरकारी तथा गैरसरकारी संस्थाहरू सम्मिलित सञ्जाल हो। नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तार गर्नका लागि यस सञ्जालको उपयोगलाई बढाउन सकिन्छ।

विदेशस्थित नेपाली राजदूतावास, अवैतनिक राजदूत र गैरआवासीय नेपाली सङ्घ-संस्थाहरूसँग सहकार्य गरी नेपालको संस्कृति र पर्यटनको विकासका लागि नेपालको संस्कृति, इतिहास, राष्ट्रिय पहिचानका विषयसँग सम्बन्धित चलचित्रहरू आदिको व्यापारिक/गैर-व्यापारिक प्रदर्शनको स्थायी व्यवस्था गर्न सक्दा नेपाली चलचित्रको बजार निर्माणमा सहयोग पुग्ने छ । नेपाली चलचित्रका लागि अन्तर्राष्ट्रिय बजारको विस्तार गर्न नेपाली श्रम बजार भएका र नेपालीभाषीहरू बसोवास गर्ने मुलुकहरूमा नेपाली चलचित्र वितरण र प्रदर्शनको सञ्जाल निर्माणको कार्य गर्नु आवश्यक छ । त्यस्ता मित्रराष्ट्रहरूमा राज्यबाट नेपाली चलचित्रको अवैतनिक प्रतिनिधि नियुक्त गरी नियमित चलचित्र प्रदर्शनको वातावरण तयार गर्न सकिन्छ । यस कार्यमा नेपाली राजदूतावास, गैरआवासीय नेपाली र निजी क्षेत्रसमेतको संलग्नता र सहभागितामा गराउँदा अझ प्रभावकारी रूपमा अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने छ ।

नेपाल र नेपालबाहिर नेपाली चलचित्रको बजार विस्तार गर्न सकिन्छ। सघन रूपमा नेपालीहरू कार्यरत रहेका मुलुकहरू नेपाली चलचित्र प्रदर्शनको राम्रो बजार बन्न सक्छ । मौलिक र स्तरीय चलचित्र निर्माण गरेर नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तार गर्न सकिन्छ ।

नेपाली चलचित्रका निम्ति भारत एउटा ठूलो बजार हो तर नेपाली चलचित्र त्यहाँ प्रदर्शनमा लैजान अनेकौं जटिलताहरू विद्यमान छन्। यस्ता जटितलाहरूलाई फुकाउन र नेपाली चलचित्रलाई भारतीय बजारसम्म सजिलोसँग पुर्‍याउन विशेष पहल गर्नुपर्ने आवश्यकता छ । अन्य मुलुकहरूमा पनि बजार विस्तारका लागि आवश्यक पहल गर्नु पर्छ ।

## नीति

१३.१.१ बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तार गर्नका लागि विदेश स्थित नेपालका आवासीय राजदूतावास, चलचित्र प्रवर्धन अवैतनिक प्रतिनिधि, गैर आवासीय नेपाली सङ्घ-संस्थासँग सहकार्य गरी चलचित्र प्रदर्शनसँग सम्बन्धित स्थायी प्रकृतिको अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गरिने छ ।

१३.१.२ सांस्कृतिक पहिचानसहितका स्वदेशी चलचित्रको गैरव्यावसायिक प्रदर्शनका लागि विदेश स्थित नेपाली राजदूतावाससँगको सहकार्यमा महोत्सवहरूको आयोजना गरिने छ ।

## प्रक्रिया

१३.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१३.२.२ अन्तर्राष्ट्रिय बजारको वर्तमान अवस्थाको अध्ययन गर्दै यसका विस्तारका आधारहरू पहिल्याई अन्तर्राष्ट्रिय बजार विस्तारका निम्ति उपयुक्त कार्यक्रमहरू बनाई लागू गर्ने ।

१३.२.३ भारतमा नेपाली चलचित्रको ठूलो बजार भएकाले त्यसका निम्ति चलचित्र जाँचमा भएको जटिलतालाई नेपालमा भएको व्यवस्थासरह सरल बनाउन नेपाल सरकारले द्विपक्षीय छलफल गरी आवश्यक वातावरण बनाउने ।

१३.२.४ विदेशमा नेपाली चलचित्र प्रदर्शनका लागि विदेशस्थित नेपाली राजदूतावास, गैरआवासीय नेपाली सङ्घ-संस्थाहरू, चलचित्र प्रवर्धन अवैतनिक प्रतिनिधि तथा नेपाली चलचित्र निर्माता र वितरकहरूसँगको सहकार्यमा चलचित्र विकास बोर्डले नेपाली चलचित्र प्रदर्शनको अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गर्ने ।

१३.२.५ नेपाली समुदायको बाक्लो उपस्थिति रहेको अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली चलचित्रसम्बन्धी पुरस्कार वितरण तथा महोत्सवहरू आयोजना गर्ने वा त्यस्तो महोत्सव गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

## १४. चलचित्र : बौद्धिक सम्पत्तिको संरक्षण

चलचित्र उद्योगमा चलचित्र तथा चलचित्रजन्य वस्तुको अनधीकृत उत्पादन, पुनरुत्पादन तथा विक्री-वितरण ठूलो समस्याका रूपमा रहँदै आएको छ। नेपालजस्तो मुलुकले मात्र होइन अमेरिका, बेलायत, जापानजस्ता विकसित मुलुकहरूले पनि यससम्बन्धी विविध समस्याहरूको सामना गर्दै छन् । डिजिटल प्रविधि र अनलाइन सेवाका कारण यसमा अझ चुनौतीहरू थपिएका छन् ।

चलचित्र उद्योगको विकासका निम्ति पाइरेसीलाई नियन्त्रण गर्न आवश्यक छ। नेपालमा चलचित्रको पाइरेसी निरन्तर बढ्दै गएको छ । चलचित्रको सहउत्पादनका रूपमा रहने गीत-सङ्गीतको पाइरेसी पनि असाध्यै धेरै हुने गरेको छ । प्रतिलिपि अधिकारसम्बन्धी कानुन भए पनि यसको प्रभावकारी कार्यान्वयन भएको देखिन्न । पाइरेसीका कारण चलचित्र गृहहरूमा चलचित्र

कम चलेका र निर्माताहरू मर्कामा परेको स्थिति छ । चलचित्र प्रदर्शन हुनुभन्दा अगावै सम्बन्धित चलचित्रका डिभिडी, भिसिडी, सिडीलगायत चलचित्रका डिजिटल सामग्रीहरू बजारमा आइपुग्छन् । पाइरेसी नियन्त्रणका निम्ति उपयुक्त ढङ्गले अगाडि बढ्न नसके यसले उद्योगलाई फस्टाउन दिने छैन ।

मूलत: बौद्धिक सम्पत्ति अधिकार व्यवस्थाले मौलिक, सिर्जनात्मक र नवीन अविष्कारमूलक काम तथा व्यवसायमा प्रयोग हुने पृथक् चिह्नउपरको अधिकार संरक्षण गर्दछ । यस्ता कुरामा यसले निजी सम्पत्तिसरहको स्वामित्वको अधिकार र नैतिक अधिकार, लाभको बाँडफाँट र गैरकानुनी प्रयोगबाट संरक्षणजस्ता गैरस्वामित्वमूलक अधिकार पनि स्थापित गरेको पाइन्छ । तर हाल प्रचलित बौद्धिक सम्पत्तिसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू र नेपालको कानुनले पनि परम्परागत ज्ञान सीप र सांस्कृतिक अभिव्यक्तिहरूको बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्न सक्ने अवस्था छैन । प्रतिलिपि अधिकारकै मात्र कुरा गर्ने हो भने पनि मौलिक रचनामा मात्र अधिकार रहने ब्यवस्था भएको देखिन्छ । यसो भएता पनि चलचित्रमा प्रयोग हुने देशभित्रका परम्परागत ज्ञान, सीप, कला, र संस्कृतिको पनि कुनै कुनै रूपमा बौद्धिक सम्पत्ति अधिकारको संरक्षण र सम्बन्धित समुदायलाई लाभको हिस्सेदार बनाउन आवश्यक छ । यसका लागि पद्धतिको विकास गर्नु पर्छ ।

## नीति

१४.१.१ चलचित्र तथा चलचित्रजन्य वस्तुको पुनरुत्पादन तथा विक्री-वितरणको कार्यको इजाजत लिनुपर्ने कानुनी व्यवस्था गरिने छ ।

१४.१.२ सिडी, भिसिडी, डिभिडीलगायतका 'डाटा स्टोर गर्ने डिभाइस' आदिबाट अनधिकृत प्रतिलिपि उत्पादन गरी विक्री-वितरण गर्ने कार्यलाई नियन्त्रण गर्न उक्त आधिकारिक सामग्रीमा विशेष चिह्न वा होलोग्राम प्रयोग गर्ने पद्धतिको विकास गरिने छ ।

१४.१.३ डिजिटल प्रविधिबाट इन्टरनेटलगायतका विद्युतीय माध्यमबाट हुने प्रतिलिपि अधिकारको उल्लङ्घनलाई नियन्त्रण गर्न यससम्बन्धी अनुगमन गर्ने विधि र प्रविधिको विकास गरिने छ ।

१४.१.४ इन्टरनेट अपलोडलगायतका विद्युतीय कारोबारमा चलचित्रलाई सम्बोधन गर्ने कानुनी व्यवस्था गरिने छ ।

१४.१.५ चलचित्रको उत्पादन, वितरण र प्रदर्शनमा प्रतिलिपि अधिकारको व्यवस्थापन, संरक्षण र कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी बनाउन सम्बद्ध पक्षबीच स्तरीय एवम् विधिसम्मत सम्झौता गर्ने-गराउने पद्धति विकास गरिने छ ।

**प्रक्रिया**

१४.२.१ डिजिटल प्रविधिलगायत अन्य प्रविधिहरूबाट हुने चलचित्रलगायत सबै रचनात्मक कामहरूको प्रकाशन, प्रशारण, वितरण, प्रयोग आदिमा प्रतिलिपि अधिकारको संरक्षणलाई प्रभावकारी बनाउन र विशेषतः चलचित्रजन्य रचनाको प्रतिलिपि अधिकारलाई समेत थप स्पष्ट रूपमा व्यवस्था गर्न प्रतिलिपि अधिकार ऐन, २०५१ लगायतका कानुनमा संशोधन गर्ने ।

१४.२.२ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१४.२.३ इन्टरनेट अपलोडलगायतका विद्युतीय कारोबारमा चलचित्रलाई सम्बोधन गर्ने कानुनी व्यवस्था गर्ने । साइबर ऐन बन्दाका बखत चलचित्रलाई पनि सो ऐनमा सम्बोधन गर्ने ।

१४.२.४ डिजिटिल प्रविधिबाट भएका प्रतिलिपि अधिकार उल्लङ्घनसम्बन्धी अपराध नियन्त्रण गर्न र यस्ता अपराधहरूको अनुसन्धान तहकिकात गर्न सहयोग पुग्ने डिजिटल विधि विज्ञान प्रयोगशाला (Forensic Lab) स्थापना गर्ने ।

१४.२.५ सिडी, भिसिडी, डिभिडीलगायतका 'डाटा स्टोर गर्ने डिभाइस' आदिबाट अनधिकृत प्रतिलिपि उत्पादन गरी बिक्री-वितरण गर्ने कार्यलाई नियन्त्रण गर्न उक्त आधिकारिक सामग्रीमा विशेष चिह्न वा होलोग्राम प्रयोग गर्ने पद्धतिका लागि :

क) हरेक प्रति उत्पादनमा एक विशेष आधिकारिक पहिचान अङ्क (इनकोड आइडी) राख्ने

ख) चलचित्रको दृश्यभित्रै अधिकारप्राप्त कम्पनीको चिह्न वा नाम (वाटर मार्क) राख्ने

१४.२.६ चलचित्र पाइरेसीको नियन्त्रणका निम्ति सरोकारवाला पक्षहरूसँगको सहकार्यमा चलचित्र विकास बोर्डले सचेतनामूलक कार्यक्रमहरूको सञ्चालन गर्ने ।

१४.२.७ चलचित्र तथा चलचित्रजन्य उत्पादनको पुनरुत्पादन तथा बिक्री वितरणको अनधीकृत कार्यको नियन्त्रणका लागि प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयलगायतको संलग्नतामा चलचित्र विकास बोर्डअन्तर्गत रहेको अनुगमन समितिलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।

१४.२.८ चलचित्र वितरणका लागि प्रयोग गरिने सर्भरमा चलचित्र निर्माता तथा वितरकले इजाजत दिएमा मात्र चलचित्र प्रदर्शनमा आउन सक्ने पद्धतिको विकास गर्ने ।

१४.२.९ सूचना प्रविधि नीति २०५७ तथा विद्युतीय कारोबार ऐन, २०६३ मा चलचित्रलाई पनि समावेश गर्ने ।

## १५. विज्ञापन चलचित्र

विज्ञापनलगायतका प्रचार सामग्रीको उत्पादन तथा प्रसारणमा नेपाली जनशक्ति अनिवार्य गर्ने विधिको विकास गरिनु पर्दछ । विदेशी कलाकार तथा भाषामा निर्मित विज्ञापनलाई नेपाली भाषामा स्वराङ्कन गरी उत्पादन तथा प्रसारण गरिएका सामग्रीबाट एकातर्फ भाषागत त्रुटिहरूको प्रचुरता विस्तारित हुँदै छ भने अर्कातर्फ नेपाली कलाकारलाई रोलमोडल बनाउनु पर्ने नेपाली समाजले उनीहरूलाई नचिन्ने तर विदेशी कलाकारलाई रोलमोडल बनाउने प्रवृत्ति हाबी रहेको छ । भषाको विकृति रोक्न र स्वदेशी 'सेलिब्रेटी'को पहिचान निर्माणका लागिसमेत विज्ञापन सामग्रीको उत्पादन तथा प्रसारणमा स्वदेशी जनशक्तिको अनिवार्यता आवश्यक छ । यसबाट रोजगारीको अवसरमा समेत सकारात्मक प्रभाव पर्नेछ ।

### नीति

१५.१.१ प्रचारप्रसार सामग्री एवम् विज्ञापन चलचित्रहरूमा स्वदेशी कलाकार एवम् प्राविधिकहरूको प्रयोग गरिने छ ।

१५.१.२ विज्ञापन चलचित्रलाई व्यावसायिक, सूचनामूलक र सार्वजनिक हितमूलक विज्ञापन चलचित्रका रूपमा वर्गीकरण गरिने छ ।

१५.१.३ विज्ञापन चलचित्रको निर्माण इजाजत तथा जाँच प्रक्रियालाई सरलीकरणका साथै विज्ञापन चलचित्र जाँच दस्तुर न्यून गरिने छ ।

१५.१.४ बहुराष्ट्रिय कम्पनीलगायत अन्य बाह्य व्यावसायिक संस्थाहरूले नेपालमा प्रशारणका लागि विज्ञापन चलचित्र निर्माण गर्दा नेपाली वा नेपालमा बोलिने अन्य मातृभाषामा विज्ञापन चलचित्र निर्माण गरी प्रदर्शन गर्नुपर्ने व्यवस्था गरिने छ ।

१५.१.५ नेपाली भूमिमा 'डाउन लिङ्क' गरिने विदेशी सशुल्क च्यानलहरूले विज्ञापनरहित कार्यक्रम मात्र केवल अपरेटर वा डिटिएच कम्पनीबाट प्रसारण गर्न पाउने व्यवस्था गरिने छ ।

**प्रक्रिया**

१५.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१५.२.२ विज्ञापन चलचित्रलाई व्यावसायिक, सूचनामूलक र सार्वजनिक हितमूलक विज्ञापन चलचित्रका रूपमा वर्गीकरण गर्न वस्तुगत र स्पष्ट आधारसहितको मापदण्ड तयार गर्ने ।

१५.२.३ विज्ञापन चलचित्रको निर्माण इजाजत तथा जाँचको कार्य चलचित्र जाँच समितिले गर्ने ।

## १६. पेसागत सुरक्षा तथा प्रतिष्ठा अभिवृद्धि

चलचित्र उद्योगलाई मर्यादित, विभेदरहित, श्रम र प्रतिभाको समुचित कदर गर्ने उद्योगमा रूपान्तरित गर्न आवश्यक छ । चलचित्र विकास बोर्डले चलचित्रकर्मी कल्याण कोष र बीमा कार्यक्रम सञ्चालन गरेर यसतर्फ केही कार्य गरे पनि समुचित नीतिगत व्यवस्था अहिलेसम्म पनि हुन सकेको देखिँदैन । खास गरी राज्यले चलचित्रकर्मीका सम्बन्धमा तीन किसिमका कार्यहरूलाई अघि बढाउन आवश्यक देखिन्छ। पहिलो उनीहरूको व्यावासायिक हकहितको संरक्षण, दोस्रो उनीहरूको क्षमता र सामाजिक प्रतिष्ठामा अभिवृद्धि र तेस्रो अवसरको सिर्जना । अवसरको कमी, समुचित पारिश्रमिकको अभाव, आर्थिक असुरक्षाको अनुभव आदि जस्ता कारणले पनि आज कयौँ प्रतिभाहरू विदेश पलायन भएका छन् । यसले चलचित्र उद्योगलाई हानि पुऱ्याउँदै आएको छ । चलचित्र उद्योगमा लाग्न र टिक्नका निम्ति उपयुक्त वातावरणको निर्माण गर्न नसक्दा प्रतिभा पलायमान भएका पाइन्छन् । सम्मानित र मर्यादित वातावरणको अभावले पनि यस्तो स्थिति निर्माण गर्न एक हदसम्म भूमिका निर्वाह गरेको देखिन्छ। यसरी चलचित्रकर्मीलाई सम्मानित

अनुभव हुने वातावरणको निर्माण गर्दै उनीहरूलाई व्यावसायिक रूपमा दक्ष बनाउने, श्रम र प्रतिभाको समुचित पारिश्रमिक पाउने स्थितिको निर्माण गर्ने, उनीहरूको हितका निम्ति कार्यक्रमहरू सञ्चालन गर्नेजस्ता कार्यहरू गर्न आवश्यक छ।

राष्ट्रिय चलचित्र पुरस्कार तथा चलचित्र दीर्घ साधना सम्मान प्रदान गर्ने कार्य गरी यस क्षेत्रका स्रष्टा, सर्जक तथा चलचित्रकर्मीहरूलाई प्रोत्साहित गरिनु पर्दछ । राष्ट्रिय पुरस्कार तथा सम्मानलाई प्रतिष्ठित पुरस्कारका रूपमा स्थापना गर्न राष्ट्र प्रमुखबाट पुरस्कार प्रदान गर्ने प्रचलन स्थापित गर्नु पर्छ । राष्ट्रिय चलचित्र पुरस्कारलाई यस क्षेत्रको मानक पुरस्कारका रूपमा विकास गरिनु पर्दछ । चलचित्र क्षेत्रमा काम गर्ने विशिष्ट चलचित्रकर्मीहरूलाई राष्ट्रिय स्तरको पुरस्कार तथा सम्मान प्रदान गर्ने गराउने कार्यबाट यस उद्योगसित सम्बन्धित व्यक्तिहरूले राष्ट्रिय स्तरको प्रोत्साहन प्राप्त गर्ने अनि त्यसका कारणबाट भविष्यमा ठूलो जोस र जाँगरका साथ विशिष्टतापूर्ण चलचित्र निर्माणका लागि मरी मेट्ने वातावरण निर्माण हुन सक्छ।

चलचित्रकर्मी कल्याण कोषको वर्तमान स्वरूप र प्रावधानहरूमा परिवर्तन गरी चलचित्रकर्मीहरूको सामाजिक र आर्थिक सुरक्षाको प्रत्याभूति प्रदान गर्न सकिन्छ । यसका लागि चलचित्रकर्मीहरूलाई पटके सहयोग मात्र नगरेर निश्चित आधारहरू तयार गरी सोही कोषबाट जीवन बीमा र उपदानसमेत दिने व्यवस्था गर्न सकिन्छ। हाल उक्त कोषमा करिब ३ करोड ५० लाख रहेको छ जो अपर्याप्त रहेकाले वृद्धि गर्नु आवश्यक छ । त्यसरी नै निजी क्षेत्रबाट समेत यसका लागि केही योगदान हुनुपर्छ । यस क्षेत्रमा कार्यरत चलचित्रकर्मीहरूले आफ्नो पारिश्रमिकबाट केही रकम कोषका लागि छुट्ट्याउने तथा चलचित्र निर्माता, प्रदर्शक र वितरकले पनि परियोजनाअनुसार केही प्रतिशत कोषमा जम्मा गर्ने गरी कल्याण कोषलाई पुनः परिभाषित गर्न सकिन्छ । जीवन बीमा र उपदानसहितको वास्तविक रूपमा चलचित्रकर्मीको सामाजिक सुरक्षाको प्रत्याभूति प्रदान गर्न नयाँ विधिको विकास गरी चलचित्रकर्मी कल्याण कोषलाई उपयोग गर्नु आवश्यक छ । दुर्घटनाको प्रचुर सम्भावना रहेको चलचित्र निर्माण क्षेत्रमा निर्मातालाई दुर्घटनाको कारणबाट हुनसक्ने आर्थिक जोखिम न्यूनीकरण गर्नु आवश्यक छ। चलचित्रमा कार्यरत चलचित्रकर्मीहरूको दुर्घटना वा यस्तै अन्य अप्रत्यासित घटना भएको अवस्थामा उपचार खर्चको सुनिश्चितताका लागि तथा निजको आश्रित परिवारलाई त्यस्तो अवस्थामा भरथेग होओस् भन्ने उद्देश्यका साथ सरोकारवाला पक्षहरूको संलग्नतामा चलचित्र विकास बोर्डमार्फत्

चलचित्रकर्मीहरूको छायाङ्कन अवधिको दुर्घटना बीमा कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमलाई चलचित्र छायाङ्कन तथा निर्माण अवधिभरकै लागि चलचित्र निर्माण परियोजनाकै दुर्घटना बीमा गर्ने कार्य हुन सकेमा चलचित्र निर्माताको दुर्घटनाको कारणबाट हुनसक्ने मानवीय तथा भौतिक स्रोतको क्षतिमा आर्थिक दायित्वको जोखिम न्यूनीकरण हुन सक्ने छ ।

राज्यको नीति निर्माणको तहमा संस्कृतिकर्मी (चलचित्रकर्मीसहित) को आवश्यक उपस्थितिको अभावमा यस क्षेत्रले अपेक्षित स्रोत र साधनको अभाव बेहोर्नु परेको छ । पेसाकर्मी, उद्योगव्यवसायीजस्तै संस्कृतिकर्मी (चलचित्रकर्मी) को पनि व्यवस्थापिकालगायतका नीति निर्माण तहमा उपस्थिति आवश्यक छ ।

## नीति

१६.१.१ वरिष्ठ चलचित्रकर्मीहरूको सामाजिक प्रतिष्ठा अभिवृद्धिका निम्ति विशेष परिचयपत्र तथा राष्ट्रिय सम्मानहरूको व्यवस्था गरिने छ ।

१६.१.२ राष्ट्रिय विभुषण ऐन, २०६४ अनुसार चलचित्रकर्मीहरुको प्रत्येक विधामा उल्लेखनीय कार्य गर्ने व्यक्तित्वहरुलाई प्रत्येक वर्ष विभुषण पदक तथा सम्मान प्रदान गरिने छ ।

१६.१.३ उत्कृष्ट चलचित्रकर्मीहरूका लागि विधागत रूपमा पुरस्कार र सम्मानको व्यवस्था गरिने छ ।

१६.१.४ व्यवस्थापिकालगायतका नीति निर्माण तहमा चलचित्रकर्मी (संस्कृतिकर्मी) को प्रतिनिधित्वलाई प्रोत्साहन गरिने छ ।

१६.१.५ चलचित्र क्षेत्रमा निरन्तर कार्य गरेका वरिष्ठ चलचित्रकर्मीलाई विशेष सहुलियत र सुविधा उपलब्ध गराइने छ ।

१६.१.६ चलचित्रकर्मीहरूको हितलाई दृष्टिगत गरी विभिन्न कल्याणकारी कार्यक्रमहरूलाई अघि बढाइने छ ।

१६.१.७ चलचित्रकर्मी कल्याण कोषको पुँजी वृद्धि गर्दै सञ्चालन र सहयोग वितरणसम्बन्धी हालको व्यवस्थालाई पुनरावलोकन गर्दै यसलाई अझ वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाइने छ ।

१६.१.८ चलचित्रकर्मी कल्याण कोष मार्फत जीवन बीमा र उपदानसहितको वास्तविक रूपमा चलचित्रकर्मीको सामाजिक सुरक्षाको प्रत्याभूति गरिने छ ।

१६.१.९ चलचित्रकर्मीको छायाङ्कन अवधिको दुर्घटना बीमा कार्यक्रमलाई छायाङ्कन अवधिको प्रोजेक्ट बीमा कार्यक्रमका रूपमा अघि बढाइने छ ।

१६.१.१० श्रमजीवी चलचित्रकर्मीहरूको हकहितको संरक्षण गर्ने नीति लिइने छ ।

**प्रक्रिया**

१६.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१६.२.२ चलचित्रकर्मीहरूको सामाजिक प्रतिष्ठा अभिवृद्धिका निम्ति राष्ट्रिय चलचित्र सम्मान र पुरस्कारको वितरण नियमित रूपमा चलचित्र विकास बोर्डले गर्ने ।

१६.२.३ चलचित्रकर्मी कल्याण कोष सञ्चालन कार्यविधिमा पुनरावलोकन गर्दै चलचित्र विकास बोर्डले यसलाई अझ वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाउने ।

१६.२.४ चलचित्रकर्मी कल्याण कोषको रकममा वृद्धि गर्ने ।

१६.२.५ चलचित्रकर्मीको छायाङ्कन अवधिको दुर्घटना बीमालाई चलचित्र प्रोजेक्ट बीमा कार्यक्रमका रूपमा अघि बढाउन चलचित्र विकास बोर्डले आवश्यक कार्य गर्ने ।

१६.२.६ चलचित्र विकास बोर्डले श्रमजीवी चलचित्रकर्मीहरूको हकहितको संरक्षणका निम्ति आवश्यक कानुन निर्माणको प्रक्रियालाई अगाडि बढाउने ।

१६.२.७ श्रमजीवी चलचित्रकर्मीहरूको हकहितको संरक्षण हुने गरी चलचित्र विकास बोर्डले विभिन्न कार्यक्रमहरू बनाई लागू गर्ने ।

## १७. चलचित्र पत्रकारिता, समीक्षा र चलचित्र सोसाइटी तथा क्लबहरू

चलचित्रको समग्र विकासका निम्ति चलचित्र पत्रकारिता, समीक्षा र चलचित्र सोसाइटी तथा क्लबहरूको विकास आवश्यक छ । चलचित्र पत्रकारिताले चलचित्रबारे जानकारी, त्यसको प्रचारप्रसार तथा त्यसका सबल र दुर्बल पक्षहरूको समुचित टिप्पणी र विश्लेषणका माध्यमबाट चलचित्रप्रति दर्शकहरूको अभिरुचि निर्माण गर्न, चलचित्रको बजार एवम् व्यापारलाई बढाउन,

स्तरीय, स्वस्थ र रचनात्मक उद्योगका रूपमा विकास गर्न, चलचित्रलाई कलात्मक एवम् सांस्कृतिक उत्पादनका रूपमा स्वीकार गर्दै यसलाई स्वस्थ र सार्थक मनोरञ्जनका रूपमा ग्रहण गर्न महत्त्वपूर्ण योगदान दिन्छ । चलचित्र समीक्षाले चलचित्रहरूको गम्भीर र सार्थक समीक्षाका माध्यमबाट चलचित्रको विकासमा योगदान पुऱ्याउँछ । चलचित्रको स्तरीयता निर्माणमा मात्र चलचित्र समीक्षाले योगदान दिन्न, यसलाई बलियो उद्योगका रूपमा विकास गर्न, यसको व्यापार प्रवर्द्धन गर्न, यसका कमजोरीहरूलाई पहिचान गर्न र हटाउन, चलचित्र र चलचित्र उद्योगका सम्बन्धमा उपयुक्त दृष्टिकोण, नीति र कार्यक्रमहरूको निर्माण गर्न, आजको भूमण्डलीय युगमा चलचित्र उद्योगको विकासका आवश्यक रणनीतिहरू तयार गर्न पनि सहयोग गर्छ ।

चलचित्र सोसाइटी र क्लबहरू चलचित्र उद्योगको विकाससँग गहिरो गरी जोडिएका हुन्छन् । यस्ता संस्थाहरू चलचित्रसम्बन्धी गम्भीर विमर्शका जीवन्त थलाहरू हुन् । जुन समाजमा चलचित्रका सम्बन्धमा जीवन्त बहस हुन्छ त्यहाँ चलचित्र रचनात्मक उद्योगका रूपमा बलियो हुन्छ । समाजमा चलचित्रसम्बन्धी जागरण ल्याउन, कला माध्यम र सांस्कृतिक उत्पादनका रूपमा यसको महत्त्वबोध गराउन, यसलाई सार्थक स्वरूप प्रदान गर्न, मुलुकको पहिचान र मौलिकताका सन्दर्भमा यसको महत्त्वलाई किटान गर्न, उद्योगका रूपमा यसलाई अघि बढाउन यस्ता सोसाइटी र क्लबहरूले गहकिलो योगदान दिन्छन् र दिँदै आएका छन् ।

चलचित्र उद्योगको विकास भएका मुलुकहरूमा यस्ता हजारौँ सोसाइटी र क्लबहरू हुन्छन् जसले निरन्तर चलचित्रका सम्बन्धमा बहसका साथसाथै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्छन् । यस्ता संस्थाहरूलाई चलचित्र निर्माता कम्पनीहरू र राज्यका तर्फबाट सहयोग उपलब्ध गराइन्छ । स्वयं संस्थाहरूले पनि विभिन्न ढङ्गले आर्थिक सङ्कलनका साथसाथै अन्य सहयोग जुटाउने प्रयत्न गर्छन् । नेपाल यस दृष्टिले प्रारम्भिक अवस्थामै देखिन्छ । सोसाइटी एवम् क्लबहरूको स्थापना यहाँ प्रारम्भिक चरणमै रहेको छ । त्यसैले चलचित्र सोसाइटी र क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालनमा प्रोत्साहन र प्रवर्धन आवश्यक छ ।

## नीति

१७.१.१ चलचित्रको प्रचारप्रसार एवम् विकासका साथसाथै मौलिक एवम् स्तरीय चलचित्रको निर्माणलाई बल पुग्ने गरी चलचित्र पत्रकारिता, फिल्म सोसाइटी एवम् क्लबहरूको विकासका निम्ति प्रोत्साहन तथा प्रवर्धनको नीति लिइने छ ।

१६.१.२ राज्यका तर्फबाट प्रदान गरिने राष्ट्रिय पदक, सम्मान तथा विभुषण चलचित्र पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वलाई समेत प्रदान गरिने छ ।

१७.१.३ चलचित्र पत्रकारिता क्षेत्रमा काम गरिरहेका योग्य तथा जेहन्दार पत्रकार एवम् चलचित्र समीक्षकहरूलाई स्वदेश तथा विदेशमा चलचित्रको अध्ययन तथा तालिमका निम्ति छात्रवृत्ति उपलब्ध गराइने छ ।

१७.१.४ चलचित्रसम्बन्धी अनुसन्धानमूलक अध्ययन एवम् लेखनका निम्ति चलचित्र पत्रकारहरूलाई विद्वतवृत्ति प्रदान गर्ने व्यवस्था गरिने छ ।

१७.१.५ चलचित्र सोसाइटी एवम् क्लबहरूलाई प्रभावकारी बनाउन उनीहरूले सञ्चालन गर्ने चलचित्रसम्बन्धी विभिन्न कार्यक्रमहरूलाई प्रोत्साहन एवम् सहयोग गरिने छ ।

१७.१.६ सरकारी क्षेत्रबाट आयोजना गरिने चलचित्रसम्बन्धी कार्यक्रममा चलचित्र सोसाइटी एवम् क्लबहरूको प्रतिनिधित्व गराइने छ ।

## प्रक्रिया

१७.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१७.२.२ चलचित्र पत्रकारितालाई अझ स्तरीय, प्रभावकारी र परिणाममुखी बनाउन चलचित्र पत्रकाररूलाई चलचित्र पत्रकारितासम्बन्धी विभिन्न कार्यक्रमहरू चलचित्र विकास बोर्ड आफैँले सञ्चालन गर्ने वा त्यसका लागि प्रोत्साहित गर्ने ।

१७.२.३ चलचित्र पत्रकारिता क्षेत्रमा काम गरिरहेका योग्य तथा जेहन्दार पत्रकार एवम् चलचित्र समीक्षकहरूलाई स्वदेश तथा विदेशमा चलचित्रको अध्ययन तथा तालिमका निम्ति छात्रवृत्ति उपलब्ध गराउने ।

१७.२.४ प्रत्येक वर्ष चलचित्रसम्बन्धी उत्कृष्ट समाचार एवम् फिचर लेखन कार्यको मूल्याङ्कन गरी चलचित्र विकास बोर्डले सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गर्ने ।

१७.२.५ चलचित्रसम्बन्धी उत्कृष्ट एवम् स्तरीय सामग्री सम्प्रेषण गर्ने सञ्चार माध्यमलाई पुरस्कृत एवम् सम्मानित गर्ने व्यवस्था गर्ने ।

१७.२.६ चलचित्रसम्बन्धी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय गोष्ठीहरूमा चलचित्र पत्रकार एवम् समीक्षकहरूलाई सहभागी गराउन चलचित्र विकास बोर्डले पहल गर्ने ।

१७.२.७ चलचित्र सोसाइटी एवम् क्लबहरूलाई प्रभावकारी बनाउन उनीहरूले सञ्चालन गर्ने चलचित्रसम्बन्धी विभिन्न कार्यक्रमहरूलाई चलचित्र विकास बोर्डले प्रोत्साहन एवम् सहयोग गर्ने ।

## १८. चलचित्र महोत्सव

चलचित्र एवम् चलचित्र उद्योगको विकासका निम्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका चलचित्र महोत्सवहरूको आयोजना आवश्यक हुन्छ । नेपालमा राज्य स्तरबाट बेलाबखत राष्ट्रिय चलचित्र महोत्सवको आयोजना गर्ने गरिएको छ । अहिले काठमाडौँमा मात्रै नेपाल अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव, अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव, मानवअधिकार चलचित्र महोत्सव, लोकबाजा चलचित्र महोत्सव, अफ्रिका चलचित्र महोत्व, काठमाडौँ सर्ट फिल्म फेस्टालगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरू नियमित रूपमा आयोजना हुन थालेका छन् । यस्ता महोत्सवहरू क्षेत्रीय रूपमा तथा राजधानीबाहिर पनि आयोजना गर्न निजी क्षेत्रलाई उत्साहित र प्रेरित गर्नुपर्छ । यस किसिमका महोत्सवहरूले चलचित्रप्रतिको रुचि निर्माण तथा गतिविधिमा सकारात्मक प्रभाव पारिरहेका छन् । चलचित्र महोत्सवहरूमा हुने अन्तर्राष्ट्रिय चलचित्रको सहभागिताले नेपाली दर्शकलाई अन्तर्राष्ट्रिय चलचित्रहरूसँग साक्षात्कार हुने र सिक्ने तथा अनुभवहरू आदानप्रदान गर्ने राम्रो अवसर प्रदान गरेका छन् । यस्ता महोत्सवहरू विभिन्न विषय/शीर्षकमा प्रशस्तै आयोजना हुनु चलचित्रको विकासका लागि हितकर छ ।

### नीति

१८.१.१ नेपाली चलचित्र उद्योगको विकासका निम्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका चलचित्र महोत्सव आयोजना गरिने छन् । निजी क्षेत्रबाट आयोजना गरिने यस प्रकारका चलचित्र महोत्सवलाई सहयोग एवम् प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने छ ।

१८.१.२ लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र, प्रयोगात्मक चलचित्र, आदिवासी जनजातिका मातृभाषामा बनेका बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक चलचित्र, प्रयोगात्मक चलचित्र, विद्यार्थी वा अध्येताले शैक्षिक प्रयोजनका लागि बनाएका चलचित्रको गैरव्यावसायिक प्रदर्शन तथा महोत्सवका निम्ति चलचित्रहरूको जाँच नगरिने नीति अवलम्बन गरिने छ ।

१८.१.३ अन्तर्राष्ट्रिय स्तरमा आयोजना गरिने चलचित्र महोत्सवहरूमा नेपाली चलचित्रहरूको सहभागितालाई बढाउन प्रोत्साहन गरिने छ ।

१८.१.४ विदेशमा नेपाली चलचित्र महोत्सव आयोजनाका लागि विदेश स्थित नेपालका आवासीय राजदूतावास, चलचित्र प्रवर्धन अवैतनिक प्रतिनिधि, गैर आवासीय नेपाली सङ्घ-संस्थासँग सहकार्यमा निर्माण हुने चलचित्र प्रदर्शनको अन्तर्राष्ट्रिय सञ्जालमार्फत् कार्य गरिने छ ।

**प्रक्रिया**

१८.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१८.२.२ चलचित्र विकास बोर्डले नियमिति रूपमा राष्ट्रिय चलचित्र महोत्सवको आयोजना गर्ने ।

१८.२.३ चलचित्र महोत्सवहरूको आयोजनामा चलचित्र विकास बोर्डले निजी क्षेत्रलाई प्रोत्साहित गर्न सहुलियत प्रदान गर्ने ।

१८.२.४ अन्तर्राष्ट्रिय स्तरमा आयोजना गरिने चलचित्र महोत्सवहरूमा नेपाली चलचित्रहरूको सहभागिता बढाउन चलचित्र विकास बोर्डले आवश्यक कार्य गर्ने ।

१८.२.५ नेपालमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको आयोजनाका निम्ति स्वदेशी र विदेशी संयुक्त प्रयासलाई अघि बढाउन चलचित्र विकास बोर्डले सहजीकरण गर्ने ।

## १९. चलचित्रकर्मीहरूको पेसागत आचारसंहिता

चलचित्र उद्योगको विकास र विस्तारका साथै त्यसलाई मर्यादित बनाउन आचारसंहिताको भूमिका महत्त्वपूर्ण हुने भएकाले चलचित्र निर्माता कम्पनी, निर्देशक, कलाकार, प्राविधिक, वितरक, प्रदर्शक सबैका निम्ति चलचित्र आचारसंहिता आवश्यक हुन्छ । चलचित्र आचारसंहिता यससम्बन्धी विद्यमान नीति, नियम र कानुनको कार्यान्वयनका साथै उद्योगलाई मर्यादित, अनुशासित र उपलब्धिमूलक बनाउन लागू गर्न आवश्यक छ। आचारसंहिता चलचित्र कर्म, भूमिका र यसले सम्पादन गर्ने अन्य कुरासँग पनि जोडिन्छ। आचारसंहिताको कार्यान्वयन यसमा संलग्नहरूलाई दायित्वबोध गराउने कुरासँग त सम्बन्धित छ नै चलचित्र उद्योगमा देखिने अराजकता, बेथिति र बेइमानी रोक्न पनि आचारसंहिता निर्माण गरिन्छ ।

चलचित्र विकास बोर्डले 'चलचित्रसँग सम्बन्धित निर्माता, निर्देशक, प्राविधिक, कलाकार, वितरक र प्रदर्शकहरूको आचारसंहिता, २०६१' लागू गरे तापनि यसको प्रभाकारी कार्यान्वयन हुन सकेको छैन । यो आचारसंहिता विद्यमान, नीति-नियमको मर्म र परिधिभित्र रही निर्माण गरिएको देखिन्छ र यो त्यसको व्याख्याका रूपमा आएको छ। वर्तमान परिवर्तित सन्दर्भमा यसको परिमार्जन आवश्यक छ । चलचित्र निर्माता, प्रदर्शक, वितरक, कलाकार, प्राविधकको आचारसंहिता सरोकारवाला पक्षकै संलग्नतामा बनाई यस क्षेत्रका विकृति, विसङ्गतिलाई पूर्ण रूपमा न्यूनीकरण गर्न सकिन्छ ।

### नीति

१९.१.१ चलचित्रसँग सम्बन्धित निर्माता, निर्देशक, प्राविधिक, कलाकार, वितरक र प्रदर्शकहरूको आचारसंहितालाई अझ पूर्ण र परिष्कृत तुल्याउँदै यसको प्रभावकारी कार्यान्वयन गरिने छ ।

### प्रक्रिया

१९.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

१९.२.२ विद्यमान चलचित्र आचारसंहितालाई सरोकारवालाको संलग्नतामा पुनरावलोकन गर्दै यसलाई अझ प्रभावकारी र सशक्त बनाउने ।

१९.२.३ आचारसंहिताको कार्यान्वयनका लागि सरोकारवाला पक्षसमेतको संलग्नतामा अनुगमन संयन्त्रको निर्माण गरी अनुगमन कार्यलाई सशक्त एवम् प्रभावकारी बनाउने ।

## २०. चलचित्र विकास बोर्ड

चलचित्र क्षेत्रको विकास/विस्तारका लागि सरकारी र निजी क्षेत्रको पनि सहभागिता हुने नेतृत्वदायी संस्थाको आवश्यकता महसुस गरेर चलचित्र निर्माण, प्रदर्शन तथा वितरण व्यवस्थित गर्न बनेको चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण), ऐन २०२६ मा २०५५ सालमा भएको संशोधनले चलचित्र विकास बोर्डको परिकल्पना गऱ्यो र २०५७ सालमा चलचित्र विकास बोर्डको गठन भयो । गठन हुँदा सञ्चार, गृह, अर्थ, संस्कृतिजस्ता मन्त्रालयका प्रतिनिधिहरूलाई चलचित्र विकास बोर्डमा सदस्यका रूपमा राखेर चलचित्रको निर्माण, वितरण र प्रदर्शनको व्यवस्थापनलाई एकद्वार नीतिअन्तर्गत विकास, विस्तार र प्रवर्धन गर्ने अवधारणा रहेको थियो ।

सरकार र निजी क्षेत्रको सहकार्यमा चलचित्र क्षेत्रको विकास र विस्तार गर्ने लक्ष्य राखिएको भए पनि बोर्डबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २४. मा बोर्डको काम, कर्तव्य र अधिकारको लामो सूची राखिए पनि ती सबै मूलतः नेपाल सरकार वा सूचना तथा सञ्चार मन्त्रालयलाई विभिन्न विषयमा राय सुझाव दिने प्रकृतिका रहेका छन् । मन्त्रालयको स्विकृति नभई बोर्डले कुनै पनि कार्यक्रम बनाई कार्यान्वयन गर्न सक्दैन ।

चलचित्र क्षेत्रको संस्थागत रूपमा समग्र विकास गर्ने नीतिअनुरूप गठन गरिएको यस संस्थाको सञ्चालनका लागि चलचित्र ऐन २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गर्दै चलचित्र नियमावली २०५७ निर्माण गऱ्यो । यस नियमावलीमा चलचित्र विकास बोर्डको काम, कर्तव्य र अधिकारलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) चलचित्रको विकास तथा प्रवर्द्धन गर्नका लागि आवश्यक नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेस गर्ने ।

(ख) चलचित्र क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नका लागि योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।

(ग) चलचित्र क्षेत्रको विकासका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गराउने ।

(घ) राष्ट्रभाषामा स्तरीय चलचित्र निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(ङ) नेपाली कला र संस्कृतिको जगेर्ना हुने किसिमका चलचित्र निर्माण गर्ने वातावरण सिर्जना गर्ने ।

(च) नेपालको धार्मिक, सांस्कृतिक र सामाजिक मान्यतामा आँच नआउने गरी नेपाललाई विश्वमा परिचित गराउने खालका चलचित्रको निर्माण गर्नका लागि विदेशी चलचित्र निर्मातालाई प्रोत्साहित गर्ने ।

(छ) चलचित्र महोत्सवको आयोजना गराई चलचित्र क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिलाई प्रोत्साहित तथा पुरस्कृत गर्ने ।

(ज) नेपाली कला तथा संस्कृतिको सम्बर्द्धनमा समर्पित चलचित्रकर्मीको जगेर्ना गर्न आवश्यक व्यवस्था मिलाउने ।

(झ) चलचित्र व्यवसायीहरूका बीच समन्वय कायम गर्ने ।

(ञ) चलचित्र व्यावसायीलाई चलचित्रसँग सम्बन्धित विषयमा परामर्श सेवा प्रदान गर्ने ।

(ट) चलचित्र व्यावसायको गुणस्तर वृद्धि गर्नका लागि चलचित्र व्यावसायीले पालन गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्नुपर्ने ।

(ठ) चलचित्र घरको वर्गीकरणका लागि मापदण्ड बनाई मन्त्रालय समक्ष पेस गर्ने ।

(ड) स्वदेशी निर्माताबाट राष्ट्रभाषामा निर्माण भएका चलचित्रको सम्पादनलगायतका अन्य काम गर्न तथा त्यस्तो चलचित्र विदेशमा निकासी गर्न सम्बन्धित निकायमा पेस गर्ने ।

(ढ) चलचित्रको विकास तथा प्रवर्द्धन गर्नका लागि उपयुक्त अन्य काम गर्ने गराउने ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (संशोधनसहित) ले तोकेको बोर्डको काम, कर्तव्य र अधिकारलगायत चलचित्र निर्माण, प्रदर्शन तथा वितरण क्षेत्रका धेरैजसो

नियमनकारी कार्यहरू मन्त्रालयबाट अधिकार प्रत्यायोजन भई बोर्डबाट सम्पादन भइरहेका छन् । यसका अतिरिक्त चलचित्रकर्मीहरूको पेसागत दक्षता अभिवृद्धिका लागि कार्यशाला, अन्तरक्रिया तथा तालिम कार्यक्रमहरू सञ्चालन गर्ने वा चलचित्रसँग सम्बन्धित सङ्घ/संस्थाहरूलाई त्यस्ता कार्यक्रम आयोजनामा प्रोत्साहन गर्ने, चलचित्रकर्मीको सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि चलचित्रकर्मी कल्याण कोष, चलचित्रकर्मीहरूको चलचित्र छायाङ्कन अवधिको दुर्घटना बीमा कार्यक्रम, राष्ट्रिय चलचित्र पुरस्कार, चलचित्रजन्य वस्तुको पाइरेसी नियन्त्रणको अनुगमनको कार्यहरू, चलचित्र-नगरीको निर्माणका लागि जग्गा प्राप्ति तथा प्राथमिक पूर्वाधार विकासका कार्यहरू, आदिवासी जनजाति मातृभाषी चलचित्र तथा चलचित्रकर्मीहरूलाई प्रोत्साहन तथा प्रवर्द्धन, दक्ष जनशक्ति उत्पादनका लागि चलचित्रसम्बन्धी औपचारिक उच्च अध्ययनमा छात्रवृत्ति उपलब्ध गराउने लगायत चलचित्र क्षेत्रको प्रवर्द्धन तथा विकासका कार्यहरू बोर्डबाट सीमित मात्रामा सम्पादन हुँदै आएका छन् । उल्लिखित कार्यहरू बोर्डको ऐन, नियमबाटै गरिने गरी संस्थागत रूपमा व्यवस्थित हुँदा बोर्डका काम कारवाहीहरू प्रभावकारी रूपमा सञ्चालन हुन सक्ने अवस्था सिर्जना हुन सक्दछ ।

चलचित्रको विकासका निम्ति निर्मित संस्थागत संरचनामा चलचित्र विकास बोर्ड मुख्य रहेको छ । मन्त्रालयद्वारा प्रत्यायोजित अधिकारलाई चलचित्र विकास बोर्डले प्रयोग गर्दै आएको छ । मन्त्रालयसमक्ष पेस नगरी र मन्त्रालयले सहमति नदिई बोर्डले कुनै नीतिगत परिवर्तन र महत्त्वपूर्ण योजनाहरू कार्यान्वयन गर्न सक्तैन । बोर्ड प्रभावकारी हुन नसक्नुको एउटा महत्त्वपूर्ण कारण यही रहँदै आएको छ ।

चलचित्रको विकास र प्रवर्द्धनका लागि नेपाल सरकारद्वारा मनोनित व्यक्तिको अध्यक्षतामा चलचित्र क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूमध्येबाट मन्त्रालयबाट मनोनित तीन जना सदस्यहरू, अर्थ मन्त्रालयको प्रतिनिधि सदस्य, सूचना तथा सञ्चार मन्त्रालयको प्रतिनिधि सदस्य र उपसचिव, सूचना तथा सञ्चार मन्त्रालयको सदस्य-सचिव रहने गरी कार्यावधि दुई वर्षको हुने गरी चलचित्र विकास बोर्ड गठन हुने प्रावधान रहेको छ । बोर्ड गठन भएको १३ वर्षमा एघारौँ कार्यकालका रूपमा चलचित्र विकास बोर्ड सञ्चालक समितिले काम गरिरहेको स्थितिलाई नियाल्दा बोर्डको गठनमा राजनीतिक प्रभाव ज्यादा परेको देखिन्छ । राजनीतिक हस्तक्षेपकै कारण चलचित्र विकास

बोर्ड सञ्चालक समितिको परिवर्तन छिटोछिटो हुने र पूर्ण कार्यकाल काम गर्न नपाउने अवस्था सिर्जना भई चलचित्र विकास बोर्डले गर्नुपर्ने कामहरू प्रभावित भएका छन् ।

चलचित्र विकास बोर्डको गठन निजी क्षेत्रको नेतृत्व र विभिन्न मन्त्रालयको प्रतिनिधित्व सहितको चलचित्र सम्बन्धी नीति, नियम र विकास तथा प्रवर्धनको कार्यहरूका लागि अधिकार सम्पन्न मूल स्वायत्त संस्थाका रूपमा परिकल्पना गरिएको हुनाले यसलाई वार्षिक रूपमा नेपाल सरकारबाटै बजेट विनियोजन हुने नीति लिन आवश्यक छ । विदेशी चलचित्रहरूको प्रदर्शनबाट उठेको चलचित्र विकास शुल्कमा निर्भर हुनु पर्ने वर्तमान अवस्था यस संस्थाको विदेशी चलचित्रको प्रभावलाई कम गर्दै नेपाली चलचित्रको प्रवर्धन विकास गर्ने उद्देश्यसँग बाझिएको विरोधाभासपूर्ण स्थिति छ । यस विरोधाभासको निकासका लागि स्वदेशी चलचित्रसँग पनि चलचित्र विकास शुल्क लिई बौद्धिक, कलात्मक, मौलिक तथा यथार्थपरक र पूर्ण व्यवसायिक चलचित्रका निर्मातालाई फरक फरक दरमा उक्त शुल्क फिर्ता गर्ने नीति अङ्गीकार गर्न आवश्यक छ । हिंसा, अश्लिलता र समाजमा नकारात्मक सन्देश प्रवाह गर्ने स्वदेशी चलचित्रका निर्मातालाई चलचित्र विकास शुल्क फिर्ता नगर्ने नीति अङ्गीकार गर्न आवश्यक छ । विदेशी र स्वदेशी चलचित्रको प्रदर्शनबाट चलचित्र विकास शुल्क वापत उठेको रकम 'चलचित्र लगानी कोष' मा जम्मा गरी वस्तुगत र स्पष्ट आधारमा चलचित्र लगानी कोषको सञ्चालन मार्फत स्वदेशी चलचित्रको विकास, विस्तार र प्रवर्धनका लागि कार्य गर्न आवश्यक छ ।

## नीति

२०.१.१ चलचित्र विकास बोर्डलाई एक स्वायत्त र अधिकारसम्पन्न संस्था बनाइने छ र यसको संरचनामा आवश्यक सुधारहरू गरिने छ ।

२०.१.२ चलचित्रकर्मीको नेतृत्वमा निजी क्षेत्रका चलचित्रकर्मीको बाहुल्य रहने गरी सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति मन्त्रालय र अर्थ मन्त्रालयको प्रतिनिधित्व रहने गरी चलचित्र विकास बोर्डको गठन विधि तय गरिने छ ।

२०.१.३ चलचित्र विकास बोर्डले नेपाल सरकारसँग सम्पर्क गर्दा संस्कृति मन्त्रालयमार्फत् सम्पर्क गर्ने विधि स्थपित गरिने छ ।

२०.१.४ चलचित्र विकास बोर्डलाई चलचित्रको नियमनकारी निकाय तथा चलचित्रको विकास तथा प्रवर्धनको लागि स्वायत्त र अधिकार सम्पन्न मूल संस्थाका रूपमा परिकल्पना गरिएको हुनाले यसलाई बार्षिक रूपमा नेपाल सरकारबाट बजेट विनियोजन हुने नीति लिइनेछ ।

२०.१.५ विदेशी चलचित्र प्रदर्शनबाट उठेको चलचित्र विकास शुल्कवापतको रकम र स्वदेशी चलचित्रका निर्मातालाई फिर्ता गरी बाँकी रहेको चलचित्र विकास शुल्कवापतको रकम 'चलचित्र लगानी कोष' मा जम्मा गरिने छ ।

२०.१.६ स्वदेशी चलचित्रको विकास विस्तार र प्रवर्धनका साथै गुणस्तरीय चलचित्र उत्पादनका लागि चलचित्र लगानी कोष स्पष्ट र वस्तुगत आधारमा सञ्चालन गर्ने पद्दतिको विकास गरिने छ ।

२०.१.७ चलचित्र क्षेत्रको नियमनकारी निकायका रूपमा चलचित्र विकास बोर्डलाई स्थापित गरी चलचित्र क्षेत्रका नियमनकारी कार्य चलचित्र विकास बोर्डबाटै गर्ने व्यवस्था गरिने छ ।

२०.१.८ चलचित्र विकास बोर्डका कार्यकारी अध्यक्ष नेपाल सरकारबाट चार वर्षको पदावधि रहने गरी चलचित्रकर्मीमध्येबाट नियुक्त गरिने छ ।

२०.१.९ बोर्डको सदस्य-सचिवमा नेपाल सरकारको प्रथम श्रेणीको अधिकृतसरहको सेवा, सर्त र सुविधा रहने गरी प्रशासनिक दक्षता भएको व्यक्तिलाई नेपाल सरकारबाट चार वर्षको पदावधिका लागि नियुक्त गरिने छ ।

२०.१.१० चलचित्र विकास बोर्डमा आदिवासी/जनजाति, मातृभाषी चलचित्रकर्मीको प्रतिनिधित्व गराउने व्यवस्था गरिने छ ।

२०.१.११ चलचित्र विकास बोर्डको आन्तरिक संरचना सुधार गर्ने प्रक्रियालाई अघि बढाइने छ ।

२०.१.१२ क्षेत्रीय स्तरमा चलचित्र विकास बोर्डका शाखाहरू निर्माण तथा सञ्चालन गरिने छ ।

**प्रक्रिया**

२०.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

## २१. चलचित्र जाँच समिति

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावलि, २०५७ (संशोधनसहित) को नियम १६ अनुसार स्वदेशी तथा विदेशी चलचित्र जाँच गर्नका लागि केन्द्रीय स्तरमा मन्त्रालयले तोकेको सो मन्त्रालयको प्रथम श्रेणीका अधिकृतको अध्यक्षतामा गृह मन्त्रालय, संस्कृति मन्त्रालयका प्रतिनिधि सदस्य, चलचित्रसम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट कम्तीमा एकजना महिलासहित मन्त्रालयले तोकेको तीन जना सदस्यहरू, बोर्डको सदस्य वा अधिकृत कर्मचारी मध्येबाट बोर्डको सिफारिसमा मन्त्रालयले तोकेको एक जना सदस्य र मन्त्रालयले तोकेको सो मन्त्रालयको उपसचिव, सदस्य-सचिव रहने गरी केन्द्रीय चलचित्र जाँच समितिको प्रावधान रहेको छ । त्यसरी नै काठमाडौँ उपत्यकाबाहिर चलचित्र घर निर्माण भएका प्रत्येक जिल्लामा चलचित्र जाँच गर्नका लागि प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यलयको अधिकृतको अध्यक्षतामा सञ्चार केन्द्र भएको जिल्लामा सो केन्द्रको प्रमुख र सञ्चार केन्द्र नभएको जिल्लामा जिल्ला हुलाक कार्यालयको प्रमुख सदस्य र चलचित्र क्षेत्रसँग सम्बन्धित अनुभवप्राप्त व्यक्तिहरूमध्ये मन्त्रालयलले तोकेको एक जना महिलासहित दुई जना सदस्य रहने गरीको स्थानीय चलचित्र जाँच समितिको प्रावधान रहेको छ । चलचित्र जाँच समितिले चलचित्र जाँच गर्दा सम्बन्धित भाषाविज्ञको सहयोग लिन सक्ने प्रावधानसमेत नियमावलीमा छ ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८ अनुसार इजाजतप्राप्त कुनै व्यक्तिले कुनै चलचित्र प्रदर्शन गर्नुअगावै चलचित्रको जाँच गराउनु पर्ने प्रावधान रहेको छ । चलचित्र जाँच समितिले चलचित्र जाँच गरी देहायबमोजिम अनुमति दिन वा नदिन सक्ने प्रावधान ऐनमा उल्लेख रहेको छ :

(क) कुनै सर्त नतोकी सो चलचित्र सार्वजनिक प्रदर्शन गर्न अनुमति दिने, वा

(ख) सो चलचित्रमा कुनै काटछाँट वा हेरफेर गरेर वा अन्य कुनै सर्त बन्देजको पालना गरेर मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने, वा

(ग) सो चलचित्र १६ वर्ष नाघिसकेका वयस्कलाई मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने सर्त तोकी अनुमति दिने, वा

(घ) सो चलचित्र सार्वजनिक रूपमा प्रदर्शन गर्न अनुमति नदिने ।

यसरी नै कुनै चलचित्र वा त्यसको कुनै भाग नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसगँको वा विभिन्न वर्ग वा जातिका बीचको सुसम्बन्धमा विरोध पर्ने वा सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने वा कुनै व्यक्तिविशेषको मान हानि वा अदालतको अवहेलना हुने वा कुनै अपराध गर्न दुरुत्साहन दिने किसिमको देखिएमा त्यस्तो चलचित्रलाई प्रदर्शन गर्न चलचित्र जाँच समितिले अनुमति दिने छैन भन्ने व्यवस्था ऐनमा छ ।

चलचित्र जाँच समितिको गठन सूचना तथा सञ्चार मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट हुन्छ । यसलाई चलचित्र विज्ञहरूको उपस्थिति रहने समितिका रूपमा विकास गर्न आवश्यक छ । चलचित्र सिर्जनात्मक सांस्कृतिक उत्पादन भएकाले यसका आफ्नै मौलिकता र विशिष्टताहरू हुन्छन् । यसले समाजलाई सकारात्मक वा नकारात्मक रूपमा प्रभावित गर्न प्रेरक भूमिका खेल्छ । यसको विधागत विशिष्टताको राम्रो ज्ञान भएको व्यक्तिबाट जाँच गर्दा नै यसमाथि उचित न्याय हुन सक्छ । यस अर्थमा चलचित्र क्षेत्रको विज्ञलाई मात्रै केन्द्रीय चलचित्र जाँच समितिको अध्यक्ष नियुक्त गर्नु उचित हुन्छ ।

हाल चलचित्र घर भएका प्रत्येक जिल्लामा चलचित्र जाँच समितिको व्यवस्था छ । उक्त समितिले जाँच गरेका चलचित्रहरू अर्को जिल्लामा प्रदर्शन गर्न सकिने प्रावधान छैन । त्यसैले स्थानीय जाँच समितिप्रति स्थानीय चलचित्र निर्माताहरू उत्साहित छैनन् । त्यसैले विद्यमान चलचित्र जाँचको व्यवस्थामा पुनरावलोकन गरी त्यसलाई क्षेत्रीय स्तरको चलचित्र जाँच समिति बनाउनु आवश्यक छ । चलचित्र जाँच गर्ने कार्यलाई विकेन्दित गर्दा स्थानीय कथा, प्रतिभा र पहिचानको प्रस्फुटन हुने वातावरण बन्छ । स्थानीय रूपमा बन्दै र स्थापित हुँदै आएका मातृभाषी चलचित्र, लघु चलचित्र, वृत्तचित्र, गैरआख्यान चलचित्र, कलात्मक चलचित्रलगायतका मौलिक चलचित्रहरूको संरक्षण, प्रवर्धन र प्रोत्साहनका लागि समेत यस कार्यले सहयोग गर्नेछ ।

**नीति**

२१.१.१ चलचित्र जाँच समितिलाई चलचित्र क्षेत्रको विज्ञको नेतृत्वमा एक प्रभावकारी तथा स्वतन्त्र समितिका रूपमा विकास गरिने छ । गृह, संस्कृति, सूचना तथा सञ्चार मन्त्रालयको प्रतिनिधित्व रहने गरी यसको गठन विधि तय गरिने छ ।

२१.१.२ चलचित्र जाँच समितिबाट चलचित्रको जाँच गर्दा वस्तुगत र स्पष्ट आधारमा जाँच गर्ने विधिको विकास गरिने छ ।

२१.१.३ चलचित्रको जाँच गर्ने स्वतन्त्र संयन्त्र चलचित्र जाँच समितिलाई प्रशासकीय तथा व्यवस्थापकीय सेवा चलचित्र विकास बोर्डले उपलब्ध गराउने व्यवस्था गरिने छ ।

२१.१.४ केन्द्रीय चलचित्र जाँच समिति, क्षेत्रीय चलचित्र जाँच समिति र स्थानीय चलचित्र जाँच समितिको व्यवस्था गरिने छ ।

२१.१.५ चलचित्र जाँचका लागि चलचित्र जाँच समितिका पदाधिकारीहरूका लागि चलचित्र जाँच गरेवापतको भत्ता चलचित्र लगानी कोषबाट उपलब्ध गराइने छ ।

**प्रक्रिया**

२१.२.१ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा उल्लिखित विषयवस्तुहरू सम्बोधन हुने गरी समसामयिक संशोधन गर्ने वा उल्लिखित विषयवस्तुसमेत सम्बोधन हुने गरी नयाँ चलचित्र ऐन तथा नियमावली जारी गर्ने ।

२१.२.२ चलचित्र जाँच गर्ने विधिको विद्यमान व्यवस्थामा पूनरावलोकन गरी चलचित्र जाँच वस्तुगत र स्पष्ट आधारमा गर्ने विधिका लागि विषय विज्ञ, सरोकारवाला निकाय तथा सरोकारवाला सङ्घ-संस्थाको संलग्नतामा मापदण्ड तयार गर्ने ।

## २२. नीति कार्यान्वयनका लागि संस्थागत विकास

२२.१ राष्ट्रिय चलचित्र नीतिको सफल कार्यान्वयनका लागि संस्कृति मन्त्रालय र चलचित्र विकास बोर्डमा पर्याप्त मात्रामा दक्ष जनशक्ति र आवश्यक अन्य स्रोतको व्यवस्था गरिने छ ।

२२.२ चलचित्र विकास बोर्डको नियमनकारी कार्य, चलचित्र क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धनात्मक कार्यलगायतका अन्य आवश्यक जानकारीसहितको वार्षिक विवरणहरू प्रकाशित गर्नेछ । संस्कृति मन्त्रालय र चलचित्र विकास बोर्डले विभिन्न अध्ययन प्रतिवेदन तथा उपयोगी सूचनासमेत नियमित रूपमा प्रकाशित गर्नेछन् ।

२२.३ चलचित्र विकास बोर्ड र चलचित्र जाँच समितिले सेवाग्राहीका लागि निर्देशिका प्रकाशित गर्नेछन् ।

२२.४ चलचित्र विकास बोर्ड सञ्चालक समिति तथा चलचित्र जाँच समितिमा उच्च स्तरीय व्यवासायिक दक्षता भएका व्यक्तिलाई मनोनयनका लागि निश्चित मापदण्ड तोकिने छ ।

## २३. नीति कार्यान्वयनका लागि कानुनी व्यवस्था

यस नीतिमा भएका प्रावधानहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन बनाइने छ । यस सिलसिलामा तत्काल आवश्यक पर्ने कानुनी व्यवस्था आर्थिक वर्ष २०७०।७१ को अन्त्यसम्ममा पूरा गरिने छ । चलचित्रसम्बन्धी कानुन पुनरावलोकन गर्ने कार्यलाई आवश्यकताअनुरूप निरन्तरता दिइने छ ।

## २४. नीति कार्यान्वयनका लागि अनुगमन र पुनरावलोकन

२४.१ यस नीतिको कार्यान्वयन पक्षलाई समन्वयात्मक रूपमा अनुगमन गर्न एक उच्चस्तरीय अनुगमन समितिको व्यवस्था गरिने छ ।

२४.२ नेपाल सरकारले परिवर्तित सन्दर्भमा सिर्जनशील सांस्कृतिक उद्योगका रूपमा चलचित्र उद्योगको समग्र पक्षको विकासलाई ध्यानमा राखी यससम्बन्धी नीतिलाई नियमित रूपले पुनरावलोकन गर्दै जानुपर्ने अनिवार्यता महसुस गरी राष्ट्रिय चलचित्र नीति, २०७० कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय चलचित्र नीतिको पुनरावलोकन कार्यलाई समयबद्ध रूपमा निरन्तरता प्रदान गरिने छ ।

## सन्दर्भ सामग्री सूची

### (क) पाठ्य सामग्री

### संविधान, नीति र अन्तराष्ट्रिय सन्धि सम्झौताहरू

| | विवरण | स्रोत |
|---|---|---|
| १. | नेपालको अन्तरिम संविधान, २०६३ | www.lawcommission.gov.np |
| २. | सञ्चार नीति – २०४९ | www.lawcommission.gov.np |
| ३. | दूर सञ्चार नीति – २०६० | www.lawcommission.gov.np |
| ४. | औद्योगिक नीति, २०६७ | www.lawcommission.gov.np |
| ५. | वाणिज्य नीति, २०६५ | www.lawcommission.gov.np |
| ६. | पर्यटन नीति, २०६५ | www.lawcommission.gov.np |
| ७. | विदेशी लगानी र एकद्वार नीति, २०४९ | www.lawcommission.gov.np |
| ८. | सूचना तथा प्रविधि नीति, २०६७ | www.lawcommission.gov.np |
| ९. | Nepal Trade Integration Strategy 2010 | www.mocs.gov.np |
| १०. | WTO: General Agreement On Trade In Services | www.wto.org |
| ११. | Indo-Nepal Treaty Of Trade (Revised Oct-2009) | www.commerce.nic.in/trade/nepal.pdf |
| १२. | Agreement On South Asian Free Trade Area (SAFTA) | www.commerce.nic.in/trade/safta.pdf |

### ऐनहरू

| | विवरण | स्रोत |
|---|---|---|
| १३. | चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ | www.lawcommission.gov.np |
| १४. | औद्योगिक व्यवसाय ऐन, २०४९ | www.lawcommission.gov.np |
| १५. | श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ | www.lawcommission.gov.np |
| १६. | प्रतिलिपि अधिकार ऐन, २०५९ | www.lawcommission.gov.np |
| १७. | आर्थिक अध्यादेश, २०७० | www.mof.gov.np |
| १८. | निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ | www.lawcommission.gov.np |
| १९. | प्रतिलिपि अधिकार ऐन, २०५१ | www.lawcommission.gov.np |
| २०. | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ | www.lawcommission.gov.np |
| २१ | विद्युतिय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ | www.lawcommission.gov.np |

### नियमावलीहरू

| | विवरण | स्रोत |
|---|---|---|
| २२. | चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली २०५७ | www.lawcommission.gov.np |
| २३. | प्रतिलिपि अधिकार नियमावली, २०६१ | www.lawcommission.gov.np |

## पुस्तकहरू

| | विवरण | स्रोत | प्रकाशक |
|---|---|---|---|
| २४. | Some aspects of cultural policy in Nepal (Shaplalya Amatya) Unesco | pustakalaya.org | |
| २५. | Communication from the commission to the European Parliament, the Council, the European Economic and Social committee ad the committee of the Regions. Promoting culture and crative sectors for growth and jobs in the EU. | www.ec.europa.eu | |
| २६. | Audio visual services in Korea : Market Development and Policies | | Korean Film Council |
| २७. | Korean Cinema 2012 | www.modernkoreancinema.com | Korean Film Council |
| २८. | Attracting Film Production May, 2012 | www.film.ca.gov | California Film Commission |
| २९. | A future for British Film it begins with the audience ( A UK film policy review) | www.culture.gov.uk | Film policy review panel, Department for culture, media and sport. |
| ३०. | Roadmap for single window for single window clearance for film production in India: A Prelude, 2013 | www.ey.com | Ernst and Young Pvt. Ltd.,<br>Published in India |
| ३१. | Brochure: Domestic Film Production Incentive Program | www.kcfilm.com | Independent Film and Television Alliance, US |
| ३२. | अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं.१६९ र आदिवासी अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्र | www.nfdin.gov.np | नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान |
| ३३. | तीन वर्षीय अन्तरिम योजना (२०६४/६५ - २०६६/६७) | www.npc.gov.np | राष्ट्रिय योजना आयोग |
| ३४. | त्रिर्षिय अन्तरिम योजन(०६७/०६८ - ०६९/०७०) | www.npc.gov.np | राष्ट्रिय योजना आयोग |
| ३५. | चलचित्र मञ्च, २०६५ | चलचित्र विकास बोर्ड | चलचित्र विकास बोर्ड |

## अध्ययन प्रतिवेदनहरू

| | विवरण | स्रोत |
|---|---|---|
| ३६. | उच्च स्तरीय मिडिया सुझाव आयोग प्रतिवेदन – २०६३ | www.moic.gov.np |
| ३७. | चलचित्र सूचना केन्द्र (Film Information Centre) अवधारणापत्र | चलचित्र विकास बोर्ड |
| ३८. | चलचित्रजन्य वस्तुको पाईरेसी नित्रण अध्ययन कार्यदलको प्रतिवेदन | चलचित्र विकास बोर्ड |
| ३९. | चलचित्रकर्मीको छायाङ्कन अवधिको दुर्घटना बीमा कार्यविधी - २०६७ | चलचित्र विकास बोर्ड |
| ४०. | चलचित्रकर्मीको कल्याणकोष सञ्चालन कार्यविधि - २०६६ | चलचित्र विकास बोर्ड |
| ४१. | चलचित्र तथा चलचित्र घरको वर्गीकरण मापदण्ड - २०६९ | चलचित्र विकास बोर्ड |
| ४२. | अन्तर्राष्ट्रिय चलचित्र बजारका लागि चलचित्र अवैतनिक प्रतिनिधि (Nepalese Film Promotion Honarary Reprsentative) को | चलचित्र विकास बोर्ड |

| | विवरण | स्रोत |
|---|---|---|
| | व्यवस्था सम्बन्धी कार्यविधि | |
| ४३. | चलचित्र पुरस्कार अवधारणापत्र | चलचित्र विकास बोर्ड |
| ४४. | चलचित्र उद्योगको विकासका लागि औद्योगिक सुविधा प्रदान गर्ने सम्बन्धी प्रतिवेदन – २०५८ | चलचित्र विकास बोर्ड |
| ४५. | प्रदर्शन तथा वितरण उपसमितिको प्रतिवेदन – २०५८ | चलचित्र विकास बोर्ड |
| ४६. | चलचित्र जाँच उपसमितिको प्रतिवेदन – २०५८ | चलचित्र विकास बोर्ड |
| ४७. | वित्तीय नीति उपसमितिको प्रतिवेदन - २०५८ | चलचित्र विकास बोर्ड |
| ४८. | नेपालमा चलचित्र उद्योगको समस्या र समाधान, राष्ट्रिय गोष्ठीको प्रतिवेदन - २०५८ | चलचित्र विकास बोर्ड |
| ४९. | चलचित्र नगरी (Film City) - बोर्डको एक दीर्घकालीन योजना | चलचित्र विकास बोर्ड |
| ५०. | चलचित्रकर्मी महिला शसक्तिकरण कार्यविधि – २०६७ | चलचित्र विकास बोर्ड |
| ५१. | नेपालमा चलचित्र क्षेत्रमा संयुक्त निर्माणका (Co-production) संभावनाहरू सम्बन्धी अध्ययन प्रतिवेदन (चलचित्र विकास बोर्ड) | चलचित्र विकास बोर्ड |
| ५२. | आदिवासी जनजाति, मातृभाषी तथा वैकल्पिक/समानान्तर चलचित्रहरूको विकास, विस्तार र प्रवर्द्धनका लागि कार्ययोजना सहितको प्रतिवेदन पेश गर्न गठित अध्ययन कार्यदलको प्रतिवेदन | चलचित्र विकास बोर्ड |
| ५३. | आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समितिले पेश गरेको अध्ययन प्रतिवेदन | चलचित्र विकास बोर्ड |
| ५४. | चलचित्रसँग सम्बन्धित निर्माता, निर्देशक, प्राविधिक, कलाकार, वितरक र प्रदर्शकहरूको आचार संहिता, २०६१ | चलचित्र विकास बोर्ड |
| ५५. | बक्स अफिस (Cinema Managemaent System) (CMS) अध्ययन प्रतिवेदन | चलचित्र विकास बोर्ड |

## मस्यौदा प्रतिवेदनहरू

| | विवरण | स्रोत |
|---|---|---|
| ५६. | चलचित्र विधेयक, २०६४ (मस्यौदा) | चलचित्र विकास बोर्ड |
| ५७. | चलचित्र विधेयक, २०६५ (मस्यौदा) | चलचित्र विकास बोर्ड |
| ५८. | चलचित्र विधेयक, २०६८ (मस्यौदा) | चलचित्र विकास बोर्ड |
| ५९. | सञ्चार माध्यम सम्बन्धी नीति मस्यौदा – २०७० | सूचना तथा सञ्चार मन्त्रालय |
| ६०. | चलचित्र जाँच आचार संहिता, २०६९ (मस्यौदा) | सूचना तथा सञ्चार मन्त्रालय |
| ६१. | नेपालको चलचित्र सम्बन्धी नीतिको मस्यौदा प्रतिवेदन, २०६९ | चलचित्र विकास बोर्ड |

**सम्झौतापत्र:**

| | विवरण | स्रोत |
|---|---|---|
| ६२. | माननीय मन्त्रीज्यूसँग आन्दोलनरत चलचित्रकर्मीहरूले गरेको सम्झौता, २०६९ | चलचित्र विकास बोर्ड |

## तथ्याङ्कहरू

| | विवरण | स्रोत |
|---|---|---|
| ६३. | विदेशी चलचित्र छायाङ्कन अनुमति पत्र प्रदान सम्बन्धी विगत तीन. आ.व. ०६७/०६९-०६९/७० को तथ्याङ्क | श्रव्यदृष्य तथा प्रशारण शाखा, सूचना तथा सञ्चार मन्त्रालय |
| ६४. | चलचित्र निर्माण, प्रदर्शन, वितरण, चलचित्र जाँचपासका लागि सिफारिस सम्बन्धी विगत तीन आ.व. ०६७/०६९-०६९/७० को तथ्याङ्क | चलचित्र विकास बोर्ड |

## (ख) संस्थागत सुझावहरू

| | सुझाव माग गरी पत्राचार गरिएका सङ्घ-संस्था | सुझावको प्राप्ति/अप्राप्ति |
|---|---|---|
| १. | श्री नेपाल विज्ञापन एजेन्सी संघ | प्राप्त |
| २. | श्री सङ्गी रोयल्टी सङ्कलन समाज नेपाल | प्राप्त |
| ३. | श्री श्रव्य, दृश्य उद्यमी संघ | अप्राप्त |
| ४. | श्री नेपाल चलचित्र निर्माता संघ | प्राप्त |
| ५. | श्री नेपाल चलचित्र संघ | अप्राप्त |
| ६. | श्री नेपाल चलचित्र कलाकार संघ | प्राप्त |
| ७. | श्री नेपाल चलचित्र निर्देशक समाज | प्राप्त |
| ८. | श्री नेपाल चलचित्र द्वन्द्व कलाकार संघ | अप्राप्त |
| ९. | श्री नेपाल चलचित्र नृत्यकार संघ | अप्राप्त |
| १०. | श्री नेपाल चलचित्र नृत्य निर्देशक सङ्घ | प्राप्त |
| ११. | श्री आदिवासी जनजाति चलचित्र महासंघ | प्राप्त |
| १२. | श्री नेपाल इन्डिपेन्डेन्ट फिल्म मेकर्स सोसाइटी | प्राप्त |
| १३. | श्री नेपाल चलचित्र पत्रकार संघ | प्राप्त |
| १४. | श्री नेपाल चलचित्र लेखक संघ | अप्राप्त |
| १५. | श्री नेपाल चलचित्र उपकरण व्यवसायी सङ्घ | प्राप्त |
| १६. | श्री चलचित्र समीक्षक समाज | अप्राप्त |
| १७. | श्री नेपाल चलचित्र प्राविधिक संघ | अप्राप्त |

| | सुझाव माग गरी पत्राचार गरिएका सङ्घ-संस्था | सुझावको प्राप्ति/अप्राप्ति |
|---|---|---|
| १८. | श्री नेपाल आदिवासी जनजाती चलचित्रकर्मी संघ | अप्राप्त |
| १९. | श्री नेपाल साँस्कृतिक सङ्घ | प्राप्त |
| २०. | श्री एकिकृत अखिल नेपाल जन साँस्कृतिक महासंघ | अप्राप्त |
| २१. | श्री अखिल नेपाल जन साँस्कृतिक महासंघ | अप्राप्त |
| २२. | श्री राष्ट्रिय जन साँस्कृतिक महासङ्घ | प्राप्त |
| २३. | श्री अखिल नेपाल चलचित्रकर्मी संघ | अप्राप्त |
| २४. | श्री नेपाल जनपक्षीय चलचित्रकर्मी संघ | प्राप्त |
| २५. | श्री लोकतान्त्रिक चलचित्रकर्मी संघ | अप्राप्त |
| २६. | श्री अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी संघ | अप्राप्त |
| २७. | श्री लिम्बूवान चलचित्रकर्मी संघ | अप्राप्त |
| २८. | श्री नेपाल टेलि चलचित्रकर्मी संघ | अप्राप्त |
| २९. | श्री ग्राफ्टाई नेपाल | प्राप्त |
| ३०. | श्री इण्डिजिनियस फिल्म आर्काइभ | अप्राप्त |
| ३१. | श्री गीतकार लेखक सङ्घ | अप्राप्त |
| ३२. | श्री सङ्गीत निर्देशक सङ्घ | अप्राप्त |
| ३३. | नेपाली अन्तराष्ट्रिय कलाकार समाज | प्राप्त |

(ग). **राष्ट्रिय चलचित्र नीति, २०७० मस्यौदाका चरणमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने व्यक्तित्वहरू**

१. डा. विश्वम्भर प्यारेकुल - अर्थशास्त्री
२. श्री नीर शाह - पूर्व अध्यक्ष, चलचित्र विकास बोर्ड
३. श्री शम्भुजीत बास्कोटा - पूर्व अध्यक्ष, चलचित्र विकास बोर्ड
४. श्री इश्वरचन्द्र ज्ञवाली - पूर्व अध्यक्ष, चलचित्र विकास बोर्ड
५. श्री अमरराज गिरी- संस्कृतिकर्मी
६. श्री विकास चुडाल- अर्थशास्त्री
७. श्री करुण थापा- चलचित्र विज्ञ
८. श्री सुवास निरौला, कार्यकारी निर्देशक, नेपाल पर्यटन बोर्ड
९. श्री विसु के.सी., रजिष्ट्रार, प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय
१०. श्री लक्ष्मिनाथ शर्मा- चलचित्र निर्देशक
११. श्री अशोक शर्मा - चलचित्र निर्माता, वितरक तथा कलाकार
१२. श्री नकिम उद्दीन -चलचित्र प्रदर्शक तथा वितरक
१३. श्री तीर्थ थापा - संस्कृतिकर्मी
१४. श्री मनोज के.सी. - अध्यक्ष, नेपाल चलचित्र प्राविधिक सङ्घ
१५. श्री अनन्त तिमल्सिना - महासचिव, नेपाल चलचित्र प्राविधिक सङ्घ
१६. श्री सुयोगमान तुलाधर - Incessant Studio, Ktm, Nepal
१७. श्री माधव ढुङ्गेल - भाषा सम्पादन
१८. श्री अनुपम निरौला - सचिवालय व्यवस्थापन
१९. श्री चिरञ्जीवी गुरागाईं - सन्दर्भ सामग्री सङ्कलन